
महाभारत गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देविटार, काभ्रेपलाञ्चोक
बागमती प्रदेश

# स्थानीय शिक्षा योजना
२०८१।८२-२०९१।९२

शिक्षा, युवा तथा खेलकुद शाखा
२०८२

महाभारत गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देविटार काभ्रेपलाञ्चोक
बागमति प्रदेश

# स्थानीय शिक्षा योजना
## २०८१।८२-२०९१।९२



Copyright@MoFALD

**स्थानीय शिक्षा योजना निर्माण समिति**

रमेश कुमार लुङ्गेली - संयोजक
राम बहादुर तामाङ- सदस्य
पदम प्रसाद तिमल्सिना - सदस्य
गणेश प्रसाद तिमल्सिना - सदस्य
धन बहादुर आले - सदस्य
नर बहादुर मौनी - सदस्य
मेनुका तामाङ - सदस्य
जन्मराज शर्मा - सदस्य

**स्थानीय शिक्षा योजना निर्माण सल्लाहकार समिति**

कान्छालाल जिम्बा (गाउँपालिका अध्यक्ष)
सागर मोक्तान (गाउँपालिका उपाध्यक्ष)

**स्थानीय शिक्षा योजना निर्माण कार्यदल**

राम बहादुर तामाङ - संयोजक
पदम प्रसाद तिमल्सिना - सदस्य
गणेश प्रसाद तिमल्सिना - सदस्य
धन बहादुर आले - सदस्य
कल्पना थापा (ठाडा) - सदस्य
नर कुमार स्याङ्तान - सदस्य
राम बहादुर वाईवा - सदस्य
तिलक प्रसाद डुम्रे - सदस्य
जन्मराज शर्मा - सदस्य सचिव

## कार्यकारी सारांश

उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गर्दै तोकिएको समय सीमाभित्र अपेक्षित उपलब्धि हासिल गर्ने उद्देश्यले योजना निर्माण गरिन्छ। बिना योजनाको काम गन्तव्यविहीन यात्रा समान हुन्छ। कहाँ जाने ? किन जाने ? कसरी जाने ? भन्ने कुनै टुङगो हुँदैन। यसले स्रोत, साधन र समय खेर जान्छ। तसर्थ कुनै पनि काम गर्दा योजना बनाएर अघि बढ्न सके मात्र हामीले अपेक्षित उपलब्धि हासिल गर्न सक्दछौं ।

नेपालको सन्दर्भमा योजनाबद्ध विकासको थालनी २०१३ सालबाट भएको पाइन्छ । हालैका दिनहरूमा योजनालाई माथिबाट थोपरिने विषयभन्दा पनि जसका लागि चाहिने हो, त्यहींका सरोकारवालाहरूको सहभागितामा उनीहरूको आवश्यकता पहिचान गरी स्थानीयस्तरको योजना बनाई क्रमशः ती स्थानीयस्तरमा तयार गरिएका योजनाहरुलाई समेत समेटेर माचिल्ला स्तरका योजना बनाउने पद्धतिलाई स्थापित गर्ने प्रयास नेपाल सरकारले गरेको पाइन्छ, जसलाई Buttom-up Planning भन्ने गरिएको छ ।

नेपालको शैक्षिक विकासको सन्दर्भमा विगत दशकौंदेखि Buttom-up Planning को अवधारणा कार्यान्वयनमा ल्याइएको छ । इस अवधारणा अनुसार प्रत्येक सामुदायिक विद्यालयले विद्यालय व्यवस्थापन समितिको अगुवाईमा विद्यालयका सबै सरोकारवालाहरूको सहभागिता गराई विद्यालय स्तरमा विद्यालयको समग्र विकासको योजना निर्माण गारिन्छ, जसलाई विद्यालय सुधार योजना (SIP) भनिन्छ। यो योजना निर्माण गर्दा विद्यालयलाई दीर्घकालमा कस्तो बनाउने भन्ने दूरदृष्टि निर्धारण गरिन्छ। यसैलाई मध्यनजर गरी एक निश्चित अवधिभित्र विद्यालयलाई कहाँ पुर्याउने अथवा कस्तो बनाउने भन्ने लक्ष्य र उद्देश्य निर्धारण गर्दै विद्यालय सुधार योजना निर्माण गरिन्छ। यस योजनाले खासगरी सम्बन्धित विद्यालयको सेवाक्षेत्रभित्रका विद्यालय उमेर समूहका बालबालिकाहरूको विद्यालयसम्मको पहुँच सुनिश्चित गर्ने, गुणस्तरीय शिक्षा प्रदान गर्ने र संस्थागत क्षमता

अभिवृद्धि गर्ने क्रियाकलापहरू समेटेको हुन्छ र हुनुपर्दछ । यसैका आधारमा गाउँपालिका/गाविसस्तरमा सोही स्तरका सरोकारालाहरूको सहभागितामा गाउँ/गाउँ शिक्षा समितिले गाउँ/गाउँ शिक्षा योजना निर्माण गर्ने र जिल्लाभित्रका सबै गाउँ/गाउँपालिकाको शिक्षा योजनालाई आधार मानी जिल्लास्तरमा जिल्ला शिक्षा योजना निर्माण गरिन्छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले गाउँ विकास समिति र गाउँपालिकाले आ-आपनो क्षेत्रको शैक्षिक विकासको लागि योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था गरेको थियो। वर्तमान संविधानप्रदत्त शैक्षिक अधिकार सुनिश्चित गर्न एकल अधिकारको विषयमा स्थानीय तहले योजनाबद्ध विकासको थालनी गर्नुपर्ने देखिन्छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) मा उल्लेखित आधारभूत र माध्यमिक शिक्षासम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमनको व्यवस्था भएअनुरूप सुरुङ्गा गाउँपालिकाले गाउँ शिक्षा योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्ने आवश्यकता महशुस गरेको हो।

आर्थिक वर्ष २०६६/६७ देखि नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्नका साथै गुणस्तर सुधारका निमित्त सात वर्षे विद्यालय क्षेत्र सुधार योजना कार्यान्वयनमा ल्याएको थियो। यस योजनाबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न, विद्यालय शिक्षाका विविध सकारात्मक प्रयासहरुलाई निरन्तरता दिन र शिक्षाका नवीन कार्यक्रमहरूको प्रस्तावसहित आर्थिक वर्ष २०७३/७४ देखि सात वर्षे विद्यालय क्षेत्र विकास योजना तर्जुमा गरी कार्यान्वयन भइरहेको छ। विद्यालय शिक्षालाई निर्दिष्ट दिशा प्रदान गर्न १० वर्षे योजनाको रूपमा शिक्षा क्षेत्रको योजना, २०२१-२०३० तर्जुमा र कार्यान्वयनको चरणमा रहेको छ। वि.सं. २०७९ (सन् २०२२) सम्ममा नेपाललाई विकासशील राष्ट्रका रूपमा स्तरोन्नति गर्ने, वि.सं. २०८७ (सन् २०३०) सम्ममा मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरणको लक्ष्य हासिल गर्ने र दिगो विकासका लक्ष्य प्राप्त गर्न महत्वपूर्ण साधनका रूपमा पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) कार्यान्वयनमा आएको छ। यसै पृष्ठभूमिमा

सुरुङ्गा गाउँपालिकाले पनि गुणस्तरीय विद्यालय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्न, व्यवस्थापकीय एवम् नियमनकारी निकायहरु र शैक्षिक संस्थाहरुको संस्थागत क्षमता विकास गरी संस्थागत सुशासन कायम गर्नको लागि आ.व.

२०८१/०८२ देखि २०९१/९२ सम्म कार्यान्वयन हुने गरी १० वर्षे गाउँ शिक्षा योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने प्रयास गरिएको हो।

यस योजनाले विद्यालयहरूको भौतिक एवम् शैक्षिक पूर्वाधार विकासमा सहयोग पुर्याउनुका साथ विगतमा पूरा गर्न नसकिएका विषय र विद्यमान चुनौतीहरूको अन्तर घटाउन सहयोग गर्ने अवसरका रूपमा लिंदै परिवर्तित परिस्थिति अनुसार कार्यान्वयनमा लचकता अपनाउन सकिने गरी नयाँ योजना, कार्यक्रम र भावी कार्यदिशा तय गरेको छ। विविध चुनौती एवम् मुद्दाहरूका अतिरिक्त यस योजनामा समाविष्ट कार्यक्रमहरूले विद्यालय शिक्षाको विकासका लागि अङ्गीकार गर्नुपर्ने रणनीतिहरु र भावी कार्यदिशालाई प्रतिबिम्बित गरेको छ। यसको प्रभावकारी कार्यान्वयन मार्फत निर्धारित उद्देश्य तथा नतीजाहरू प्राप्तिका लागि यथेष्ट लगानी गर्नुपर्ने आवश्यकता पर्ने महशुस गरिएको छ। योजनाको सफल कार्यान्वयनको सुनिश्चितताका लागि गाउँ सभा, कार्यपालिका, अन्तर्गतका कर्मचारी, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति, सामुदायिक संघ/संस्थाहरुको बलियो प्रतिबद्धताका साथ स्थानीय/राष्ट्रिय/अन्तर्राष्ट्रीय गैरसरकारी संस्थाहरुबाट निरन्तर सहयोग प्राप्त हुने विश्वास लिइएको छ। आगामी हाम्रा कार्यक्रमहरू यस योजना अनुरूप परिलक्षित हुनेछन् र यसको प्रभावकारी कार्यान्वयन गर्न सम्बन्धित सबै सरोकारवाला व्यक्ति एवम् निकायहरूसँग सहयोगको अपेक्षा राखिएको छ। योजनाले समेट्न नसकेका विषय एवम् कमजोरीहरु औंल्याइदिन र आगामी दिनमा यसलाई अझ व्यावहारिक अर्थात् वस्तुपरक ढङ्गबाट कार्यान्वयनयोग्य बनाउन यहाँहरूको अमूल्य सुझाव र सकारात्मक रायसल्लाहको अपेक्षा समेत गरिन्छ।

शिक्षा, युवा तथा खेलकुद शाखा<br>
महाभारत गाउँपालिका, काभ्रे ।

# विषयसुची


परिच्छेद एक ........ १
परिचय ........ १
१.१ पृष्ठभूमि ........ १
१.१.१ महाभारत गाउँपालिकाको भौगोलिक र जनसांख्यिकिय स्वरुप ........ ४
१.२ शैक्षिक अवस्था ........ ५
१.३ विद्यालय शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतीहरु ........ ७
१.३.१ शिक्षा क्षेत्रका मुख्य समस्याहरु ........ ७
१.३.२ विद्यालय शिक्षाका चुनौतीहरु ........ ७
१.४ विद्यालय शिक्षाका अवसरहरू ........ ८
१.५ गाउँ शिक्षा योजना निर्माण प्रक्रिया ........ ९
परिच्छेद दुई ........ १३
दूरदृष्टी ,लक्ष्य, उद्देश्य तथा प्रमुख उपलब्धी सुचकहरु ........ १३
२.१ दुरदृष्टि ........ १३
२.२ लक्ष्य ........ १३
२.३ उद्देश्यहरु ........ १३
२.४ रणनीतिहरु ........ १३
२.४ कार्यनीतिहरु ........ १४
२.५ अपेक्षित उपलब्धीहरु ........ १६
परिच्छेद चार ........ १७
विद्यालय शिक्षाका मुख्य क्षेत्रहरु ........ १७
३.१ प्रारम्भिक बालविकास र शिक्षा ........ १७
३.१.१ वर्तमान अवस्था ........ १७
३.१.२ उद्देश्य ........ १८
३.१.३ रणनीतिहरू ........ १८
३.१.४ प्रमुख उपलब्धि तथा नतिजा ........ १८
३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ १९
३.२ आधारभूत शिक्षा ........ २०

३.२.१ वर्तमान अवस्था.......... २१
३.२.२ उद्देश्य.......... २२
३.२.३ रणनीतिहरू.......... २२
३.२.४ प्रमुख उपलब्धी तथा नतिजा.......... २३
३.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य.......... २४
३.३ माध्यमिक शिक्षा.......... २५
३.३.१ वर्तमान अवस्था.......... २६
३.३.२ उद्देश्य.......... २७
३.३.३ रणनीतिहरू.......... २७
३.३.४ प्रमुख उपलव्धि तिथा नतजिा.......... २७
३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य.......... २९
३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम.......... ३१
३.४.१ वर्तमान अवस्था चुनौति र अबसर.......... ३१
३.४.२ उद्देश्य.......... ३१
३.४.३ रणनीतिहरु.......... ३२
३.४.४ प्रमुख उपलब्धी तथा नतिजा.......... ३२
३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ.......... ३४
३.५.१ वर्तमान अवस्था.......... ३४
३.५.२ उदेश्य.......... ३५
३.५.३ रणनीतिहरु.......... ३५
३.५.४ प्रमुख उपलब्धि र नतिजा.......... ३५
३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य.......... ३६
परिच्छेद चार.......... ३८
अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु.......... ३८
४.१ पाठ्यक्रम तथा पाठ्यसामग्री र मूल्याङ्कन.......... ३८
४.१.१ वर्तमान अवस्था.......... ३८
४.१.२ उद्देश्य.......... ३९
४.१.३ रणनीतिहरू.......... ४०

४.१.४ प्रमुख उपलब्धी तथा नतिजा ........ ४०
४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ४१
४.२ शिक्षक व्यवस्थापन र विकास ........ ४४
४.२.१ परिचय ........ ४४
४.२.२ वर्तमान अवस्था ........ ४४
४.२.४ उद्देश्य, रणनीति र कार्यनीति ........ ४५
४.३ विद्यालय सुरक्षा विपद न्यूनिकरण तथा उत्थानशीलता ........ ४५
४.३.१ वर्तमान अवस्था ........ ४६
४.३.२ उद्देश्य ........ ४७
४.३.३ रणनीतिहरू ........ ४७
४.३.४ प्रमुख उपलब्धि र नतिजा उपलब्धि ........ ४८
४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ४९
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........ ५०
४.४.२ उद्देश्य ........ ५२
४.४.३ रणनीतिहरु ........ ५२
४.४.४ प्रमुख उपलब्धी तथा नतिजा ........ ५२
४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ५५
४.५ विद्यालय भौतिक पूर्वाधार विकास ........ ५७
४.५.१ वर्तमान अवस्था ........ ५७
४.५.२ उद्देश्य ........ ५८
४.५.३ रणनीतिहरु ........ ५८
४.५.४ प्रमुख उपलब्धि र नतिजा ........ ५९
४.६ शिक्षामा सूचना र प्रविधि ........ ६०
४.६.१ वर्तमान अवस्था ........ ६०
४.६.२ उद्देश्य ........ ६१
४.७.३ रणनीति ........ ६१
४.६.४ प्रमुख उपलब्धि र नतिजा ........ ६१
परिच्छेद : पाँच ........ ६४

लगानी र स्रोत व्यवस्थापन ........................................................................................................ ६४
५.१ परिचय........................................................................................................................ ६४
५.२ वर्तमान अवस्था.............................................................................................................. ६४
६.३ उद्देश्यहरु ...................................................................................................................... ७०
६.४ रणनीतिहरु..................................................................................................................... ७०
५.५ उपलब्धी र नतिजाहरु ......................................................................................................७१
५.५.१ उपलब्धी ................................................................................................................... ७१
५.५.२ नतिजाहरु .................................................................................................................. ७१
५.६ संघ सशर्त वितीय हस्तान्तरण तर्फ कार्यक्रम तथा वजेट प्रक्षेपण २०८२।८३ देखि २०८६।८७ सम्म ७१
६.७ प्रमुख कार्यक्रम एवम् क्रियाकलाप र बजेट प्रक्षेपण तथा स्रोत व्यवस्थापन - संक्षिप्त ............. ७६
५.७) ख (क्षेत्रगत प्रस्तावित क्रियाकलाप र वजेट प्रक्षेपण) २०८२-२०८६ — (विस्तृत................. ७९
अनुसूची ...........................................................................................................................८४

# परिच्छेद एक
# परिचय

## १.१ पृष्ठभूमि

राष्ट्रको विकास, समृद्धि र सुशासनको मूल आधार शिक्षा हो। शिक्षाले व्यक्तिको सर्वाङ्गीण विकास गरी उसलाई रोजगार तथा श्रम बजारमा उपलब्ध रोजगारीका अवसरमा पहुँच अभिवृद्धि गर्दछ। यसवाट मर्यादित एवम् सम्मानजनक जीवन जिउन सहयोग पुग्न जान्छ । मुलुकको आर्थिक एवं सामाजिक रूपान्तरणको मूल आधार शिक्षा भएकाले नेपालको संविधानले शिक्षालाई नेपाली नागरिकको मौलिक हकका रूपमा प्रत्याभूत गरी राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूमा शिक्षालाई नेपाली नागरिकका आधारभूत आवश्यकताका रूपमा स्थापित गरेको छ। सबै नेपाली नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउने राज्यको दायित्व रहेको कुरा संविधानले स्पष्ट पारेको छ। नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेकोछ। इसका अतिरिक्त अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, मातृभाषामा शिक्षा पाउने र विद्यालय खोल्न हक समेत संविधानले प्रत्याभूत गरेको छ ।
शिक्षा सामाजिक तथा आर्थिक रूपान्तरणको मुल आधार हो। शिक्षाको माध्यमबाट नै व्यक्तिले आफु, आफ्नो समुदाय र राष्ट्रको परिवर्तनको लागि सशक्त भूमिका खेल्नसक्छ । त्यसैले नै समाज रुपान्तरण तथा परिवर्तन, सामाजीकिकरण, सामाजिक न्याय, शान्ति स्थापनाको आधारका साथ आर्थिक वृद्धि तथा वातावरणीय संरक्षणको एक प्रभावशाली शक्ति, उत्प्रेरक, माध्यमका रुपमा शिक्षा रहदै आएको छ। शिक्षाले राष्ट्र निर्माण तथा विकासको लागि चाहिने मानव संसाधनको विकासमा अहम् भूमिका रहेको छ। गाँउपालिकाको शिक्षा विकास नै समग्र गाउँ विकासको एक प्रमुख आधार हो। नेपालको वर्तमान संविधानको आधारभूत तह सम्मको शिक्षालाई अनिवार्य र निःशुल्क गरेको छ भने माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क गर्ने हकको सुनिश्चत गरेको छ। त्यसैगरी, अपाङ्गता भएका तथा आर्थिक रूपले पिछाड़िएका बालबालिकाहरुको शिक्षामा कानुन बमोजिम निःशुल्क गर्ने कुराको समेत सुनिश्चत गरेको छ। संघीय स्वरुपको राज्य व्यवस्था भए अनुरूप तीनै तहका सरकारहरु स्थापना भई क्रियाशिल अवस्थामा छन् । सबै सरकारहरुका आ-आपना परिवेश भए अनुरुप र प्राप्त अधिकार बमोजिम शिक्षा क्षेत्रलाई फरक ढङ्गबाट सम्बोधन गर्नुपर्ने अवस्था सिर्जना भइसकेको छ। तीनै तहका सरकारहरुले समन्वयात्मक ढंगबाट शिक्षा क्षेत्रको विकासको लागि योजना बनाई परिवर्तित मर्म र गन्तव्यहरुलाई उक्त योजनामा प्रतिबिम्बित गर्दै राष्ट्रले लिएका लक्ष्यहरु पुरा गर्नुआजको आवश्यकता हो।
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ (२४, १) मा योजना तयारको सन्दर्भमा नीतिगत व्यवस्था भएको छ । गाउँपालिकाले आफ्नो क्षेत्राधिकारको विषयमा आवधिक, बार्षिक, क्षेत्रगत योजनाहरु बनाउनुपर्ने, यसरी योजना बनाउँदा संघ र प्रदेश सरकारको नीति, लक्ष्य तथा उद्देश्यसँग तादात्म्यता कायम गर्नुपर्ने, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, विपद् व्यवस्थापन, सुशासन आदि विषयलाई ध्यान दिनुपर्ने, छिटो र उच्च प्रतिफल दिने, रोजगारीमूलक, दीगो एवं सामाजिक न्याय अभिवृद्धि गर्ने विषयलाई प्राथमिकता दिने, स्थानीय तहले मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची (Project Bank) तयार गर्नुपर्ने, सहभागितामूलक योजना तर्जुमाको पद्धति अवलम्बन गर्ने र सरोकारवालाहरुको अधिकतम सहभागिता सुनिश्चित गर्नेजस्ता विषयहरुका विषयमा नीतिगत भए बमोजिम नै क्षेत्रगत योजना तयार गर्नु नीतिगत व्यवस्था छ।
नेपाललाई वि.सं. २०७९ (सन् २०२३) सम्ममा अल्पविकसित राष्ट्रको स्तरबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्न र वि.सं. २०८९ (सन् २०३३) सम्ममा मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरण गर्न आवश्यक जनशक्तिउत्पादन गर्नका साथै नेपालले सरकारले राखेको २५ वर्षीय दीर्घकालीन सोच ***समृद्ध नेपाल खुसी नेपाली*** सहितको राष्ट्रको विकासमा पनि शिक्षा क्षेत्रको विकास र सुधार आजको अपरिहार्यता रहेको छ। संघीय शासन प्रणाली अन्तरगत सहकारिता समन्वय

र सहअस्तित्वको मुल मर्मलाई आत्मसात गदे ***समृद्ध नेपाल सुखी नेपाली*** को लक्ष्य प्राप्तिमा स्थानीय सरकारको सहभागिता र योगदान सुनिश्चत गर्न स्थानीय सरकारले सहयोग पुर्याउनु आजको अपरिहार्यता छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई शिक्षाका २३ अधिकारहरु को व्यवस्थाको प्रभावकारी कार्यान्वनयका साथै, नेपाल सरकारले तय गरेका शिक्षा क्षेत्रको १० वर्ष योजना, शिक्षा नीति २०७६, विद्यालय सबलीकरण दशक (२०७६-२०८५), १५ वर्षे दिगो विकासको लक्ष्य, १५ औं आवधिक योजनाले तय गरेका लक्ष्यहरु पुरा गर्नका लागिर त्यसको कार्यान्वनयमा पनि स्थानीय सरकारले सहयोग समन्वय तथा आत्मीकरण गर्नु आवश्यक रहेको छ । त्यसैगरी सन् २०३० सम्म प्राप्त गर्ने भनेर तय भएका १७ वटा दिगो विकासका लक्ष्यहरु मध्ये लक्ष्य नं ४ मा सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरु प्रोत्साहित गर्ने लक्ष्य निर्धारण गरेको छ। जसको लागि ७ उद्देश्यहरु तथा ३ माध्यमहरु तय गरेको छ। त्यसको साथै यस गाउँपालिकाले पनि समग्र पालिकाको विकास र परिवर्तनका लागि केहि सोच, लक्ष्य, उदेश्य सहित शिक्षा क्षेत्रको नीति तय गरेको छ। हरेक आ व मा स्थानीय सरकारले बार्षिक बजेट तथा कार्यक्रम तयार गर्नु पर्ने हुन्छ र आगामि दिनमा एकमुष्ट संघीय सरकारबाट बजेट प्राप्त हुने र त्यसबाट स्थानीय सरकार आँफैले वार्षिक कार्यक्रम बनाउनु पर्ने सन्दर्भ रहेको छ। हालै कोभिड १९ ले शिक्षा क्षेत्रमा पारेको प्रभावलाई मध्यनजर गर्दै शिक्षा क्षेत्रको सुधारका लागि एवम् गाउँपालिकामा भएका सिमित स्रोत साधन तथा शिक्षा क्षेत्रको सुधारका असिमित आवश्यकता तथा समस्याहरुको सम्बोधनका लागि पनि व्यवहारिक रुपमा कार्यान्वयनयोग्य योजनाको विकल्प नभएको हालको अवस्था रहेको छ ।

उल्लेखित सन्दर्भमा राज्यको शिक्षा सम्बन्धी नीति, कार्यक्रम, लक्ष्य, तथा उदेश्य पुरा गर्न स्थानीय गाउँपालिकाका आवश्यकताहरु पुरा गर्न गाँउपालिकाको आफ्नो परिवेश अनुसारको शिक्षा क्षेत्रको १० बर्ष योजना तयार गर्नु आजको आवश्यकता रहेको निष्कर्ष रहेको छ। साथै सबै सहभागिहरुबाट जिल्लाका सबै स्थानीय सरकारहरुले शिक्षा क्षेत्रलाई व्यवस्थित गर्न पालिका स्तरमा शिक्षा प्रोफाइल तथा शिक्षा योजना अति ने आवश्यक रहेको र तयार गर्ने प्रतिबद्धता गरे बमोजिम योजना निर्माणको कार्यलाई अगाडि बढ़ाइएको हो।

नेपालको संविधान २०७२ ले पनि शिक्षालाई प्राथमिकतामा रहेको पाइन्छ। नेपालको संविधानको २०७२ को भाग ३ मा मौलिक हकको व्यवस्था गरिएको छ। जस अन्तर्गत धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेख छ । धारा ३१ मा शिक्षालाई नागरिकको आधारभूत अधिकारको रुपमा व्यवस्था गरिएको देखिन्छ भने प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने, प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुने, अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने हक हुने, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोलने र सञ्चालन गर्ने हक हुने कुरा उल्लेख गरिएको छ।

त्यसैगरी संविधानको धारा ३८ मा महिलाको हक अन्तर्गत उपधारा (५)मा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भन्ने उल्लेख छ । नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हक अन्तर्गत उपधारा (२) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा व्यक्तित्व विकासको हक हुनेछ भन्ने उल्लेख गरिएको छ । साथै सोही धाराको उपधारा (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक उल्लेख छ र उपधारा ७ मा कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइनेछैन भनी उल्लेख गरिएको छ । त्यसैगरी संविधानको धारा ४० मा दलितको हक अन्तर्गत उपधारा (२) मा दलित विद्यार्थीलाई प्राथमिक देखि उच्च शिक्षासम्म कानुन बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिने छ साथै प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितको लागि कानुन बमोजिम विशेष व्यवस्था गरिने छ भन्ने व्यवस्था गरिएको छ ।

नेपालको संविधानको अनुसूचि ५ मा केन्द्र सरकार वा संघको अधिकार सूचि भित्र शिक्षा सम्बन्धी अधिकारहरुमा केन्द्रीय विश्वविद्यालय, केन्द्रीय स्तरको प्रज्ञा प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन तथा केन्द्रीय पुस्तकालय तोकिएको छ। त्यस्तैगरी संविधानको अनुसूचि ६ मा प्रदेशको अधिकार सूचि भित्र शिक्षा सम्बन्धी अधिकारमा प्रदेश विश्वविद्यालय, उच्चशिक्षा, पुस्तकालय, संग्रहालय तोकिएको छ साथै संविधानको अनुसूचि ८ मा स्थानीय तहको अधिकार सूचिभित्र शिक्षासम्बन्धी अधिकारहरुमा आधारभूत र माध्यमिक शिक्षा तोकिएको छ साथै संविधानको अनुसूचि ७ र ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारका साझा सूचि भित्र शिक्षा समेत समावेश गरिएको छ । नेपालको संविधानले संघ प्रदेश तथा स्थानीय तहलाई निर्दष्ट गरेका एकल वा साझा अधिकारहरुको व्यवहारिक रुपमा कार्यान्वनय गर्दै राष्ट्रले लिएका शैक्षिक नतिजाहरुको लागि आपसी समन्वय, सहकार्य र सहअस्तित्व आजको आवश्यकता हो ।

शिक्षा क्षेत्रको सुधार तथा विकासको लागि नेपाल सरकारले शिक्षा नीति २०७६ पनि जारी गरेको छ । उक्त नीतिले सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, शिक्षा क्षेत्रमा रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरूपको मानव संसाधन विकास गर्ने लक्ष्य राखेको छ । त्यसैगरी यस नीतिले उद्देश्यहरुमा बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी

बनाउनु, आधारभूत शिक्षामा सबैको सहज एवं समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गर्दे सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गर्नु, गुणस्तरीय माध्यमिक शिक्षामा सबेको निःशुल्क पहुँच सुनिश्चित गर्दे सिर्जनशिलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई व्यापक विस्तार गरी सबै इच्छुक नागरिकहरूका लागि समावेशी एवं समतामूलक पहुँच स्थापित गर्दे देश विकासका लागि योग्य, सक्षम, सीपयुक्त र उद्यमशील जनशक्ति तयार पार्नु, ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माणका लागि उच्च शिक्षाको पहुँच र गुणस्तर अभिवृद्धि गरी विभिन्न क्षेत्रहरूमा सक्षम नेतृत्व प्रदान गर्न सकने योग्य, दक्ष, वैज्ञानिक, नवप्रवर्तनात्मक, अन्तर्राष्ट्रीय स्तरमा प्रतिस्पर्धी र अनुसन्धानमुखी मानव संसाधन विकास गर्नु, नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाई संस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्नु, शिक्षा प्रणालीका विभिन्न अवयवहरूमा रहेर सेवा प्रवाह गर्ने जनशक्तिलाई उत्कृष्ट नतीजा प्रदर्शन गर्न उनीहरूको पेसागत योग्यता, सक्षमता, इमान्दारिता, प्रतिबद्धता र जवाफदेहीता सुनिश्चित गर्दे शैक्षिक सुशासन कायम गर्नु, सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दी निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणको प्रक्रियामा सबलीकरण गर्नु, राष्ट्रिय तथा अन्तर्राष्ट्रीय अनुभव तथा अभ्यास समेतका आधारमा शैक्षिक गुणस्तर मानक तथा मापदण्ड तयार गरी सबै तह र प्रकारका शिक्षाको गुणस्तरअभिवृद्धि गर्नु, औपचारिक, अनौपचारिक र अरीतिक शिक्षाबीच अन्तरसम्बन्ध स्थापित गरी योग्यताको समकक्षता, गतिशीलता र पारगम्यता सुनिश्चित गर्दे राष्ट्रिय योग्यता प्रारुपमा आधारित शिक्षा प्रणालीको विकास गर्नु, शिक्षा प्रासिको संवैधानिक र कानूनी दायित्व पूरा गर्न राष्ट्रिय प्राथमिकताका आधारमा पर्याप्तता समन्यायिकता र प्रतिफलमुखी हुने गरी शैक्षिक लगानी सुनिश्चित गर्नुर व्यक्तिमा वैज्ञानिक चिन्तन र व्यवहार विकास गर्न विज्ञान तथा प्रविधिलाई शिक्षा प्रणालीमा एकिकरण गर्दी परम्परागत एवं आधुनिक प्रविधिलाई राष्ट्रिय विकासको लागि उपयोग गर्न सक्ने क्षमता विकास गर्नु राखेको छ।

दिगो विकास लक्ष्यहरू सन् २०१५ को सेप्टेम्बरमा संसारका १९३ वटा राष्ट्रहरूले संयुक्त रूपमा अङ्गीकार गरेका आवधिक विकासका दस्ताबेजहरू हुन्। संयुक्त राष्ट्र सङ्घका सदस्य राष्ट्रहरूको सहमतिमा अघि सारिएका १७ वटा दिगो विकासका लक्ष्यहरू सन् २०१६ को जनवरी १ बाट कार्यान्वयनएको र नेपाल सरकारले पनि यसका लक्ष्यहरु पुरा गर्न प्रतिबद्धता व्यक्त गरिसकेको अवस्थमा यस ले तय गरेको शिक्षाको लक्ष्य नम्बर चारमा रहेको समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दी सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रर्वद्धन गर्ने लक्ष्यले पनि प्रदेशको शिक्षा योजना निर्माणमा निर्देशन प्रदान गर्दछ ।

समृद्ध नेपाल सुखी नेपाली सहितको समुन्नत राष्ट्र निर्माणमा मानव संसाधनको भूमिका महत्त्वपूर्ण रहन्छ। मानव संसाधन विकासको मूल आधार शिक्षा नै हो। महाभारत गाउँपालिकाको आर्थिक स्रोत र साधनको समुचित परिचालन गरी अवसरहरूको सिर्जना गर्न शिक्षा सम्बन्धी योजना तर्जुमा र त्यसको प्रभावकारी कार्यान्वयनको महत्वपूर्ण भूमिका रहन्छ । नेपालको संविधानमा भएका शिक्षा सम्बन्धी प्रावधान, नेपाल सरकारको शिक्षा नीति, बागमती प्रदेशको शिक्षा नीति एवं महाभारत गाउँपालिकाको शिक्षा ऐन २०७७, एवं कोभिड-१९ ले शिक्षा क्षेत्रमा पारेको असर समेतलाई सम्बोधन हुने गरी महाभारत गाउँपालिकाले दश वर्षे (२०८२-२०९२) शिक्षा क्षेत्रको शिक्षा विकास योजनालाई अगाडि बढ़ाएको छ।

## १.१.१ महाभारत गाउँपालिकाको भौगोलिक र जनसांख्यिकिय स्वरुप

**भौगोलिक स्वरुप**


संघीय संरचना अनुसार बागमती प्रदेश अन्तर्गत काभ्रेपलाञ्चोक जिल्लाका १३ वटा स्थानीय तहहरुमध्ये जिल्लाको दक्षिणी भेगमा अवस्थित महाभारत गाउँपालिका १८६ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको जिल्लाकै सबैभन्दा ठूलो एक स्थानीय तह हो ।वि. सं. २०७८ को राष्ट्रिय जनगणना अनुसार यस गाउँपालिकामा जम्मा घर परिवार सङ्ख्या ३१७४ रहेकोमा कूल जनसंख्या १६,०७९ रहेको छ । जसमा पुरुष ७,८८० र महिला ८,१९९ रहेको छ । २०७८ को जनगणना अनुसार महाभारत गाउँपालिकाको लैङ्गिक अनुपात ९६.११ प्रतिशत, वार्षिक जनसंख्या वृद्धिदर १.२३, जनघनत्व ८६ प्रति वर्ग कि.मि. रहेको छ ।यस महाभारत गाउँपालिकाको भूगोल २७ डिग्री २० मिनेट उत्तरी अक्षांश देखि २७ डिग्री २७ मिनेट ३० सेकेन्ड उत्तरी अक्षांशसम्म र ८५ डिग्री ३० मिनेट पूर्वी देशान्तरदेखि ८५ डिग्री ४३ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको छ । आफ्ना छुट्टै भौगोलिक, साँस्कृतिक, सामाजिक, राजनैतिक तथा आर्थिक पहिचान रहेको यस गाउँपालिकामा विशेषगरी तामाङ, मगर, नेवार, बाहुनक्षेत्री, माझी, दलित, पहरी समुदायका मानिसहरुको बसोबास रही आएका छन् । यस गाउँपालिकाको उत्तरी सिमानामा रोशी गाउँपालिकासँगै पर्यटकीय क्षेत्र भुमीचुली लेक, ताराखसे लेक र चैत्यपानी जस्ता महत्त्वपूर्ण महाभारत लेकले घेरिएको छ, भने यस गाउँपालिकाको पूर्वी सिमानामा सिन्धुली जिल्लाको घ्याङलेक गाउँपालिका, दक्षिणमा सिन्धुली जिल्लाको मरिण गाउँपालिका र हरिहरपुरगढी गाउँपालिकासँगै महाभारत गाउँपालिकाको सिमानाबाट बगेको कोखाजोर खोला रहेको छ ।पश्चिममा खानीखोला गाउँपालिका र महाभारत गाउँपालिकाको सिमानाबाट बग्ने चाउखोलाले घेरिएको छ।यस गाउँपालिकाको उत्तरी सिमानामा प्राकृतिक तथा पर्यटकीय रुपमा रहेको सुन्दर (म्हाबर) लेक समुन्द्र सतहबाट अन्दाजी २५०० मि. उचाईमा रहेको छ । र यस म्हाबर लेकबाट नै अन्ततः यस गाउँपालिकाको नामाकरण महाभारत हुन पुगेको हो ।

**जनसांख्यिकिय स्वरुप**

जातीय विविधता काभ्रेपलाञ्चोक जिल्ला विभिन्न जातजातिहरुको बसोबास रहेको जिल्ला हो । महाभारत गाँउपालिका पनि काभ्रेपलाञ्चोक जिल्लाको स्थानीय तह मध्येको एक जातीय विविधता यूक्त गाँउपालिका हो । यस गाँउपालिकामा मुख्य रुपमा तामाङ जातिको बसोबास रहेको छ । यसका साथै वाहुन, क्षेत्री, मगर, दमाई, कामी, माझी आदि जातजातिहरुको समेत वसोवास रहेको छ। वि. सं. २०७८ को राष्ट्रिय जनगणना अनुसार यस गाउँपालिकामा जम्मा घर परिवार सङ्ख्या ३१७४ रहेकोमा कूल जनसंख्या १६,०७९ रहेको छ । जसमा पुरुष ७,८८० र महिला ८,१९९ रहेको छ । २०७८ को जनगणना अनुसार महाभारत गाउँपालिकाको लैङ्गिक अनुपात ९६.११ प्रतिशत, वार्षिक जनसंख्या वृद्धिदर १.२३, जनघनत्व ८६ प्रति वर्ग कि.मि. रहेको छ ।

वडा अनुसार उमेरगत जनसंख्या वितरणको विवरण यस गाँउपालिकाका ८ वटै वडा हरुको वड़ा अनुसार जनसंख्या वितरणको विवरण लाई विश्लेषण गर्दा सवैभन्दा बढ़ी वड़ा न. ८ मा २४९३ रहेका छन् भने सबै भन्दा कम जनसंख्या वड़ा न ४ मा १८०६ रहेका छन्। यहाँको जनसंख्यामा पुरुष ७८८० र महिला ८१९९ रहेकोमा जम्मा १६०७९ जनसंख्या रहेको छ।

महाभारत गाउँपालिकाको उमेर अनुसारको जनसंख्याको विवरण




स्रोतः राष्ट्रिय जनगणना २०७८

## १.२ शैक्षिक अवस्था

शिक्षा व्यक्ति एवं समाज विकासको मेरूदण्ड हो। शिक्षा बिना देश विकासको कल्पना पनि गर्न सकिदैन । व्यक्तिलाई सामाजिकीकरण गर्न शिक्षाले ठूलो सहयोग पुर्‍याएको हुन्छ। आजको दिनमा शिक्षा हासिल गर्न विद्यालयमा अध्ययन गर्न जाने बालबालिकाहरू ने भोलिका देशका कर्णधार हुन्। त्यसैले पनि शिक्षालाई यति धेरै महत्त्व दिनु परेको प्रष्ट छ। भनिन्छ शिक्षा नै सामाजिक परिवर्तनको बाहक हो ।

यस गाउँपालिका क्षेत्रमा ३२ ओटा प्राथमिक, ९ आधारभूत, ४ माध्यमिक र ४ उच्चमाध्यमिक गरी ४९ वटा सामुदायिक विद्यालय सहित ३८ ओटा विद्यालयमा आधारित प्रारम्भिक बालविकास केन्द्र र ३ ओटा सामुदायिक विकास केन्द्रहरु समेत रहेका छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या १६०७९ रहेको छ र कुल साक्षरता दर ७०.३ प्रतिशत रहेको छ, जसमा पुरुष साक्षरता दर ७६.६ प्रतिशत र महिला साक्षरता दर ६४.१ प्रतिशत रहेको छ ।

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आधारभूत र माध्यमिक शिक्षाको व्यवस्थापकीय अधिकार स्थानीय तहमा अन्तर्निहित रहेकोले महाभारत गाउँपालिकाको शिक्षा ऐन, २०७७ बनाई कार्यान्वयन भइरहेको छ। महाभारत गाउँपालिकाको शिक्षा नियमावली निर्माणको क्रममा रहेको छ । विद्यालय शिक्षासम्बन्धी अधिकार व्यवस्थित ढङ्गले कार्यान्वयन गर्न र विद्यालय शिक्षामा देखापरेका समस्याहरु निराकरण गरी नतिजामूलक सुधारका निमित्त विद्यमान कानुन अपर्याप्त छन् । यसका निमित्त गाउँपालिकाका विधायिकी, कार्यकारी र प्रशासनिक अङ्गले विद्यालय शिक्षामा देखापरेका समस्या, चुनौती एवम् अवसरहरूको सही मापन र विश्लेषण गरी आवश्यक विधि तथा कानून निर्माणको कार्यमा सक्रियतापूर्वक लाग्नुपर्ने देखिन्छ।

**तहगत विद्यालय विवरणः (शैक्षिक सत्र २०८१ चैत्र)**

| क्र सं | तह | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १ | प्राथमिक | ३२ | ० | ३२ |
| २ | आधारभूत | ९ | ० | ९ |
| ३ | माध्यमिक (१-१०) | ४ | ० | ४ |
| ४ | माध्यमिक (१-१२) | ४ | ० | ४ |

**स्वीकृत शिक्षक दरवन्दी र राहत शिक्षक दरवन्दी विवरण: (शैक्षिक सत्र २०८१ चैत्र)**

| प्राथमिक तह | | | निम्नमाध्यमिक तह | | | माध्यमिक तह | | | साविक उच्च माध्यमिक तह (कक्षा ११-१२) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स्वीकृत दरवन्दी | राहत अनुदान दरवन्दी | जम्मा | स्वीकृत दरवन्दी | राहत अनुदान दरवन्दी | जम्मा | स्वीकृत दरवन्दी | राहत अनुदान दरवन्दी | जम्मा | स्वीकृत दरवन्दी | राहत अनुदान दरवन्दी | जम्मा |
| १२७ | ३१ | १५८ | ४ | २१ | २५ | ३ | ६ | ९ | ० | ३ | ३ |

**सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी विवरण (शैक्षिक सत्र २०८१ चैत्र)**

| विद्यालयको प्रकार | संख्या | | विद्यार्थि संख्या | | |
|---|---|---|---|---|---|
| | सामुदायीक | निजि/संस्थागत | छात्र | छात्रा | जम्मा |
| प्रा.वि. (कक्षा १-५) | ३३ | ० | ४९८ | ५१० | १००८ |
| आधारभुत (कक्षा १-८) | ९ | ० | ४५४ | ५०२ | ९५६ |
| माध्यमिक (कक्षा १-१२) | ८ | ० | ११४४ | १२३१ | २३७५ |
| वालकक्षा | ३९ | ० | २२८ | २०७ | ४३५ |
| धार्मिक गुठी | ० | ० | | | |
| व्यावसायिक | ० | ० | | | |
| क्याम्पस | ० | ० | | | |
| अन्य | ० | ० | | | |
| जम्मा | | | | | |

## १.३ विद्यालय शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतीहरु

### १.३.१ शिक्षा क्षेत्रका मुख्य समस्याहरु

सबैका लागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न नसकिनु, लक्षित समूहका बालबालिकाको सहभागिता कमजोर हुनु, विद्यालय भर्ना भएका विद्यार्थीको निरन्तरता कायम गर्दै अपेक्षितरूपमा सिकाइ उपलब्धि हासिल हुन नसक्नु, तहगत र विषयगत रूपमा सबै विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसकिनु, प्राविधिक शिक्षालाई विद्यालय शिक्षाको मूल धारको रूपमा विकास गर्न नसकिनु, शिक्षासम्बन्धी अधिकार कार्यान्वयनको लागि पर्याप्त स्रोतको व्यवस्था हुन नसक्नु, तोकिएको शैक्षिक सत्रमा तह पार गर्नेको सङ्ख्या कम हुनु, पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त सिकाइका लागि सार्वजनिक पुस्तकालय प्रणालीको विकास नहुनु, शिक्षा क्षेत्रका सबै तहमा सुशासनको प्रत्याभूति हुन नसक्नु, निजी लगानीका शैक्षिक संस्थाहरुको उचित व्यवस्थापन र प्रतिभाहरूको पलायन नियन्त्रण गर्न नसकिनु जस्ता विषयहरू विद्यालय शिक्षाका प्रमुख समस्याका रूपमा रहेका छन्। विद्यालय शिक्षाका उपलब्धि र अन्तरका आधारमा देखिएका समस्याहरु निम्नानुसार पहिचान गरिएको छः

- सूचना तथा सञ्चारको प्रभावकारी व्यवस्थाको अभावले गर्दा माथिल्लो निकायबाट प्राप्त हुने कार्यक्रम तथा बजेट एवम् अख्तियारीको निकासा फुकुवा समयमा हुन नसक्दा कार्यक्रम सञ्चालनमा बाधा परेको।
- कतिपय कार्यक्रमहरूको सञ्चालन निर्देशिका तथा सामग्री समयमा प्राप्त नभएकाले कार्यक्रम सञ्चालन गर्न बाधा परेको।
- विद्यालयसँग प्रत्यक्ष सम्बन्धित विभिन्न निकायहरू विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, स्थानीय निकाय र सर्वसाधारण सरोकारवालाहरूको सहभागिता र अपनत्वको भावनाको आशातीत रूपमा विकास हुन नसक्दा सञ्चालित कार्यक्रम भने जति उद्देश्यमूलक र दीगो हुन नसकेको।
- कतिपय कार्यक्रमहरू आर्थिक वर्षको अन्तिम समयमा प्राप्त हुन आएको हुँदा पूर्व योजना र तयारी साथ प्रभावकारी रूपमा कार्यक्रम सम्पन्न गर्न समस्या परेको।
- विद्यालय सञ्चालन र व्यवस्थापनमा राजनैतिक र गुटगत प्रभाव पर्नु।
- विद्यालय उमेरका सबै बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच पुग्न नसक्नु।
- बालबालिकाहरूको बीचैमा विद्यालय छाड्ने र पुनःकक्षा दोहोर्याउने दर उच्च हुनु।
- अझै पनि परिवार, समाज र विद्यालयमा शिक्षासम्बन्धी सामाजिक एवम् लैङ्गिक विभेद कायमै रहनु।
- विशेष किसिमको आवश्यकता भएका बालबालिकाहरूको चाहना र आवश्यकतालाई पहिचान गरी सम्बोधन गर्न नसकिनु।
- सामाजिक, आर्थिक र जातीय विविधताका कारण सबैका लागि समान र समतामूलक शैक्षिक सेवा र सुविधा प्रवाह तथा वितरण हुन नसक्नु।
- गुणस्तरीयताको अवस्था अझै पनि न्युन रहेको छ। विस्तार क्रमिकरूपमा शिक्षाको गुणस्तरमा सुधार भए तापनि शैक्षिक सुधारका लागि गुणस्तर शब्दलाई स्पष्टरूपमा परिभाषित गर्न नसकिनु।
- विद्यालयस्तरीय पाठ्यक्रमलाई बालमैत्री, बालमनोविज्ञानमा आधारित बनाई सबै तहका बालबालिकाहरूका लागि समय सन्दर्भिक, स्तरयुक्त र आवश्यकता पूरा गर्ने खालको बनाउन नसकिनु।
- अझै पनि ठूलो जनसङ्ख्या निरक्षर रहनुले तिनीहरूलाई साक्षर बनाई सन्दर्भिक र जीवनोपयोगी सीप प्रदान गर्न नसकिनु।
- सुधारका लागि विद्यमान संरचना र पद्धतिको क्षमतामा बृद्धि गर्न संस्थागत, सङ्गठनात्मक र वैयक्तिक सक्षमता वृद्धि गर्न नसकिनु।
- विद्यालय सञ्चालन र व्यवस्थापनमा समुदायको सहभागिता र अपनत्व वृद्धि हन नसक्नु।

### १.३.२ विद्यालय शिक्षाका चुनौतीहरु

विद्यालय शिक्षाको सर्वसुलभता, उपयुक्त पूर्वाधारको विकास, समतामूलक पहुँच, गुणस्तर सुनिश्चितता सहित सार्वजनिक शिक्षा प्रतिको आकर्षण बढ़ाउनु, विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु, शैक्षिक सुशासन र

उत्तरदायित्व अभिवृद्धि गर्नु, सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक सिकाई वातावरण विकास गर्नु, शिक्षण सिकाई पद्धतिलाई व्यावहारिक, बालमैत्री एवम् प्रविधिमा आधारित बनाउनु, उद्यमशील, समालोचनात्मक र अन्वेषणकारी नागरिक तयार गर्नु, विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्नु, कक्षा छाड्ने दर शून्यमा झारी अपेक्षित सिकाई उपलब्धि हासिल गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षा विकासको लागि भौतिक पूर्वाधार, प्राविधिक जनशक्तिको उपलब्धता र समन्यायिक पहुँच सुनिश्चित गर्न आवश्यक पर्ने स्रोत-साधनको उपलब्धता र व्यवस्थापन गर्नु, शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, क्षमतावान युवालाई स्थानीय तहमें सेवा गर्ने अवसरको सिर्जना गर्नु, जनसाङ्ख्यिक बनोट, आन्तरिक र बाह्य बसाई-सराइको प्रवृत्ति समेतको अध्ययन गरी शैक्षिक संस्थाहरुको नक्साङ्कन गर्नु र सूचना तथा सञ्चार प्रविधिले ल्याएका विविध अवसरको सदुपयोग गर्नु

विद्यालय शिक्षा क्षेत्रका प्रमुख चुनौतीहरू हुन् । विद्यालय शिक्षाका उपलब्धि र अन्तरका आधारमा निम्नानुसारका चुनौतीहरू पहिचान गर्न सकिन्छ :

• सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास तथा शिक्षा सुनिश्चित गर्न प्रारम्भिक बाल विकास केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्ने

• प्रारम्भिक बालविकास तथा शिक्षा ४ वर्षका बालबालिकाहरूका लागि लक्षित भए पनि ४ वर्षभन्दा कम उमेरका बालबालिकाहरू पनि सहभागी हुनु

• विद्यालय नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्ने

• सबै विद्यालयको भौतिक र शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने

• आधारभूत शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षालाई निःशुल्क गरी गुणस्तरीय सिकाई सुनिश्चित गर्न आवश्यक स्रोत-साधनको व्यवस्था र संस्थागत संरचना तथा क्षमता विकास गर्ने

• सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्न पाठ्यक्रम तथा सिकाई क्रियाकलापमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता बढ़ाउने

· शिक्षक र शिक्षा क्षेत्रको जनशक्तिमा पेशागत जवाफदेहिता सुनिश्चित गर्ने

· विद्यालय नेतृत्वको भूमिका सबलीकरण गर्ने र शिक्षा प्रणालीमा शैक्षिक सुशासन कायम गर्ने

· शिक्षक सहायता प्रणालीको व्यवस्था र शिक्षण सकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता, गुणस्तर र कार्यकुशलता वृद्धि गर्ने

· सूचना तथा सञ्चार प्रविधिमा शिक्षक र विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्ने

• विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने

· बालबालिकाको पोषणको अवस्था र स्वास्थ्यमा सुधार गर्न दिवा खाजा, सरसफाई, स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा विद्यालयमार्फत प्रदान गर्ने

· विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउने

· साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर वृद्धि गर्ने र बढ़ी उमेरकालाई वैकल्पिक प्रबन्ध गर्ने

· गाउँपालिकामा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ़ बनाउँदै नतिजामुखी व्यवस्थापन र सुशासन प्रवर्द्धन गर्न उत्तरदायित्व प्रणालीलाई प्रभावकारी बनाउने

• सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण बढाउने र सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्ने

· शिक्षा र रोजगारीबीच तालमेल मिलाउने र प्रतिभा पलायन रोकने।

## १.४ विद्यालय शिक्षाका अवसरहरू

शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्दी आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार र जिम्मेवारी स्थानीय तहलाई दिने व्यवस्थाले शिक्षामा सहभागिता र पहुँचमा वृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना हुनु, साक्षरता दरमा भएको वृद्धि, विद्यालय तहको खुद भर्नादर र लैङ्गिक समता सूचकाङ्कमा प्रगति देखिनु, समावेशी सहभागिता बढ्दै जानु, सामुदायिक विद्यालयप्रतिको चासो र जनअपेक्षा बढ्दै जानु, प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रारम्भ हुनु जस्ता विषयहरू शिक्षा क्षेत्रका अवसरहरू हुन्।

• शिक्षाका कार्यक्रमहरू अभियानको रूपमा सञ्चालन गरिने र मूल बजेट प्रवाह हुने प्रमुख प्राथमिकताका कार्यक्रमहरूको पहिचान भएको।

• स्थानीय तहमा शिक्षाको दिगो विकासको लागि निर्धारित लक्ष्य हासिल गर्न समुदायको प्रतिबद्धता जाहेर भएको।

• सरोकारवालाहरू शैक्षिक व्यवस्थापनको निर्णय प्रक्रिया र स्रोत परिचालनमा उत्तरदायी एवम् उत्साही देखिएको।

• शैक्षिक सेवाहरूको विस्तार र सुधारमा एकरूपता ल्याउन राजनीतिक पार्टी र नागरिक समाजको समेत सहयोग र समर्थन प्राप्त भएको।

• विद्यालय क्षेत्र विकास कार्यक्रमको सफल कार्यान्वयनबाट सेवा प्रवाहमा दक्षता बृद्धि भई गाउँ शिक्षा योजना कार्यान्वयन गर्न आवश्यक पूर्वाधार तयार भएको।

• विद्यार्थीको सक्रिय सहभागिता र सिकाइका लागि सेवा प्रदान गर्न गाउँपालिकाको संयन्त्रको आन्तरिक क्षमता र दक्षतामा आवश्यक बृद्धि भएको।

• विद्यालय क्षेत्र विकास कार्यक्रमबाट शिक्षा क्षेत्रमा पहुँच र गुणस्तर सुधारको लागि योगदान पुगेको।

• बालबालिकाहरूका लागि गुणस्तरीय शिक्षामा समान पहुँच र अवसरमा बृद्धि गर्न विभिन्न संघ/संस्थाको साझा प्रतिबद्धता जाहेर भएको।

• हालसम्मका कार्यक्रमहरूबाट बनेका भौतिक पूर्वाधारहरुलाई जग बनाई गाउँ शिक्षा योजना कार्यान्वयन गर्न मजबूत आधारशीला निर्माण भएको।

## १.५ गाउँ शिक्षा योजना निर्माण प्रक्रिया

नेपालमा योजना निर्माण तथा योजनाबद्ध विकास प्रयासको थालनी २०१३ सालदेखि भएको हो। योजनाबद्ध विकासको क्रमलाई हेर्दा हालसम्म १५ ओटा योजना निर्माण भई कार्यान्वयन भइसकेका छन् भने हाल सोह्रौं योजना (२०८१/८२-२०८५/८६) कार्यान्वयन भइरहेको छ। हालसम्म योजना निर्माणको अभ्यासलाई सर्सर्ती केलाउँदा समयका आधारमा तीन अरि (१-३ वर्षे अल्पकालीन, ३-५ वर्षे मध्यकालीन र ५ वर्षभन्दा माथि दीर्घकालीन) र तहगत आधारमा दुई थरि (बृहत र सूक्ष्म तथा केन्द्रीकृत र विकेन्द्रित) योजना निर्माण भई कार्यान्वयन भएका छन्। हासिल गर्नुपर्ने लक्ष्य तथा उद्देश्य, उपलब्ध समय, स्रोत साधन र सञ्चालन गर्नुपर्ने कार्यक्रमहरूको आवश्यकता पहिचान गरी योजना कस्तो हुने, कति अवधिको हुने, कसले निर्माण गर्ने र कार्यान्वयनको जिम्मेवारी कसलाई दिने भन्ने कुराको निर्धारण गरिन्छ। शिक्षा मन्त्रालयबाट प्रकाशित नेपालमा शिक्षा योजना सन्दर्भ पुस्तकमा नेपालको सन्दर्भमा शिक्षा योजनालाई बृहत (Macro), मध्यम (Meso), सूक्ष्म (Micro) र संस्थागत (Institutional) गरी ४ प्रकारमा विभाजन गरी अध्ययन गर्न सकिने कुरा उल्लेख गरेको छ। राष्ट्रीयस्तरमा केन्द्रीय तहका निकायहरूको संलग्नतामा निर्माण गरिने योजनाहरुलाई बृहत (Macro) योजनाको रूपमा लिन सकिन्छ । सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना (२००१-२०१५), विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२), विद्यालय क्षेत्र विकास योजना (२०७३/७४-२०७९/८०) बृहत योजनाका उदाहरण हुन्।

क्षेत्रीयस्तरमा क्षेत्रीय शिक्षा निर्देशनालय जस्ता क्षेत्रीय निकायहरू एवम् राज्य वा प्रदेशहरूमा निर्माण र कार्यान्वयन हुने योजनाहरू मध्यम (Meso) योजना हुन्। गाउँ शिक्षा योजना एवम् गाउँ शिक्षा योजना सूक्ष्म (Micro) योजना हुन्। विद्यालयको सर्वाङ्गीण पक्षको विकास र सुधारका लागि विद्यालयहरूले निर्माण गरी कार्यान्वयन गर्ने विद्यालय सुधार योजना संस्थागत (Institutional) योजना हो।

शैक्षिक योजनालाई भविष्यको गर्भमा हेने सीप एवम् भविष्यको समीक्षात्मक विश्लेषणका रूपमा पनि लिने गरिन्छ। त्यसैले भविष्यमा आवश्यक पर्ने कुनै कार्य प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न योजना अति आवश्यक हुन्छ। व्यक्ति, परिवार, समाज र देश विकासको मेरुदण्डको रूपमा कार्य गर्ने शिक्षाको लागि योजना निर्माण गर्नु अपरिहार्य हुन आउँछ। विस्तृत रूपमा भन्नु पर्दा समाजको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक र भौतिक पक्षको क्रमिक विकास निम्ति योजनाको आवश्यकता पर्दछ । योजनामा लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति स्पष्ट हुनुपर्दछ । इसका साथ योजना निर्माण गर्दा विद्यमान अवस्थाको विश्लेषण तथा भविष्यमा प्राप्त गर्न खोजिएको लक्ष्य र उद्देश्य हासिल गर्न समय, स्रोत, साधन आँकलन र आवश्यक क्रियाकलापहरू स्पष्ट किटान गरिएको हुनुपर्दछ ।
२०७२ असोज ३ गते जारी नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र नेपालको राज्यशक्तिको प्रयोग यी तिने तहले संविधान तथा कानून बमोजिम गर्ने व्यवस्था गरेको छ। स्थानीय तह अन्तर्गत गाउँपालिका, गाउँपालिका र जिल्ला सभा रहेका छन् । स्थानीय तहको अधिकार अनुसूचि-८ मा उल्लिखित विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग संविधान र गाउँ सभा वा गाउँ सभाले बनाएको कानुन बमोजिम हुनेछ। संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तर्जुमा गर्ने र त्यसको कार्यान्वयन गर्नेछन्। संविधानको अनुसूची-८ मा आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी अधिकार स्थानीय तहमा निहित रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ गाउँपालिका तथा गाउँपालिकाको अधिकार अन्तर्गत खण्ड ज. मा आधारभूत र माध्यमिकशिक्षा सम्बन्धी २३ ओटा अधिकारहरू निक्षेपण गरिएको छ। जसमा, प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाई र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमनको अधिकार समेत उल्लेख छ। यसर्थ स्थानीय तहले विद्यालय शिक्षाको विकास, गुणस्तरीय आधारभूत र माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न र सबैका लागि जीवन पर्यन्त सिकाई अवसर प्रवर्द्धन गर्नको लागि शिक्षा विकास योजना तर्जुमा गर्न वाञ्छनीय हुन आउँछ।

स्थानीय तह नागरिकसँग दैनिक रूपमा साक्षात्कार हुने भएकोले स्थानीय आवश्यकता र प्राथमिकताको बढी जानकार हुने गर्दछ । इसका साथ शैक्षिक सेवा प्रवाह र विद्यालय शिक्षाको विकास लगायतका कार्यजिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएकोले शैक्षिक योजना तर्जुमा गर्नुपर्ने प्रावधान अनुरूप सुरुङ्गा गाउँपालिकाले यो योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको हो।
गाउँ शिक्षा योजना तर्जुमाको प्रारम्भिक चरणमा गाउँ शिक्षा समितिमा छलफल भई गाउँ शिक्षा योजना तर्जुमा समिति गठन गरिएको थियो। कोभिड-१९ को प्रकोपका कारण योजना तर्जुमा प्रक्रिया प्रभावित भई केही समय लाग्यो । कोरोना कहरकै बीच दूरीमा रही विभिन्न माध्यमसमेत प्रयोग गरी योजना तर्जुमा गर्ने कार्य भयो । योजना निर्माणका लागि कार्यपालिकाबाट नीतिगत मार्गदर्शन प्राप्त भएको थियो। गाउँ प्रमुख र सामाजिक विकास समिति संयोजकबाट निरन्तर राय-सल्लाह प्राप्त भइरह्यो। मस्यौदा तयारीको लागि शिक्षा, युवा तथा खेलकूद शाखाका शाखा प्रमुखलाई पूर्ण जिम्मेवारी प्राप्त भएको थियो। यस कार्यमा शाखाका अन्य कर्मचारीहरू समेत सहभागी भएका थिए। विकास साझेदार सेभ द चिल्ड्रेन तथा सबल नेपालसँग आवश्यक समन्वय र सहकार्य गरिएको थियो। योजना तयारीका लागि निम्नानुसारका सामग्रीहरूको अध्ययन र समीक्षा गरिएको थियो :

- गाउँ वस्तुगत विवरण (Village Profile), २०८१
- घरपरिवार सर्वेक्षण विवरण, २०८१
- सामुदायिक विद्यालयहरूको IEMIS, २०८०/२०८१, २०८१/२०८२
- विद्यालय अनुगमन प्रतिवेदनहरु
- गाउँपालिकाको वार्षिक बजेटहरू

- गाउँपालिकाद्वारा जारी ऐन, नियम र कार्यविधिहरु
- शिक्षा ऐन तथा नियमावलीहरू
- राष्ट्रिय शिक्षा नीति, २०७६
- विद्यालय शिक्षा क्षेत्र योजना (२०८१-२०८५)
- सोह्रौं योजना (२०८१-२०८५) मा शिक्षा
- मध्यमकालिन खर्च संरचना
- विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि
- विभिन्न आर्थिक वर्षमा भएका विद्यालय निकासाहरू

यसका साथै देहायका सामाग्रीहरुको समेत अध्ययन र समिक्षा गरिएको थियो ।

क) नेपालको संविधान
ख) सोह्रौं आवधिक योजना
ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४
घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७
ङ) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
च) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना
छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
ज) विद्यालय शिक्षामा समता रणनीति
झ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
ट) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८

योजना तयारीका क्रममा निम्न विषयहरूमा केन्द्रित भई महाभारत गाउँपालिकाको अवस्था पहिचान, विश्लेषण गरी मस्यौदातयार गरिएको थियो :

- प्रारम्भिक बालविकास तथा शिक्षा
- आधारभूत शिक्षा
- माध्यमिक शिक्षा
- पाठ्यक्रम तथा मूल्याङ्कन
- शिक्षक व्यवस्थापन, विकास र पेशागत सहायता
- अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ
- समतामूलक पहुँच र समावेशीकरण
- आपत्कालीन शिक्षा
- भौतिक पूर्वाधार विकास
- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग
- सुशासन तथा व्यवस्थापन
- अनुगमन र मूल्याङ्कन

योजना तयारी तथा विकासको लागि निम्नानुसारको संरचनात्मक व्यवस्था गरिएको थियो :

- **गाउँ शिक्षा योजना निर्माण समितिः** गाउँ शिक्षा समितिको बैठकको निर्णयबाट सामाजिक विकास समिति संयोजकको संयोजकत्वमा विद्यालयबाट आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, प्राविधिक तथा व्यावसायिक

शिक्षा तथा निरन्तर सिकाई लगायत सबै क्षेत्रको प्रतिनिधित्व हुने गरी ५ जना र प्रमुख प्रशासकीय अधिकृत र शिक्षा, युवा तथा खेलकूद शाखाका प्रमुख सदस्य-सचिव रहने गरी ७ सदस्यीय गाउँ शिक्षा योजना निर्माण समिति गठन गरिएको थियो।

- **सल्लाहकार समितिः** गाउँ शिक्षा समितिको निर्णयबाट गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत रहने गरी ३ सदस्यीय सल्लाहकार समिति गठन गरिएको थियो।
- **मस्यौदा निर्माण कार्यदलः** गाउँ शिक्षा योजना निर्माण समितिको पहिलो बैठकले प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गाउँपालिकामा कार्यरत शिक्षकहरुको समेत प्रतिनिधित्व गरी शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख सदस्य सचिव रहने गरी योजनाको मस्यौदा निर्माण कार्यदल गठन गरिएको थियो । साथै शाखाका अन्य कर्मचारीलाई समेत मस्यौदा निर्माणमा निरन्तर सहयोग गर्ने निर्देशन प्रदान गरिएको थियो ।
- **मस्यौदा लेखनको जिम्माः** शिक्षा योजना मस्यौदा निर्माण कार्यदलको बैठकले सरोकारवालाहरुसँग राय सुझाव संकलन गर्न कार्यशाला संचालन गर्ने निर्णय गरेको र सोहि बमोजिम कार्यशाला संचालन भई राय सुझाव संकलन समेत भई कार्यदलका सबै सदस्यलाई क्षेत्रगत शिर्षकमा मस्यौदा लेखनको जिम्मा दिइएको थियो।

मस्यौदा तयारी भएपश्चात् स्वीकृति नभएसम्म निम्नानुसारका कार्यहरू सम्पन्न भएका थिए :

- गाउँस्तरीय प्रअ बैठकमा छलफल र सुझाव सड्कलन
- गाउँपालिकाको वेबसाइटमा मस्यौदा प्रति प्रकाशन गरी राय-सुझाव सङ्कलन
- प्राप्त राय-सुझाव सहित गाउँ शिक्षा योजना निर्माण समितिमा छलफल
- राय-सुझाव मिलान गरी गाउँ शिक्षा समिति बैठकमा छलफल
- सल्लाहकार समितिद्वारा निरन्तर परामर्श
- राय-सुझाव मध्येनजर गरी योजना निर्माण समितिद्वारा अन्तिम मस्यौदा तयारी
- अन्तिम मस्यौदामाथि गाउँ शिक्षा समितिमा छलफल र कार्यपालिका बैठकमा पेश गर्ने आदेश
- कार्यपालिका बैठकमा छलफल, परिमार्जन र स्वीकृति।

## परिच्छेद दुई
## दूरदृष्टी ,लक्ष्य, उद्देश्य तथा प्रमुख उपलब्धी सुचकहरु

### २.१ दुरदृष्टि
गुणस्तरीय, प्रविधिमैत्री शिक्षाका माध्यमवाट जीवनउपयोगी, प्रतिस्पर्धी तथा रोजगारमुलक दक्ष जनशक्तियुक्त सामाजिक मूल्यमान्यतामा आधारित सचेत नागरिक उत्पादन ।

### २.२ लक्ष्य
प्रविधिमैत्री तथा उत्पादनमुखी शिक्षाको माध्यमले समावेशीता सहितको पहुँच, समता र सक्षमतामा आधारित गुणस्तरीय रोजगारमुलक तथा जीवनउपयोगी शिक्षा सुनिश्चत गर्ने।

### २.३ उद्देश्यहरु
- प्रारम्भिक बालविकास देखि माध्यमिक शिक्षामा निशुल्क, समन्यायिक पहुँच विस्तार गर्दै शैक्षिक गुणस्तर सुधार गर्नु
- उपयुक्त शैक्षिक पूर्वाधार सहितको बालमैत्री, अपांगमैत्री, लैंगिकमैत्री र प्रविधिमैत्री सिकाइ वातावरण तयार गर्नु,
- सबै विद्यालयमा आधारभूत पुर्वाधार, दक्ष जनशक्ति र संचार प्रविधिको व्यवस्था मिलाई गुणस्तरीय र प्रतिस्पर्धात्मक वातावरण तयार गर्नु
- प्राविधिक र व्यावसायिक शिक्षाको विकास एबम विस्तार गरी उत्पादनमुखी र सक्षम जनशक्ति उत्पादन गर्नु
- विद्यालय व्यवस्थापनमा सुशासन जवाफदेहिता र उत्तरदायित्वमा सुधार गर्दै विद्यालयको भौतिक तथा शैक्षिक वातावरण सुधार गरि शिक्षण सिकाई वातावरण निर्माण गर्नु
- गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्दै श्रम र सीप सहितको शैक्षिक जनशक्ति उत्पादन गर्नु,
- अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरुलाई विस्तार गर्नु।
- सिकाई क्रियाकलाप सञ्चालनको लागि न्युनतम सिकाई वातावरणको स्थापना गरी आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरुले शिक्षा प्राप्त गर्ने अवसरमा बृद्धिगर्नु।

### २.४ रणनीतिहरु
• एक विद्यालय एक बालविकास केन्द्रको अवधारणा लागु गर्दे बाल विकास केन्द्रको व्यवस्थापन अवस्था विश्लेषण सर्वे गरी राष्ट्रिय न्युनतम मापदण्ड मार्गदर्शक पुस्तिका बमोजिम गर्ने।

• शिक्षक दरबन्दि मिलान नियमित गर्दी अपुग शिक्षक भएका विद्यालयमा स्वयंमसेवक शिक्षक वा करार शिक्षकको व्यवस्था गरी विद्यालयलाई आवश्यक शिक्षकको व्यवस्था गर्ने।

• विभिन्न निकायहरूसँग समन्वय सहकार्य गर्दै शिक्षाको बजेटमा वृद्धि गर्ने।

• स्थानीय भाषा, लिपि संस्कार तथा संस्कृतिजन्य ज्ञान सीप र क्षमता अभिवृद्धिका लागि आवश्यक अवसरहरुको सुनिश्चितता गर्ने।

• सबै बालबालिकाहरुलाई विद्यालय शिक्षामा पहुँच सुनिश्चित गर्नका लागि विद्यालयहरूको नक्साङ्कन गरी आवश्यकताका आधारमा शैक्षिक सेवाहरूको पहुँच विस्तार गर्ने।

· अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्डबमोजिम विद्यालय शिक्षामा समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्ने।

• पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषणबाट उपलब्ध हुने सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित हुने

• पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सिपर व्यवहार विकासमा सहजीकरण भएको हुने

• सिकारुका सिकाइ समस्याको समाधानउन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्यङ्कन हुने

· स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन हुने

• राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेसागत विकास हुने

· शिक्षक तयारीका कोर्सहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाई सम्बन्धी सक्षमता विकास हुने
• शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने
· पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुने
• शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने
• शिक्षकको उपस्थिति, शिक्षण विधितथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुने
• शिक्षक विद्यार्थी अनुपातका आधारमा तहत, क्षेत्रगत र विषयगत रूपमा पालिकास्तरीय शिक्षक दरबन्दी मिलान/पुनर्वितरण हुने
· शिक्षकको वृत्ति विकासका लागि पारदर्शी, र वस्तुनिष्ठ आधार सहितको पद्धति स्थापित हुने
• विद्यालको शैक्षिक, भौतिक तथा आर्थिक अवस्था सुदृढ भएको हुने
• विद्यालयको विकास, सञ्चालन तथा व्यवस्थापन प्रभावकारी हुने
• विद्यालयमा गुणस्तरीय तथा समतामूलक शिक्षामा बालबालिकाको सहजपहुँचको आधार तयार हुने
· स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा उत्पादनशील जनशक्तिले आवश्यकता अनुसारका प्राविधिक तथा व्यावसायिक सिपका क्षेत्रहरूमापर्याप्त अवसर प्राप्त गरेको हुने।
• स्थानीय तहमा बहुप्राविधिक शिक्षालय/प्राविधिक धारका माध्यमिक विद्यालयहरूको स्थापना भई सञ्चालन हुने
· स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा सञ्चालित
संस्थाहरुबाट सञ्चालन हुने कार्यक्रमहरूको सन्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने।
• प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिपका क्षेत्रमा सार्वजनिक, निजी तथा सामूदायिक सहभागितामा लगानी अभिवृद्धि हुने
· विभिन्न समिति, प्रधानाध्यापकर लेखा तथा प्रशासनिक कर्मचारीहरूको क्षमता विकास हुने
· विद्यालय व्यवस्थापनमा सरोकारवालाहरूको सहभागिता अभिवृद्धि हुने
· आधुनिक प्रविधिमैत्री क्रियाकलापमा आधारित विद्यार्थीकेन्द्रित शिक्षण सिकाई क्रियाकलाप सञ्चालन भएको हुने
· प्रारम्भिक कक्षाका बालबालिकाहरूको पठन सिप अभिवृद्धि भएको हुने
· लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि भई गुणस्तर सुधार हुने
· विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाहगने
जनशक्तिको दक्षता र सक्षमता सुधार हने
• सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही,
समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुने
· अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भइ नतिजामा आधारित
अनुगमन प्रणाली स्थापित हुने

## २.४ कार्यनीतिहरु

• विद्यालय तहका सबै बालबालिकाहरुको पहुँचमा सुधारको लागि भर्ना अभियानलाई शैक्षिक सत्रको शुरुमा सम्बन्धित वड़ाको वडा अध्यक्षको संयोजकत्वमा एक समिति तयार गरी भर्ना अभियानलाई घरदैलो अभियान सहित विद्यार्थी विवरण सहितको सशक्त र प्रभावकारी बनाइनका साथै अभियान कार्यक्रम विद्यालय वडा तथा पालिकास्तरीय सञ्चालन गरीनेछ।
• विद्यालय जान नसक्ने बालबालिकाहरुको भर्ना अभियानबाट पहिचान गरी जोखिममा परेका बालबालिकाको शैक्षिक सहयोगका लागि बालबालिकासँग गाँउपालिका अध्यक्ष कार्यक्रम लागु गर्ने र बालबालिकाको अभिभावकत्व ग्रहण कार्यक्रम लागु गरिनेछ।
· हरेक वड़ा सहित पालिकामा विद्यालय बाहिर बालबालिका नभएको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

• प्रारम्भिक बालविकास केन्द्रको सिकाई सुधारको लागि प्रारम्भिक बाल विकास केन्द्रको पाठ्यक्रम २०७७ लाई कार्यान्वयनमा ल्याइनेछ।

· प्रधानाध्यापकहरुले खाईपाई आएको तलवको १० प्रतिशत भत्ताको व्यवस्था गरिनेछ।

• प्रारम्भिक कक्षाको सिकाई सुधारको लागि सिक्नको लागि पढ्ने धारणालाई थप निरन्तरता दिइनेछ।

• निरन्तर सिकाइको लागि माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई एक कार्यविधि तयार गरी परिचालन गरिनेछ।

· विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोगको लागि पालिकातहमा निश्चित कार्यविधि बनाई लागु गरिनेछ।

· महिला, दलित, जनजाती, लोपोन्मुख समुदाय, अपाङ्गताभएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर पाएको हुनेछ।

• विद्यालय तहको शिक्षण सिकाइमा सुधारको लागि शैक्षिक सामग्री सहितको शिक्षण, शिक्षकको पेशागत विकास र सहयोगमा प्राथमिकता दिदे सिकाइको लागि मुल्यांकनका साथ पालिका स्तरीय स्तरीकृत परीक्षा तथा परीक्षण लागु गरिनेछ।

• सबै विद्यालयमा प्रविधिमैत्रि शिक्षणको लागि चाहिने न्युनतम सामग्रीको सहयोग गर्दे प्रविधिमैत्री शिक्षण लागु गरिनेछ।

• शिक्षण सिकाई सुधारको लागि एक विद्यालय एक शैक्षणिक नेतृत्वकर्ताको रुपमा तोकि कार्यान्वयनमा ल्याइनेछ।

• आधारभुत तहमा स्थानीय पाठ्यक्रम विकास गरी लागु गरिनेछ।

• विद्यालयको शिक्षणसिकाई क्रियाकलापहरु सञ्चालनको लागि न्युनतम सिकाई वातावरणको सुनिश्चत गर्न प्रस्तावनामा आधारित शैक्षिक सुधार कार्यक्रम लागु गरिनेछ।

• निरन्तर सिकाइको लागि सामुदायिक सिकाई केन्द्रको थप सुदढीकरण गरी निरन्तर सिकाई कार्यक्रम सामुदायिक सिकाई केन्द्रबाट गरिनेछ।

· विद्यालय प्रअको छनोट र नियुक्ति प्रक्रियालाई पारदर्शी, विस्वासनीय गर्न निश्चित कार्यविधि तयार गरी नेतृत्व परीक्षण लागु गरिनेछ साथै प्रधानाध्यापकहरुका लागि समय सापेक्ष रुपमा भत्ताको व्यवस्था गरिनेछ ।

• विद्यालयको सुशासन, जवाफदेहिता तथा व्यवस्थापनमा प्रभावकारीता ल्याउन विभिन्न रणनीतिहरु कार्यान्वयनमा ल्याइनेछ । त्यस्ता रणनीतिहरुमा विद्यालयको नेतृत्वको क्षमता विकास कार्यक्रम, विद्यालय आचारसिंहता निर्माण र कार्यान्वयन, कार्यसम्पादन करार समझौता गरी पुरस्कार र दण्ड, बाह्य परीक्षकबाट हरेक बर्ष विद्यालयको कार्यसम्पादन मुल्यांकन, सामाजिक परीक्षण, लेखापरीक्षण र बार्षिक हुने विद्यालयको कार्यसम्पादन मुल्यांकनको आधारमा विद्यालयमा जाने कार्यक्रम तथा निकासालाई जोडूदै अनिवार्य र प्रभावकारी बनाने तथा विद्यालयको नियमित मासिक शैक्षिक गतिविधिहरुको जानकारीको प्रतिवेदन मासिक रुपमा सुचना प्रविधि मार्फत लिने प्रबन्ध मिलाइने छ।

• संकटको बेलामा पनि शिक्षणसिकाई सञ्चालन गर्न पालिका स्तरमा वैकल्पिक सिकाई सहजीकरणको कार्यक्रम लागि भर्चुअल सिकाई सहजीकरणको व्यवस्था मिलाइनेछ।

· अभिभावक तथा समुदाय सचेतिकरणको लागि विद्यालय परिवार तथा माध्यमिक तहका विद्यार्थीहरुलाई परिचालन गरिनेछ।

· वैकल्पिक शिक्षकको व्यवस्था गरिनेछ।

• भौतिक पुर्वाधार (भवन, खेलमैदान, घेराबारा, स्वच्छ पीठने पानी, शौचालय, फर्निचर आदी) विकास गरिनेछ।

· शैक्षिक जनशक्ति विकासका लागि प्रशिक्षण केन्द्र व्यवस्थापन गरिनेछ।

• सार्वजनिक पदधारण गरेका पदाधिकारी, सरकारी वेतनधारी कर्मचारी, शिक्षकहरुका सन्ततिहरुलाई सरकारी विद्यालयमा अनिवार्य पढाउने निति लिईनेछ।

· विद्यालय नक्साङकनका आधारमा विद्यालय स्थापना, समायोजन तथा विस्तार गरिनेछ।

• विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ।

· विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्ने अभियानलाई निरन्तरता दिंदे विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

• सबैका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्न शारीरिक तथा सामाजिक रूपमा पछाडि परेका बालबालिकाहरुलाई विशेष सिकाइ सामग्री र उचित शैक्षिक अवसरको सृजना गरिनेछ।

## २.५ अपेक्षित उपलब्धीहरु

• माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ।

• सबै सामुदायिक विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा उच्च शिक्षा प्रदायक संघ संस्था पेसागत रूपमा दक्ष जनशक्ति कार्यरत रहेको हुने हुनेछ।

• पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमता सहित सृजनशील, सकारात्मकसोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार भएको हुनेछ।

• सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुनेछ ।

· सबै विद्यालयहरू गुणस्तरी शिक्षा प्रदान गर्न सक्षम भएका हुनेछन।

· विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुनेछ।

· विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सन्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रबर्द्धन भएको हुनेछ।

· प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरुलाई समयमैं सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भएको हुनेछ।

• सबै बालबालिकाहरुलाई निशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि भएको हुनेछ।

• सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा माध्यमिक शिक्षाको सन्दर्भिकता र गुणस्तरमा अभिवृद्धि भएको हुनेछ।

• पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग र उचित सिकाई वातावरणको निर्माण भएको हुनेछ।

• माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार भएको हुनेछ।

• माध्यमिक विद्यालयहरू प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील भएको हुनेछ ।

• सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुनेछ।

• स्थानीय तहमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाहरुबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि भएको हुनेछ।

# परिच्छेद तिन
# विद्यालय शिक्षाका मुख्य क्षेत्रहरु

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

प्रारम्भिक बाल उमेर समूहका बालबालिकाहरुको शारीरिक, मानसिक, संवेगात्मक, मनोबैज्ञानिक तथा सामाजिक क्षेत्रमा हुने सकारात्मक परिवर्तन नै प्रारम्भिक बालविकास हो । सोही उमेर समूहका बालबालिकाको सर्वाङ्गीण पक्षको विकासका प्रदान गरिने शिक्षालाई प्रारम्भिक बालविकास शिक्षा भनिन्छ । नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को आठौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रुपमा मान्यता दिएसँगै प्रारम्भिक बालविकास शिक्षालाई बालबालिकाहरुको शारीरीक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक तथा सिर्जनात्मक पक्षको विकासका लागि महत्वपूर्ण क्षेत्रको रुपमा विकास गरी उनीहरुलाई आधारभूत शिक्षाका लागि तयार पार्नका लागि बालविकास शिक्षालाई सर्वसुलभ महाभारत र गुणस्तरीय बनाउनु आजको अनिवार्य आवश्यकता हो भन्ने विषयलाई केन्द्रमा राख्दै महाभारत गाउँपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई पहुँचयोग्य, सु-व्यवस्थित र गुणस्तरीय बनाउने खालका कार्यक्रमहरु समावेस गरिएको छ ।

### ३.१.१ वर्तमान अवस्था

८ वटा वडा रहेको यस महाभारत गाउँपालिकामा ४९ वटा विद्यालयहरु रहेता पनि ३९ वटा मात्र विद्यालयमा आधारित बालविकास केन्द्रहरु रहेको छ भने समुदायमा आधारित बालविकास केन्द्रहरु छैनन् । वडागत रुपमा वडा नं. १ मा ५, वडा नं. २ मा ४, वडा नं. ३ मा ८, वडा नं. ४ मा ४, वडा नं. ५ मा ६, वडा नं. ६ मा ५, ७ मा ३ र वडा नं. ८ मा ४ बालविकास केन्द्र गरी हाल ३९ वटा विद्यालयमा आधारित नेपाल सरकारबाट अनुदान प्राप्त बालविकास केन्द्रहरु सञ्चालनमा रहेका छन । शैक्षिक सत्र २०८२ मा महाभारत गाउँपालिका भित्र भर्ना भएका विद्यालयको अभिलेख अनुसार बालविकास केन्द्रहरुमा अध्ययनरत बालबालिकाहरुको सङ्ख्या १७९ जना छात्रा र २१६ जना छात्र गरी ३९५ जना रहेको छ भने २०८१ सालको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक भएको तथ्याङ्क अनुसार यस गाउँपालिका अन्तर्गतका बालविकास केन्द्रहरुमा अध्ययनरत बालबालिकाहरुको सङ्ख्या जना छात्रा र २ जना छात्र गरी ५ जना रहेको छ । जसको लैङ्गिक समता १ हुन्छ । यस गाउँपालिका भित्रका ३८ वटै बालविकास केन्द्रहरु न्यूनतम पूर्वाधार रहेको छ भने केही बालविकास केन्द्रहरुले पुर्वधार विकासको प्रयास गरेको देखिन्छ । यस गाउँ पालिका भित्रका प्रत्येक बालविकास केन्द्रहरुमा १/१ जना बालविकास सहजकर्ताहरुको व्यवस्था गरिएको छ । यस गाउँपालिकाको सम्पुर्ण सहजकर्ताहरु प्रविणता प्रमाणपत्र तह वा सो सरहको शैक्षिक योग्यता भएका र ३६ जना सहजकर्ताहरुले प्रारम्भिक बालविकास शिक्षा सम्बन्धी तालिम प्राप्त गरेका छन् नेपाल सरकारले प्रदान गर्दै आएको सेवा सुविधामा गाउँपालिकाले अनुदान थप गरी न्यूनतम पारिश्रमिकको व्यवस्था गरिएको छ । साथै गाउँपालिकाले आफ्नै वार्षिक कार्यक्रममा बालविकास सहजकर्ता थप पारिश्रमिक अनुदान शीर्षकमा बजेट तथा कार्यक्रम समावेश गरेको छ ।

**चुनौतीहरु**

- प्रारम्भिक बालविकास शिक्षामा सबै वर्ग र क्षेत्रका बालबालिकाहरुको पहुँच वृद्धि गर्नु
- प्रत्येक विद्यालय र समुदायमा बालविकास केन्द्रहरु स्थापना गर्नु
- सबै बालविकास केन्द्रहरुलाई न्यूनतम मापदण्डमा आधारित बनाउनु
- बालविकास शिक्षकहरुको आवश्यकतामा आधारित क्षमता विकास गर्नु
- गुणस्तरीय र बालमैत्री प्रारम्भिक बाल शिक्षाको सुनिश्चितता गर्नु
- प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाहरुलाई कक्षा १ बाट अलग गर्नु

- बालमैत्री बसाइ व्यवस्थापन गर्नु

**अवसरहरु**

- गाउँपालिका भर ३८ प्रारम्भिक बालविकास केन्द्रको स्थापना हुनु
- सबै बालबालिकाका लागि उचित दिवा खाजाको व्यवस्था हुनु
- प्रारम्भिक बालविकास केन्द्र सञ्चालन, व्यवस्थापन तथा रेखदेखको अधिकार स्थानीय तहमा हुनु
- सबै बालविकास केन्द्रहरुमा १/१ जना सहजकर्ताहरुको व्यवस्था हुनु
- प्रतिविद्यार्थी लागतका आधारमा शैक्षिक सामग्री व्यवस्थापनका लागि अनुदानको व्यवस्था हुनु
- गैर-सरकारी संघसंस्थाहरुले प्रारम्भिक बालविकास केन्द्रलाई सहयोग गर्नु

### ३.१.२ उद्देश्य

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु
- प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर सुनिश्चित गर्नु
- सबै बालविकास केन्द्रहरुलाई न्यूनतम पूर्वाधारयुक्त तथा सिकाइ सक्षमतामा आधारित बनाउनु

### ३.१.३ रणनीतिहरू

प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाको पहुँचका लागि न्यूनतम मापदण्ड, नर्म्स र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,

1) सबै बालविकास केन्द्रहरुको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने
2) भौगोलिक रुपमा विकट क्षेत्रमा बसोबास गर्ने, अपाङ्गता भएका बालबालिकाहरुका लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने
3) राष्ट्रिय पाठ्यक्रम प्रारूपमा आधारित प्रारम्भिक बालविकास शिक्षा पाठ्यक्रमको कार्यान्वयन गर्ने
4) प्रारम्भिक बालविकास शिक्षामा अभिभावक वडा कार्यालय तथा गाउँपालिकाको सहभागिता अभिबृद्धि गर्ने
5) कार्यक्रमको प्रभावकारिता बृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी संघ संस्था, निजि क्षेत्र र विद्यालयहरूबीच समन्वय तथा सहकार्य तथा लागत सहभागिता अभिवृद्धि गर्ने र उनीहरुलाई जिम्मेवार बनाउने
6) बालविकास सहजकर्ताहरुको क्षमता विकासका लागि आवश्यक क्षमता विकास तालिम तथा कार्यशाला सञ्चालन गर्ने
7) बालकक्षा व्यवस्थापन, कक्षाकोठा सजावट, प्रविधिमा आधारित शैक्षिक सामग्री तथा बाल उद्यानको व्यवस्था गर्ने
8) बालविकास र शिक्षालाई बालमैत्री र अपाङ्गतामैत्री पूर्वाधारयुक्त बनाउने
9) अभिभावकलाई शिक्षा दिने
10) खेल तथा मनोरञ्जनका सामग्रीहरु व्यवस्थापन गर्ने ।

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः**

1) सबै बालविकास केन्द्रहरु न्यूनतम मापदण्ड पूरा गरेका हुने
2) सबै बालविकास केन्द्रहरुमा आवश्यक योग्यता पुगेका तालिम प्राप्त शिक्षकको व्यवस्था भएको हुने
3) सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | सूचक | आधार वर्ष २०८१ | २०८२/०८३ | २०८३/०८४ | २०८५/०८६ | २०८६/०८७ | २०८७/०८८ |
|---|---|---|---|---|---|---|---|
| १ | तोकिएको न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | ८ | ९ | ५ | ६ | ६ | ५ |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने विद्यार्थी प्रतिशत | 90.63 | 92.51 | 94.37 | 96.24 | 98.14 | 100 |
| ३ | न्यूनतम शैक्षिक योग्यता र तालिम प्राप्त बालविकास सहजकर्ता सङ्ख्या | 19 | 22 | 25 | 30 | 35 | 39 |
| ४ | प्रारम्भिक बालविकास शिक्षा पाठ्यक्रम कार्यान्वयनको अवस्था | 50 % | 60% | 70% | 90% | 95% | 100% |
| ५ | प्रारम्भिक बालविकास शिक्षाको पहुँचमा रहेका विद्यार्थी सङ्ख्या | 796 | 800 | 810 | 825 | 830 | 832 |

## ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१०वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | प्रारम्भिक बालविकास केन्द्रहरूको नक्साङ्कन | संख्या | ५ | ५ | १० | १० | ९ | ३९ | |
| २ | प्रारम्भिक बालविकास पुनर्वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | बालविकास केन्द्रहरुको सबलीकरण | संख्या | १० | १५ | २५ | ३० | ३५ | ३९ | |
| ४ | बालमैत्री बसाइ व्यवस्थापन ( पिफर्म कार्पेट कुशन तथा सिकाइ कुना अनुसारका र्याक र सामाग्री) | संख्या | १९ | २३ | २९ | ३४ | ३९ | ३९ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | प्रारम्भिक बालविकास पाठ्यक्रम प्रबोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | प्रारम्भिक बालविकास सहजकर्ता क्षमता विकास | संख्या | ३७ | ० | २० | १५ | २५ | ३९ | |
| ७ | खेल, मनोरञ्जन तथा प्रिविधिमैत्री सामाग्री व्यवस्थापन | संख्या | ८ | ८ | ८ | ८ | ७ | ३९ | |
| ८ | बालबालिकाको स्वास्थ्य जाँच ( खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषाण भएका बालबिलकाको आवश्यक प्रबन्ध गर्ने) | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| ९ | विद्यालयद्धारा अभिभावक शिक्षा तथा सचेतना | संख्या | २० | २५ | ३० | ३५ | ३९ | ३९ | |
| १० | बालबालिकाको अभिलेख व्यवस्थापन | पटक | ३ | ३ | ३ | ३ | ३ | ३ | |
| ११ | प्रारम्भिक बालविकास शिक्षक प्रोत्साहन (स्थानिय तह) | संख्या | ० | ३ | ३ | ३ | ३ | ३ | |

## ३.२ आधारभूत शिक्षा

विद्यालय शिक्षाको सुरुवात र माध्यमिक शिक्षाको जग आधारभूत शिक्षा हो । आधारभूत तह शिक्षाको उमेर समूह ५ देखि १२ वर्षका बालबालिकाहरुलाई समेट्छ । आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकासगुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ । यसले व्यक्तिलाई जीवनपर्यान्त सिकाइको मार्ग प्रशस्त गरी सामाजिक र आर्थिक रुपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ । नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षामा पहुँच साथै अनिर्वाय र निःशुल्क पाउने हकको व्यवस्था गरेको छ । प्रचलित कानुनहरुले परिभाषित गरे अनुसार प्रारम्भिक बालशिक्षादेखि कक्षा आठ सम्म दिइने शिक्षालाई आधारभुत तह मानिएको छ । अनिर्वाय र निःशुल्क शिक्षा सम्बन्धि ऐन, २०७५ ले आधारभूत शिक्षा प्रदान गर्ने दायित्व र आवश्यक व्यवस्था जिम्मेवारी सघं, पदेश र स्थानीय

तहको छ । आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउले प्रत्येक नागरिकको कर्तव्य हुने कुरा उल्लेख गरेको छ ।

### ३.२.१ वर्तमान अवस्था

महाभारत गाउँपालिका भित्र कक्षा १—५ सञ्चालन भएका ३२ वटा विद्यालय र कक्षा १—८ सञ्चालन भएका ९ वटा विद्यालयहरु छन् । त्यसै गरी, कक्षा १—१० सञ्चालन भएका ४ .र कक्षा १—१२ सञ्चालन भएका ४ वटा गरी जम्मा ४९ वटा विद्यालय छन् । आधारभूत तहमा कुल विद्यार्थी संख्या २२६७ र विद्यालय विद्यार्थी अनुपात ५५.२९:१ रहेको पाइन्छ । यस्तै आधारभूत तह (१—५) तर्फ कुल विद्यार्थी सङ्ख्या ११२० र विद्यालय विद्यार्थी अनुपात ३५:१ रहेको छ । यस्तै आधारभूत तह (६—८) तर्फ कुल विद्यार्थी सङ्ख्या ११४७ विद्यालय विद्यार्थी अनुपात १२७. ४४:१ रहेको छ ।

महाभारत गाउँपालिका भित्र विद्यालयको प्रारम्भिक शिक्षाको अनुभव सहितको कक्षा १ भर्नादर १०० प्रतिशत रहेको छ । साथै शैक्षिक सत्र २०८२ मा १४०१ जना छात्रा र १२७४ जना छात्र गरी जम्मा २६७५ जना विद्यार्थीहरु आधारभूत तहमा भर्ना भएको पाइन्छ । महाभारत गाउँपालिकामा अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा भएको हुदाँ आधारभूत तहको कुनै पनि बालबालिका विद्यालय बाहिर रहेको पाइदैन ।

यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयको आधारभूत तहमा हाल ५५ जना शिक्षकहरु कार्यरत रहेको छ । यस तथ्याङ्कलाई हेर्दा विद्यार्थी शिक्षक अनुपात २०.८५:१ र विद्यालय शिक्षक अनुपात ६.११:१ रहेको छ । न्यून दरबन्दी र शून्य दरबन्दी भएका विद्यालयहरुमा शिक्षण सहयोग अनुदानको व्यवस्था गरिएको छ ।

इमिस रिपोर्ट २०८१ अनुसार महाभारत गाउँपालिकामा आधारभूत तहको सहजै देखिने भर्ना दर ८०.१९ रहेको छ । जसमध्ये (१—५) तर्फ सहजै देखिने भर्ना दर ११६.५९ र ( ६—८) तर्फ सहजै देखिने भर्ना दर १०२.०५ रहेको छ । यस्तै आधारभूत तहको खुद भर्ना दर ४६.४४ रहेको छ । जसमध्ये ( १—५) तर्फ खुद भर्ना दर ७३.७८ र ( ६—८) तर्फ खुद भर्ना दर १००.४९ करहेको छ । संघियताको कार्यान्वयन पश्चात यस गाउँपालिकाले अनिवार्य तथा नि शुल्क आधारभूत शिक्षाका लागि शिक्षण सिकाइ अनुदान कार्यकमहरु सञ्चालन गर्दै आएको छ ।

**चुनौतीहरु**

- अनिवार्य र नि शुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्नु ,
- विद्यालय र विद्यार्थी सङ्ख्या अनुसार शिक्षक दरबन्दीको व्यवस्था गर्न,
- बालमैत्री भौतिक पूर्वाधार विकासका लागि पर्याप्त बजेटको व्यवस्था गर्नु ,
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्नु ,
- दिवा खाजा तथा शुद्ध खानेपानीको प्रभावकारी व्यवस्था गर्नु ,

**अवसरहरु**

- संविधानमा नै आधारभूत शिक्षा अनिवार्य र निःशुल्क हुने व्यवस्था हुनु,
- आधारभूत शिक्षा स्थानीय तहको एकल अधिकारको विषय हुनु,
- सामुदायिक विद्यालयहरुमा शिक्षक दरबन्दिको व्यवस्था हुनु,
- आधारभूत शिक्षामा दिवा खाजा तथा पोषण कार्यक्रम सञ्चालन हुनु,

- समता तथा पहुँच वृद्धिका लागि रान्यका सबै सरकारले छात्रवृत्ति तथा प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गर्न सक्नु,

### ३.२.२ उद्देश्य

१. अनिवार्य तथा निःशुल्क अधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन मार्फत सबै बालबालिकाहरूलाई आधारभूत तह पूरा गर्ने अवस्था सुनिश्चित गर्नु,

२.आधारभूत तहको शिक्षामा आधारभूत शिक्षा उमेर समुह सबैको समतामसलक पहुँच र सहभागिता सुनिश्चत गर्नु,

३. आधारभूत तह सञ्चालित विद्यालयहरूको भौतिक, शैक्षिक वातावरण बालमैत्री, समावेशी, अपाङ्गमैत्री र सुरक्षित बनाउनु,

४. विद्यालयहरूलाई प्रशासनिक र व्यवस्थापकीय पक्षमा सुधार गरी जबाफदेही बनाउनु,

### ३.२.३ रणनीतिहरू

१. आवश्यकताको आधारमा विद्यालयहरुको नक्साङ्कन,पुनर्वितरण तथा समायोजन गर्ने,

२. अनिवार्य तथा निः शल्क आधारभूत शिक्षाको अवधारणा कार्यान्वयन गर्न आवश्यक कानुन र स्रोतको व्यवस्था गर्ने,

३. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको विवरण संकलन गरी पहुँच सुनिश्चित गर्नका लागि आवश्यक प्रवन्ध मिलाउने,

४. बालबालिकाको पहुँचयुक्त पूर्वाधारको निर्माण गुणस्तरीय सिकई मैत्री वातावरण सृजना गर्ने,

५. विद्यार्थीलाई प्रोत्साहनका लागि छात्रवृत्तिको व्यवस्था गर्ने,

६. आधारभूत तह उमेर समुहका सबै बालबालिकालाई विद्यालय भर्ना गराउने अभियान सञ्चालन गर्ने र भर्ना भएकाहरूले कक्षा ८ पूरा नगरी विद्यालय छोडेमा विद्यालय छोडनुपर्ने कारण पत्ता लगाई गाउँपालिकाको सहयोगमा समाधानका उपायहरू खोजेर पुनः विद्यालय भर्ना गराउने वा उमेर अनुसार व्यवसायिक सीप सिकाउने व्यवस्था मिलाई रोजगारीमा जान वा स्वरोजगार हुन सहयोग गर्ने,

७. अभिभावकलाई अपनत्व ग्रहण गर्ने परिपाटीको विकास गर्ने,

८. प्रत्येक विद्यालयमा विद्यार्थीहरूले दिवा खाजाको खाने व्यवस्था गर्न स्थानीय संघसंस्थाको साझेदारीमा पालिकाको सहकार्य र सहजीकरणमा विद्यालयहरूले कार्यक्रम सञ्चालन यर्ने,

९. विद्यार्थी सङ्ख्या न्यून भएका तथा शिक्षक दरबन्दी कम भएका विद्यालयहरूमा बहुकक्षा बहरस्तर शिक्षण सिकाईका विधिहरू प्रयोग गर्ने,

१०. न्यूनतम सिकाइ उपलब्धी हासिल गराउन निरन्तर तथा आवधिक रुपमा सिकाइको मूल्याङ्कन गर्ने,

११. कक्षा १ –३ मा एकीकृत पाठ्यक्रमका आधारमा कक्षा शिक्षणलाई कार्यान्वयन गर्नुका साथै पठन तथा गणितीय सीप प्रवरर्द्धन गर्ने,

१२. आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने,

१३. विद्यालयहरूमा बालमैत्री विद्यालय प्रारूप २०६७ का प्रवधानहरू लागु गराउने व्यवस्था गर्ने,

१४. विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित बालमैत्री, समावेशी, अपाङ्गमैत्री, सुरक्षित र न्यूनतम सक्षमतामा आधारीत सिकाइ वातावरण तयार गर्ने,

१५. विद्यालय शिक्षालाई विविधताअनुकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनुकुल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनुकुलको माध्यम भाषाको उपयोग तथा सामाजिक सांस्कृतिक विविधताको सम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने,

१६. विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने,

१७. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने,

१८. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरूको क्षमता विकास गर्ने,

१९. प्रत्येक विद्यालयका प्रधानाध्यापकहरूले विद्यार्थीका सिकाइका लागि शिक्षकलाई जिम्मेवार बनाउन कार्य सम्पादन सम्झौता गर्ने व्यवस्था मिलाउने,

२०. नतिजाप्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको प्रशासकिय तथा व्यवस्थापकिय पद्धतिमा सुधार गर्ने,

### ३.२.४ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धी**

१. अविवार्य तथा निः शुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भएको हुने,
२. आधारभूत शिक्षामा गुणस्तर अभिवृद्धि भएको हुने,
३. सबै बालबालिकाहरूले आधारभूत तह पूरा गरेको हुने,

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत शिक्षाको पहुँच पुगेका बालबालिकाको सङ्ख्या | २६९३ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २ | विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | ० | ० | ० | ० | ० | ० |
| ३ | न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएका विद्यालको सङ्ख्या | ४० | ४२ | ४४ | ४६ | ४८ | ४९ |
| ४ | आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भएका विद्यालयको सङ्ख्या | ४० | ४२ | ४३ | ४४ | ४५ | ४६ |
| ५ | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड पूरा गरेको विद्यालय | २८ | ३० | ३३ | ३७ | ४० | ४८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | | | | | | |
| ६ | शिक्षकको क्षमता विकास सम्बन्धी तालिम प्राप्त शिक्षकको सङ्ख्या | | | | | | |
| ७ | विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध हुने | ४९ | ४८ | ४८ | ४८ | ४८ | ४८ |

### ३.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | विद्यालय नक्शाङ्कन | पटक | १ | १ | १ | १ | १ | | |
| २ | कक्षा थप तथा समायोजन | पटक | ० | | | | | | |
| ३ | विद्यालय बाहिर रहेका बालबालिका पहिचान | पटक | १ | १ | १ | १ | १ | | |
| ४ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | पटक | १ | १ | १ | १ | १ | | |
| ५ | शिक्षण सिकाइ सामग्री, डिजिटल सिकाइ सामग्री तथा बुक कर्नर व्यवस्थापनका लागि अनुदान | पटक | १ | १ | १ | १ | १ | | |
| ६ | सबै बालबालिका विद्यालय भर्ना | पटक | १ | १ | १ | १ | १ | | |
| ७ | विपन्न तथा दलित समुदाय विद्यार्थी सहयोग तथा छात्रवृत्ति | पटक | १ | १ | १ | १ | १ | | |
| ८ | सिकाइका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन कक्षा १ मा नयाँ भर्ना भएका विद्यार्थीको पोटफोलियो निर्माण | पटक | १ | १ | १ | १ | १ | | |
| ९ | गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | पटक | १ | १ | १ | १ | १ | | |
| १० | कक्षा ८ को बार्षिक परीक्षा | पटक | १ | १ | १ | १ | १ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सञ्चालन व्यवस्थापन तथा प्रमाणिकरण | | | | | | | | |
| ११ | अभिभावक शिक्षा | पटक | १ | १ | १ | १ | १ | | |
| १२ | आधारभूत कक्षा १– ३ का बालबालिकाहरुका लागि पठन सिप विकास | पटक | १ | १ | १ | | | | |
| १३ | आधारभूत कक्षा १– ३ का बालबालिकाहरुको गणितीय सिप विकास | | | | | | | | |
| १४ | लेखन सीप विकास अभ्यास | पटक | १ | | | | | | |
| १५ | कक्षा १– ३ मा बालमैत्री र छापायुक्त कक्षाकोठा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | | |
| १६ | कक्षा १– ३ मा अध्ययनरत बालबालिकाहरुको लागि पढाई तथा गणितका  सामग्री वितरण | पटक | १ | १ | १ | १ | १ | | |
| १७ | शुक्रवार विद्यालयमा तथा त्रैमासिक वा अर्धवार्षिक रूपमा पालिका स्तरीय अतिरित्त सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १८ | सिकाइ उपलब्धी कम भएका विद्यार्थीका लागि उपचारात्मक कक्षा | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १९ | विद्यालयमा विद्यार्थी नियमितताको लागि अभिभावक फलोअप | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

## ३.३ माध्यमिक शिक्षा

शिक्षा  ऐन २०२८ तथा विद्यालय क्षेत्र शिक्षा योजनाका अनुसार १३ वर्ष देखी १६ वर्ष उमेर समुहका बालबलिकाहरूलाई विद्यालय तहको कक्षा ९ देखि १२ कक्षा कक्षा सम्म प्रदान गरिने शिक्षालाई माध्यमिक शिक्षा भनिन्छ। उच्च शिक्षाको जगको रूपमा माध्यमिक शिक्षालाई साधरणा,व्यावसायिक र धार्मिक गरि ३ धारमा विभाजन गरीएके छ ।नेपालको सँविधान २०७२ ले आधारभुत तथा माध्यमिक तहको शिक्षाको रेखदेख नियमन र व्यवस्थापनको जिम्मेवारी सहितको एकल अधिकारको रूपमा स्थापीत गरी माध्यमिक तहको शिक्षालाई निशुल्क तथा आधारभुत तह सम्मको शिक्षालाई अनिवार्य तथा निशुल्क गर्नाका लागि मौलिक हकको रूपमा व्वस्था गरेको छ। राषिटय शिक्षा नीति २०७६ ले माध्यमिक शिक्षा गुणस्तरीय,निशुल्क,पहुँचको सुनिश्चतता,सर्वसुलभ हुने गरी सिर्जनशीलता,

रचनात्मकता,अध्ययनशीलता,सकरात्मक सोच भएको,सामाजिक तथा नैतिक गुणले भरिपुर्ण प्रतिस्पर्धी,सीपयुक्त तथा उत्पादनशील जनशक्ति तयार गर्ने उदेश्यराखेको छ । यसै सन्दर्भलाई आधार बनाउदै यस योजनामा महाभारत गाँउपालिकाले माध्यमिक शिक्षालाई सर्वसुलभ,पहुँचयोग्य,निशुल्क र गुणस्तरीय बनाउनका लागि विभिन्न कार्यक्रमहरू समावेश गरिएको छ।

### ३.३.१ वर्तमान अवस्था

यस महाभारत गाउँपालिका भित्र ८ ओटा सामुदायिक माध्यमिक विद्यालय रहेका छन जसमा ७ वटा साधारण धारका माध्यमिक विद्यालय तथा १ वटा प्राविधिक माध्यमिक विद्यालय रहेका छन। ७ ओटा माध्यमिक विद्यालयहरूमध्ये कक्षा बाल देखी १२ सम्म संचालित ३ वटा, कक्षा बाल देखि १२ सम्म साधरणा प्राविधिक माध्यिमिक विद्यालय १ र कक्षा बाल दखि कक्षा १० सम्म संचालित ४ ओटा माध्यमिक विद्यालयहरू रहेका छन। महाभारत गाउँपालिकाको तथ्याङ्क अनुसार माध्यमिक तहसम्म छात्र  र छात्रा १०७० जना विद्यार्थीहरू रहेका छन। यस महाभारत गाउँपलिकामा कक्षा ९ मा खुद भर्ना दर ९० प्रतिशत रहेको छ। यसै गरि कक्षा ११ मा खुद भर्नादर ५५ प्रतिशत रहेको भने कुल भर्नादर ९० प्रतिशत रहेको छ।७ वटा साधरणा धारका विद्यालयहरूमा माध्यमिक तहको स्वीकृत दरवन्दि ३, राहत कोटा ६, संघीय सिकाई अनुदान ८ माध्यमिक दितीय ३ ओटा गरि २० ओटा रहेका छन, त्यसै गरि प्राविधिक धार तर्फ ८ ओटा रहेको छ यसै गरि प्रदेश सिकाई अनुदान २ वटा रहेका छन।यसरी हेर्दा कक्ष ९/१२ सम्म नियमानुसार माध्यमिक तहमा नपुग दरवन्दि १९ ओटा रहेको छ।विषयगत र तहगतरूपमा दरवन्दिको व्यवस्थापन गर्न १२५६३७३३ लागत लाग्दछ ।शैक्षिक सत्र २०८१ अनुसार कक्षा १० मा उतिर्णा प्रतिशत ८० रहेको छ भने कक्षा १२ को नतिजा ९० प्रतिशत रहेको छ ।

भौतिक पूर्वधारतर्फ प्रत्येक माध्यमिक विद्यालयमा पक्की र अर्धपक्की भवन गरि पर्याप्त कक्षा कोठाहरू रहेका छन भने कहि विद्यालयहरूका भवन निर्माणधिन अवस्थामा रहेका छन ।संघीयताको कार्यान्वयन सँगै यस महाभारत गाउँपलिकामा स्वीकृत दरवन्दि,राहतकोटा,संघीय प्रदेश सिकाई अनुदान र पालिकाको सिकाई अनुदानबाट माध्यमिक विद्यालयहरू संचालित हुँदै आइरहेका छन

**चुनौतीहरू**

- माध्यमिक शिक्षालाई सर्वसुलभ,पहुँचयोग्य र निःशुल्क बनाउनु,
- सवै विद्यालयहरूलाई तहगत र विषयगत दरवन्दिको व्यवस्थापन गर्नु,
- शिक्षकहरूको क्षमता विकास तालिम तथा पाठ्यक्रम प्रवोधिकरणको व्यवस्था गर्नु,
- प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिन नसक्नु,
- योग्य,तालिमप्राप्त तथा क्षमतावन शिक्षाकहरूको व्यवस्थापन गर्न नसक्नु र आएकाहरूलाई पनि टिकाउन नसक्नु,
- अँग्रेजी,गणित र विज्ञान जस्ता विषयहरूको विषयगत शिक्षकहरू स्थानीय तहले उत्पादन गर्न नसक्नु,
- माध्यमिक तहसम्म सरेकारवालाहरूले आफ्ना सन्ततीहरूलाई सामुदायिक विद्यालयमा पढाउने वातवरणा नवन्नु र सामुदायिक विद्यालयप्रति विश्वास घट्दै जानु ,
- शिक्षण पेशालाई आकर्षक बनाउन नसक्नु,
- दरवन्दि स्वीकृत गर्ने अधिकार स्थानीय सरकारलाई नहुनु र शिक्षक व्यवस्थापन गर्न पर्याप्त बजेट नहुनु ।

**अवसरहरू**

- माध्यमिक तह सम्मको शिक्षाको एकल अधिकार संवैधानिक रूपमा स्थानीय सरकारलाइ दिनु,

- माध्यमिक तहसम्मको शिक्षालाई आफ्नै योजना र व्यवस्थापनमा संचालन गर्न पाउनु,
- विद्यालयका भौतिक पुर्वाधारहरूको राम्रो विकास हुँदै जानु ,
- आफ्नै लगानी,आफ्नै प्रक्रिया र उत्पादन आफ्नै हुनेहुँदा जस अपजस आफैंले लिन पाउनु,
- आफ्नो पालिका भित्रका आमसरोकारवालाहरूसंग समन्वय,सहकार्य,अन्तर्क्रीया र एकता भइ विद्यालय चलाउने अवसर प्रप्त गर्नु।

### ३.३.२ उद्देश्य

१) माध्यमिक शिक्षालाई निःशुल्क तथा सर्वसुलभ बनाउनु,

२) माध्यमिक शिक्षामा समतामूलक पहुँच तथा आमसहभागिता सुनिश्चता गर्नु ,

३) सम्पुर्णा विद्यालय उमेर समुहका बालबालिकाहरूलाई माध्यमिक तह सम्मको शिक्षा अनिवार्य तथा निःशुल्क गर्दै लैजानु,

४) माध्यमिक शिक्षाको सान्दर्भिक्ता तथा महत्वको बारेमा प्रषट पार्नु,

५) माध्यमिक तह सम्मका शिक्षालाई बालमैत्री,समावेशी,समतामुलक बनाउदै लैजानु ।

### ३.३.३ रणनीतिहरू

१) माध्यमिक शिक्षामा आम बालबालिकाहरूको पहुँचमा बृद्दी गर्न,सुनिश्चत गर्न विद्यालहरू आवश्यकता,भौगेलिक विकट्ता, विद्यार्थीसंख्या, यातायातको सुविधाका आधारमा मर्जीङ, नक्साङ्न तथा तह, कक्षा, विद्यालय मिलान गर्ने।

२) पालिकाको गौरवको रूपमा १ नमुना विद्यालय र एक ठुलो विद्यालयकोरूपमा विकसित गर्ने र त्यसमा आवश्यकपर्ने सम्पुर्णा पुवर्वाधारहरू पालिकाले पुरा गर्ने।

३) विद्यार्थीहरूको पहुँचमा बृद्दि गर्न विभिन्नखालका प्रोत्साहानका कार्यक्रमहरूको कानुनी रूपमा सुनिश्चत गर्ने।

४) सामुदायिक माध्यमिक विद्यालयका शिक्षकहरूलाई प्रोत्साहित गरि बालबालिकाहरूको सिकाई क्षमतामा विकास गर्ने विभिन्न कार्यक्रमहरूको सुनिश्चत गर्ने।

५) शिक्षामा नविनतम सिकाई प्रविधको विकास गर्न आवश्यक श्रोत र साधनको सुनिश्चित गरिने।

६)बालबालिकाहरुको सर्वाङ्गीन पक्षको विकास गर्न विविध खालका खेलकुद तथा अतिरिक्त सहकार्यकलापको सनिश्चित गरि अन्तरपालिका तथा पालिका स्तरीय पर्तीयेगीता सँचालन गर्ने।

७) सामुदायिक माध्यमिक विद्यालयको गुणस्तर बढाउन प्रधानाध्यापकको क्षमता विकास गर्न आवश्यक अतिरिक्त सुविधाको सुनिश्चित गरि बढि जिम्मेवार बनाउने ।

८) सामुदायिक माध्यमिक विद्यालयको गुणस्तर कायम राख्न विभिन्न समितिहरुलाई जिम्मेवार बनाउन आवश्यक तालिम बैठक गोष्ठी लगायतका कार्यकम सँचालन गर्ने।

### ३.३.४ प्रमुख उपलव्धि तथा नतिजा

- माद्यमिक विद्यालय सम्म निशुल्क शिक्षा भएको हुने।
- सवैको पहुँचममा सुनिश्चतता तथा सवै बालबालिकाहरुको सकृयता बढाइ गुणस्तर कायम भएको हुने।
- शिक्षामा पालिकाभित्रका आम सरोकारवालाहरुको चासो चिन्ता सहित सहभागितामा ब्यापक परिवर्तन भई शिक्षामा सुधार भएको हुने।
- माध्यमिक शिक्षाको अन्तमा लिइने परीक्षा प्रणालीमा सुधार भइ उत्पादनमा ब्यापक सुधार आउने ।

- सामुदायिक माध्यमिक विद्यालयको पारदर्शीता कायम हुन स्थानीय सरकारबाट अनुगमन,सुपरिवेक्षण र मुल्याङ्कन जस्ता कार्यहरु नियमित गरेको हुने ।
- स्थानीय सरकार र देशलाई चाहिने आवश्यक जनशक्ति केहिहद सम्म स्थानीय तहबाट परिपुर्ती हुने ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क.स. | सुचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह कक्षा ९/१० भर्ना भएका विद्यार्थी सङ्ख्या | ७६७ | ७८० | ७९० | ८०० | ८१० | ८२५ |
| २. | माध्यमिक तह कक्षा ११/१२ भर्ना भएका विद्यार्थी सङ्ख्या | ३०३ | ३२५ | ३४५ | ३७० | ३८५ | ४०० |
| ३. | माध्यमिक तह कक्षा ९ / १० भर्ना भएका पाविधिक धारका र्विद्यार्थी सङ्ख्या | ५२ | ६० | ७० | ७८ | ८५ | ९६ |
| ४. | माध्यमिक तह कक्षा ९/१२ भर्ना भएका पाविधिक धारका र्विद्यार्थी सङ्ख्या | ५२ | ६० | ७० | ७८ | ८५ | ९६ |
| ५. | औसत सिकाइ उपलब्धि कक्षा १० | ५५ | ६० | ६५ | ७० | ७५ | ८० |
| ६. | औसत सिकाइ उपलब्धि कक्षा १२ | ६५ | ७० | ७५ | ८० | ८५ | ९० |
| ७. | कक्षा छाड्ने दर कक्षा ९/१० | २० | १५ | १० | ७ | ५ | २ |
| ८. | कक्षा छाड्ने दर कक्षा ११/१२ | ३० | २० | १५ | १२ | ८ | ५ |
| ९. | खुद भर्ना दर कक्षा ९/१० | ७५ | ८० | ८५ | ९० | ९२ | ९५ |
| १०. | विषयगत शिक्षक व्यववस्थापन | २२ | २७ | ३२ | ३५ | ३८ | ४१ |
| ११ | विषयगत तलिम पास शिक्षक सङ्ख्या | ५३ प्रतिशत | ६३ प्रतिशत | ७३ प्रतिशत | ८५ प्रतिशत | ९५ प्रतिशत | १०० प्रतिशत |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | न्यूनतम शैक्षिक योग्यता पुगेका प्रधानाध्यापक | ३३ प्रतिशत | ५० प्रतिशत | ७५ प्रतिशत | ८५ प्रतिशत | ९५ प्रतिशत | १०० प्रतिशत |
| १३ | माध्यमिक विद्यालयका समितिहरुको क्षमता विकासको स्थिति | ३० प्रतिशत | ५० प्रतिशत | ७० प्रतिशत | ८० प्रतिशत | ९० प्रतिशत | १०० प्रतिशत |

## ३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| कस | प्रमुख किर्याकलाप | भौतिक लक्ष्य ५ वर्ष | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | इकाई | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | भौतिक लक्ष्य १० |
| १ | विद्यालयके नक्साङ्कन | पटक | ० | १ | १ | १ | १ | ४ | |
| २ | कक्षा थप तथा समायोजन | पटक | | १ | | १ | | २ | |
| ३ | विद्यालय बाहिर रहेका बालबालिका पहिचान | पटक | १ | १ | १ | १ | १ | ४ | |
| ४ | विद्यालय सन्चालन तथा व्यवस्थापन अनुदान | पटक | १ | १ | १ | १ | १ | ४ | |
| ५ | शिक्षण सिकाई सामागि व्यवस्थापन अनुदान | पटक | १ | १ | १ | १ | १ | ४ | |
| ६ | विद्यालय उमेर समूहका बालबालिका भर्ना | पटक | १ | १ | १ | १ | १ | ४ | |
| ७ | विपन्न तथा दलित बालबालिका छात्रावृति | जना | ० | २ | ४ | ६ | ८ | १० | |
| ८ | कक्षा ११ / १२ मा विज्ञान र पाविधिक विषय अध्ययनका लागि अनुदान | जना | ४ | ६ | ८ | १० | १२ | ४० | |
| ९ | शिक्षक तथा प्रधानाध्यापक | पटक | २ | २ | २ | २ | २ | १० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | क्षमता विकास तालिम तथा प्रोत्साहन अनुदान | | | | | | | | |
| १० | विद्यालयको कार्यक्षमता तथा नतिजा अनुसार अनुदान | विद्यालय | ० | १ | १ | १ | १ | ४ | |
| ११ | अभिभावक शिक्षा कार्यक्रम | पटक | २ | २ | २ | २ | २ | १० | |
| १२ | पालिका स्तरीय खेलकुद तथा अतरिक्त क्रियाकलाप | पटक | | | | | | | |
| १३ | न्यून सिकाई क्षमता भएका बालबालिकाको लागि उपचारात्मक कक्षा व्यवस्था | विद्यार्थी जना | ० | १०० | ८० | ६० | ४० | १८० | |
| १४ | प्रविधिमैत्री कक्षा आइसीटी तथा विज्ञान सामाग्री व्यवस्थापन अनुदान | विद्यालय | १ | २ | २ | २ | ० | ७ | |
| १५ | बालबालिकाहरुको अतिरिक्त क्षमता विकासका लागि गीत संगित खेल प्रशिक्षकको व्यवस्थापन | पशिक्षक जना | ० | ३ | ३ | ३ | ३ | १२ | |
| १६ | पालिकाभरका विद्यालयका लागि बस सेवा तथा छात्रावासको व्यवस्थापन | विद्यालय | ० | १ | १ | १ | १ | ४ | |
| एए१७ | विषयगत शिक्षकको व्यवस्थापन | शिक्षक | ३० | ५ | ५ | ५ | ४ | ४९ | |
| १८ | नमुना विद्यालय भ्रमण शैक्षिक भेला अवलोकन | विद्यालय | ० | २० | २५ | ३० | ४० | ११५ | |
| १९ | माद्यामिक विद्यालयका प्रधानाध्यापकलाई प्रोत्साहन | रकम रु हजारमा | ० | ४८० | ६७२ | ९६० | ९६० | | |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

सामान्य रुपमा प्राविधिक शिक्षालाई गरिखाने सिपमुलक शिक्षाको रुपमा लिइन्छ ।प्राविधिक तथा व्यावसायिक शिक्षालाई मानिसले जीवनभर एउटा कामको अवसरको रुपमा स्थापित गरेको पाइन्छ । यस्ता किसिमका शिक्षा र तालिम लिएको व्यक्तिहरु कहिल्यै पनि बेरोजगार बस्नु पर्दैन । यस किसिमको शिक्षाले नागरिकलाइ सहज र सरल रुपमा जीवनयापन गर्न मदत गर्दछ ।हाल नेपालके माद्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको व्यवस्था गरिनुका साथै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परीषदले एनेक्स कार्यक्रम मार्पत समूदायिक विद्यालयहरुमा विभिन्न किसिमका विषयहरुमा प्राविधिक शिक्षा कार्यक्रमहरु सञ्चालन गरिरहेको भएता पनि प्राविधिक तथा व्यावसायिक शिक्षाका यस्ता अवसरहरु सीमित भएको उत्पादित जनसक्ति जागिर खोज्ने खालको मात्र भएको आफैंले केहि गर्न पुँजी लगायत अन्य अवरोहरु रहेको:रोजगारदाताको अभाव भएका जस्ता गुनासाहरु पनि उतिकै अएका छन् ।

राष्टिय शिक्षा नीति २०७६ ले श्रम बजारको आवश्यक्ताको आधारमा सीप नक्साङ्कन गरी तोकिएको मापदण्डको आधारमा देशका ७५३ वटै स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप प्रदायक संस्थाहरुको स्थापना गरिनेछ भनी व्वस्था गगर्नुका साथै देश विकासका लागि योग्य,सक्षम,सीपयुक्त र उद्यमशील नागरिक तयार पार्ने उद्देश्यका साथ राज्यले हरेक इच्छुक नागरिकलाई समावेश एवंम समतामुलक पहुँच स्थापित गर्दै प्राविधिक तथा व्यावसायिक तालिमको अवसरहरुलाई व्यापकरुपमा विस्तार गर्ने रणानीति लिएको छ । यसै सन्दर्भमा महाभारत गाउँपालिकाको तथा स्थानीय समुदायको मागको आधारमा यूवा प्राविधिक जनशक्ति तयार गर्न तथा उत्पादित जनशक्तिलाई पेशा वा व्यावसायमा आवद्द गरी आर्थिक विकास गर्न यस योजनामा प्राविधिक शिक्षा तथा व्योवसायिक तालिम सम्वन्धी कार्यक्रमहरु समावेश गरिएको छ ।

### ३.४.१ वर्तमान अवस्था चुनौति र अबसर

यस महाभारत गाउँपालिका अन्तर्गत सञ्चालित ८ ओटा सामुदायिक माद्यामिक विद्यालयहरुमध्ये एउटा विद्यालयमा प्राविधिक धार अन्तर्गत कृषि बालीविज्ञान विषयको पठनपाठन भएको छ ।यस महाभारत गाउँपालिकामा एउटामात्र प्राविधिक माध्यमिक विद्यालय श्री भैरव माध्यिमक विद्यालय हो ।यस विद्यालयलाई २०७६ बाट कक्षा ९ को प्राविधिक कृषी बालि विज्ञानको कक्षा संचालन गर्ने गरी महाभारत गाउँपालिकले अनुमति दिएको हो । यस विद्यालयले २०७९ सालमा कक्षा १२ को वोर्ड परीक्षा सहभागि भइ राम्रो नतिजा निकाल्न सफल भएको थियो । हाल यस विद्यालयमा कक्षा ९ देखि १२ कक्षासम्म छात्रा ५३ र छात्र ४४ गरि जम्मा ९७ जना विद्यार्थीहरु अध्ययन गरेका छन् । यस भैरव प्राविधिक माद्यामिक विद्यालयमा ४ जना वरिष्ठ प्रशिक्षक, २जना प्रशिक्षक,२जना सहायक प्रशिक्षक ,१जना ल्याव असीटेन्ट, १ जना कर्मचारी गरी १० जना स्टाफहरु प्राविधिक धार तर्फ कार्यरत छन् । पालिकाभरकै प्राविधिक विद्यालय एकमात्र भएकाले यस भैरव माध्यमिक विद्यालयलाई पालिकाले आफ्नो सम्पतिको रुपमा विकसित गरि अगाडी बढाउनुपर्ने दखिन्छ । यस विद्यालयले आफनो क्षमता अनुसार प्रति कक्षा ४८ जनाले अध्ययन गरेमा १९२ जनाले प्राविधिक शिक्षा अध्यापन गर्ने अवसर पाउँछन । जसका लागि सवैको ध्यान हुनु जरुरी छ ।

### ३.४.२ उद्देश्य

१ प्राविधिक शिक्षा तथा व्यावसायीक तालिमको अवसर सुनिश्चित गरि गरिखाने सीपको विकास गर्नु ।

२ प्राविधिक शिक्षा तथा व्यावसायीक तालिमको कार्यक्रमलाई सान्दर्भिक,उपयोगी र गुणास्तरीय बनाउनु ।

३ प्राविधिक शिक्षा तथा व्यावसायीक तालिमको प्राप्त जनशक्तिका लागि स्थानीयस्तरमै रोजगारी तथा स्वरोजगारको अवसरहरु उपलब्ध गराउनु ।

### ३.४.३ रणनीतिहरु

१. स्थानीय तहमा प्राविधिक शिक्षा तथा व्यावसायीक तालिमको अवसर सृजना गउनु ।

२. प्राविधिक शिक्षा तथा व्यावसायीक शिक्षा र सीपमा ब्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउन प्रोत्सहान गर्ने ।

३. प्राविधिक शिक्षा तथा व्यावसायीक शिक्षा र सीपको गुणस्तर:प्रभावकारीता र पहुँच बढाउनको निम्ती सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

४. स्वराजगार, आत्मा निर्भर र स्वावलम्वि बन्नका लागि प्रेरीत गर्ने ।

५. प्राविधिक शिक्षा तथा व्यावसायीक शिक्षा र सीपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धित संस्थाहरुसँग समन्वय तथा सहकार्य गर्नु ।

६. प्राविधिक शिक्षा तथा व्यावसायीक शिक्षा र सीपबाट उत्पादित जनशक्तिलाई स्थानीय तहमा रोजगार सृजना गर्न आफ्नै स्थानीय तह तथा अन्यत्र रोजगारीका लागि आवश्यक सहयोग र सहकार्य गर्ने ।

### ३.४.४ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धि:**

१. माध्यमिक तहमा अध्ययनरत जम्मा विद्यार्थीहरुमध्ये २५ प्रतिशतले प्राविधिक शिक्षा तथा व्यावसायीक तालिम प्राप्त गरेको हुने ।

२. शिक्षा तथा तालिम प्राप्त ब्यक्तले उत्पादनशील,रोजगारी,स्वरोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिक स्तर सुधार गरेको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रस | सूचकहरु | आधारवर्ष २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८५/८७ |
|---|---|---|---|---|---|---|---|
| १. | प्राविधिक तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालयको संख्या | १ | | | | | १ |
| २. | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा | ९२ | ११२ | १३० | १४५ | १७० | १९० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी सँख्या | | | | | | |
| ३. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममाप्राप्त गरि रोजगारीमा जोडीएका विद्यार्थी सँख्या | १५ | ५ | ५ | ५ | ५ | ५ |
| ४. | स्थानीय स्तरमा पहिचान भई प्रमाणीकरण तथा प्रवर्दन भएका परम्परागत सीपहरुको सँख्या | २२ | ५ | ५ | ५ | ५ | ५ |

**प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| कस | प्रमुख **किर्याकलाप** | **भौतिक लक्ष्य ५ वर्ष** | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | **इकाई** | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | **जम्मा** | **भौतिक लक्ष्य** १० |
| १ | प्राविधिक तथा व्यावसायिक तालिममा भर्ना हुन चाहाने | **पटक** | १ | १ | १ | १ | १ | **५** | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | तथ्याङ्क संकलन | | | | | | | | |
| २.. | प्राविधिक धारका माध्यमिक विद्यालयहरु स्थापना र सञ्चालन | **वटा** | १ | १ | १ | १ | १ | ५ | |
| ३. | प्राविधिक धार सञ्चलन भएका विद्यालयहरु प्रयोगात्मक अभ्यास सहयोग | **पटक** | १ | १ | १ | १ | १ | ५ | |
| ४. | प्राविधिक तथा व्यावसायिक तालिममा जानकारी | **पटक** | १ | १ | १ | १ | १ | ५ | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

सिकाइ मानिसको जीवनमा निरन्तर चलिरहने प्रकृया हो । सिकाइ औपचारिक, अनौपचारिक र अतिरिक्त पद्धतिका माध्यमबाट जीवनजगत र वातावरण बीच अन्तरक्रिया गर्दै अनुभवहरु हासिल हुने गर्दछ । हाम्रो समाजमा अझैपनि निश्चित उमेर, समय र स्थानमा सञ्चालन गरिने औपचारिक शिक्षाबाट वन्चित भएका मानिसहरु आफूले पढ्न नपाएकोमा गुनासो गरिरहेका छन् । त्यस्ता मानिसहरुको इच्छा आकांक्षलाई कदर गर्न र नेपालको संविधानले निर्दिष्ट गरेका शिक्षा सम्बन्धी मौलिक हक, राज्यको पुनःसंरचना अधिकार बाँडफाँड, मुलुकको आर्थिक, सामाजिक रुपान्तरण तथा दीगो विकासको लक्ष्य प्राप्तिका लागि शिक्षामा सबैको सरल, सहज र समतामुलक पहुँच सुनिश्चित गर्नका लागि एवम शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवम गुणस्तरयुक्त बनाउने कुरालाई आत्मासात गर्दै महाभारत गाउँपालिकाले निर्माण गरेको योजनामा अनौपचारिक शिक्षा र आजीवन सिकाइ सम्बन्धी क्रियाकलापहरुलाई समावेश गरिएको छ ।

### ३.५.१ वर्तमान अवस्था

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार यस महाभारत गाउँपालिकाको साक्षरता ७०.२९ प्रतिशत रहेको छ । जसमा महिला साक्षरता ६४.१५ र पुरुषको साक्षरता ७६.७२ प्रतिशत रहेको छ । यस तथ्याङ्कलाई हेर्दा महाभारत गाउँपालिका क्षेत्र भित्र बसोबास गर्ने २९.७१ प्रतिशत मानिसहरु अझैपनि निरक्षर रहेको देखिन्छ । गाउँपालिका भित्रका त्यस्ता निरक्षर व्यक्तिहरुका लागि छुट्टै खालको कुनै खास कार्यक्रम सञ्चालन पनि गर्न सकिरहेको छैन । गाउँपालिकामा रहेको उद्यम विकास शाखा मार्फत समय समयमा सञ्चालन हुने कार्यक्रमहरुमा निरक्षर व्यक्तिहरुलाई समावेश गर्न सकिएको छैन । सरकारी निकायबाट अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रमहरु सञ्चालन हुन नसक्दा शिक्षाको अवसरबाट बन्चित हुन परेका व्यक्तिहरुको सिकाइ आवश्यकतालाई पूरा गर्न नसकिएको अवस्था छ । यस गाउँपालिकामा हाल ३ वटा सामुदायिक सिकाइ केन्द्रहरु सञ्चालनमा रहेका छन् भने सामुदायिक पुस्तकालयहरु स्थापना गरी आजीवन सिकाइ प्रवर्द्धन गर्न सकिएको छैन । त्यति मात्र होइन सामुदायिक सिकाइ केन्द्रहरुको उचित अनुगमन र स्थानीय सरकारबाट नियमन नहुँदा तिनीहरुको प्रभावकारितामा पनि कमी आएको छ ।

**चुनौतीहरुः**

- यस गाउँपालिकाका २९.७१ प्रतिशत व्यक्तिहरु निरक्षर हुनु,
- गाउँपालिका स्तरमा आवश्यकतामा आधारित अनौपचारिक शिक्षाका कार्यक्रमहरु सञ्चालन नहुनु,

- व्यक्तिको सिकाइलाई दैनिक व्यवहारिक जीवनसँग आवद्ध गराउनु,
- सिकाइसँगै सिकारुलाई स्वरोजगार बनाउनु,

**अवसरहरुः**

- गाउँपालिकाका ७०.२९ प्रतिशत मानिसहरु साक्षर हुनु,
- गाउँपालिका भित्र ३ वटा सामुदायिक सिकाइ केन्द्रहरु स्थापित भई सञ्चालित हुनु,
- अनौपचारिक शिक्षाका कार्यक्रमहरु सञ्चालनका लागि कानूनी आधार हुनु,

### ३.५.२ उदेश्य

१. सबै नागरिकका लागि समावेशी र समतामूलक अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको अवसर सुनिश्चित गर्नु ।

२. सामुदायिक सिकाइ केन्द्र मार्फत सीप विकास, आय आर्जनमूलक तथा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नु ।

३. गाउँपालिकालाई पूर्ण साक्षर गाउँपालिका घोषणा गर्नु ।

### ३.५.३ रणनीतिहरु

१. आवश्यकताका आधारमा सामुदायिक सिकाइ केन्द्रहरुको नक्साङ्कन, पुनर्वितरण तथा स्थापना गर्ने ।

२. सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न पुस्तकालय, सामुदायिक सूचना केन्द्र र सेवा प्रवाह गर्ने । बहुउद्देश्यीय संयन्त्रका रुपमा सुदृढीकरण गरी समावेशी एवम समतामा आधारित आजीवन सिकाइको थलोका रुपमा विकास गर्ने ।

३. सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी संघ/संस्थाहरु, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरु सञ्चालन गर्ने ।

४. सामुदायिक सिकाइ केन्द्र मार्फत आय आर्जन, सीप विकास, सचेतना सञ्चालन जस्ता कार्यक्रमहरु सञ्चालन गराउने ।

५. सिकारुका आवश्यकतानुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरु र सामग्रीको प्रयोग गर्ने ।

६. सरोकारवालाहरुसँगको समन्वय, सहकार्य र साझेदारीमा साक्षरता तथा साक्षरोत्तर कार्यक्रम सञ्चालन गर्ने ।

### ३.५.४ प्रमुख उपलब्धि र नतिजा

- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवन पर्यान्त सिकाइका अवसर प्राप्त हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | ५ वर्ष भन्दा माथिको जम्मा साक्षरता प्रतिशत | ७०.२९ | ७२ | ७३ | ७४ | ७५ | ७७ |
| २ | ५ वर्ष भन्दा माथिको महिलाको साक्षरता प्रतिशत | ६४.१५ | ६५ | ६६ | ६७ | ६८ | ७० |
| ३ | ५ वर्ष भन्दा माथिको पुरुषको साक्षरता प्रतिशत | ७६.७२ | ७७ | ७८ | ७९ | ८० | ८१ |
| ४ | आधारभूत सुविधा सम्पन्न सामुदायिक सिकाइ केन्द्रको संख्या | १ | १ | २ | ३ | ३ | ३ |
| ५ | सामुदायिक पुस्तकालयको संख्या | ० | ० | १ | ० | १ | ० |
| ६ | अनौपचारिक शिक्षाबाट लाभान्भित नागरिकहरुको संख्या | | | | | | |

## ३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | निरक्षर व्यक्तिहरुको तथ्याङ्क संकलन तथा खण्डिकृत डाटाबेस तयारी | पटक | ० | १ | १ | १ | १ | ४ | |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन तथा प्रमाणीकरण | कक्षा | ० | १ | १ | १ | १ | ४ | |
| ३ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन | वटा | ३ | ३ | ३ | ३ | ३ | ३ | |
| ४ | सामुदायिक पुस्तकालय सञ्चालन तथा व्यवस्थापन | वटा | ० | ० | ० | १ | ० | १ | |
| ५ | सामुदायिक सिकाइ केन्द्र परिचालान तथा व्यवस्थापन समिति क्षमता विकास | पटक | १ | ० | ० | १ | ० | २ | |
| ६ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण तथा सवलीकरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | साक्षरता कार्यक्रम सञ्चालनका लागि सरकारी तथा गैर सरकारी निकायसँग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | साझेदारी र सहकार्य | | | | | | | | |
| ८ | सामुदायिक सिकाइ केन्द्र मार्फत आय आर्जन, सीप विकास, सचेतना सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ९ | पूर्ण साक्षर गाउँपालिका घोषणा | पटक | १ | ० | ० | ० | ० | | |

# परिच्छेद चार
# अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु

## ४.१ पाठ्यक्रम तथा पाठ्यसामग्री र मूल्याङ्कन

शिक्षा पद्धतिलाइ मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यत्रम हो । यसले अपेक्षित ज्ञान,सीप र अभित्ति हासिल गर्न/गराउन विद्यर्थीलाई मद्दत गर्दछ । बालबालिको सर्वाङ्गीणा विकास गर्नु सभ्यता वा संस्कृतिको हस्तान्तरणा एवं विकास गर्नु, शैक्षिक प्रत्रियाको स्वरुप निर्धारणा गर्नु जस्ता कुराहरु पाठ्यक्रमको उद्देश्य भित्र पर्दछ । कुन कक्षा र कुन तहमा के के सिकाउने, के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउने र विद्यार्थीले सिकेको वा नसिकेको कुरा सुनिश्चत गरी आवश्यक पृष्ठपोषणा प्रदान गर्न केकसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारणा गर्दछ । मानवीय आवश्यकता, बालबालिकामा रूची, सामाजिक मूल्य मान्यता र समाज तथा विश्वपरिवेशमा विकसित ज्ञान, सीप र प्रविधिअनुकूल पाठ्यक्रमलाई एक गतिशील र लचिलो प्रक्रियाका रूपमा लिन सकिन्छ । विद्यालय तह शिक्षाको पाठ्यक्रम तर्जुमा गर्ने कार्य संघीय सरकारको भएकाले राष्ट्रिय पाठ्यक्रम कार्यान्वयन गर्ने गराउने दायित्व स्थानीय सरकारको रहेको छ । पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १—३ मा अन्तरसम्बन्धित विषयवस्तसलाई एकिकृत गरी व्यवहारकुशल र जीवनउपयेगी सीपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ । विद्यालय शिक्षाको माध्यमिक तहमा साधारण र प्राविधिक धार अध्ययन गर्नसक्ने व्यवस्था गरिएको छ । पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाई विकास तथा कार्यान्वयन गरिएको छ भने विषयवस्तु र सिकाई क्रियाकलापको भार पाठ्यघण्टामा निर्धारण गरिएको छ । विद्यार्थी मुल्याङ्कनको नतिजालाई अक्षराङ्कन पद्धतिमा व्याख्या गर्ने व्यवस्था छ ।

### ४.१.१ वर्तमान अवस्था

सर्वप्रथम वि.सं. २०२८ मा राष्ट्रिय शिक्षा पद्धतिको योजनाले विद्यालय तहमा पाठ्यक्रम विकासका लागि संस्थागत रूपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थयो । विद्यालय तहको शिक्षालाई बढी उद्देश्यमूलक, व्यवाहारिक, समसामयिक, एवमं सान्दर्भिक बनाउने अभिप्रायले पाठ्यक्रम विकास, सुधार, अद्यावधिक तथा परिमार्जको कार्य प्रारम्भ गरिएको हो । विश्वमा भएका नवीनतम शैक्षिक परिवर्तन एवम् नेपालको वर्तमान सन्दर्भ र स्थानीय आवश्यकतालाई दृष्टिगत बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग पुर्याउने सामाजिक न्याय प्रवर्धन गर्ने र राष्ट्र निर्माणका लागि सक्षम तथा प्रतिस्पर्धी नागरीक विकास गर्ने लक्ष्यसहित राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को विकास गरिएको हो । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ शैक्षिक सत्र २०७७ मा कक्षा १ देखि क्रमस शैक्षिक सत्र २०८० मा कक्षा १२ कार्यान्वयन भई सकेको छ ।

महाभारत गाउँपालिकामा राष्ट्रिय पाठ्यक्रम प्रारूप अनुसारको पाठ्यक्रम कार्यान्वयनका लागि गाउँपालिकाले समय ठसमयमा विद्यालयका शिक्षकहरूका लागि पाठ्यक्रम प्रवोधीकरणा तालिम सञ्चालन गर्दै आएको छ । राष्ट्रिय

पाठ्यक्रम प्रारूप, २०७६ ले कक्षा १—८ सम्म एक विषयको स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्नुपर्ने जिम्मेवारी अनुसार यस गाउँपालिकाले स्थानीय विषयवस्तु,म र मेरो गाउँपालिकाको परिचय, स्थानीय सरकार  र सामाजिक संघ संस्थाहरू, हाम्रा विविधता र जीवनशैली, हाम्रा प्राकृतिक सम्पदा, सदाचार,विशिष्ट व्यक्तित्वहरू र सहिद, स्थानीय सिप, प्रविधी र व्यवसाय, कृषि र पशुपालन, दुर्घटना तथा विपद् व्यवस्थापन, स्थानीय खेल र योग शिक्षा जस्ता विषयवस्तुहरूलाई समेटी हाम्रो महाभारत नामको कक्षा १—८ सम्मको स्थानीय पाठ्यक्रम  निर्माण गरी  कार्यान्वयन गरेको छ । यस गाउँपालिकाका हरेक विद्यालयमा १—३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन तथा  कक्षा ४—१२ मा आन्तरिक र बाह्य मूल्याङ्कन नियमित रूपमा सञ्चालन हुदै आएको  छ । गाउँपालिकाले पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धमा शिक्षक कार्यशाला तथा शिक्षक सहजीकरण जस्ता असल अभ्यास गर्दै आएको छ ।

**चुनौतीहरु**

- पाठ्यसामग्रीको विकास पाठ्यक्रम तथा पाठ्यपुस्तकहरू समयमै उपलब्ध हुने व्यवस्था मिलाउनु
- स्थानीय पाठ्यक्रम विकास तथा परिर्माजन तथा कार्यान्वयनमा सरोकारवालाको अर्थपूण सहभागिताको सुनिश्चतता  गर्नु
- पाठ्यक्रम प्रवोधीकरण तथा क्षमता विकास तालिम सञ्चालन गर्नु
- विद्यार्थी मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसगँ जोडनु
- डिजिटल तथा अनलाइन पद्धतिमा आधारित शिक्षण सिकाइका लागि सीप,प्रविधि र पहुँच विस्तार गर्नु
- स्थानीय पाठ्यसामग्रीको विकासऽ निर्माण तथा प्रयोग गर्नु
- विद्यार्थीहरूका लागि आवश्यक सिकाइ सामग्रीहरू प्रयेगको सुनिश्चतता गर्नु ,

**अवसरहरू**

- शिक्षकहरूलाई नियिमत रूपमा पाठ्यक्रम प्रवोधिकरण तलिम सञ्चालन गरिनु
- अवश्यकता अनुसारको स्थानीय पाठ्यक्रम निर्माण गर्ने जिम्मेवारी  विद्यालय र स्थानीय तहलाई   दिनु
- १—१२ कक्षा मा अध्ययन गर्ने  सबै विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तकको व्यवस्था हुनु
- आधारभूत तथा माध्यमिक विद्यालयहरूमा पुस्तकालय स्थापना हुनु
- विद्यालयमा सूचना सञ्चार तथा प्रविधि सिकाइ सामग्री व्यवस्थापका लागि अनुदानको
- व्यवस्था हुनु
- सरकारले विद्यालयहरूमा ICT LAB / Scince lab स्थापनाको लागि अनुदानको व्यवस्था हुनु
- मूल्याङ्कन  प्रणालीमा ज्ञानात्मक पक्ष मात्र नभइ सीप र सिर्जनालाई समेत समेटिनु

## ४.१.२ उद्देश्य

१ पाठ्यक्रममा आधारित सिकाइलाई  दैनिक जीवनसगँ सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ,

२. निरन्तर आवधिक  तथा स्तरीकृत मूल्याङ्कन पद्धतिमार्फत सिकाइमा सुधार गर्नु

३. स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु

### ४.१.३ रणनीतिहरू

१. पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको प्रभावकारी प्रयोगका लागि सम्बन्धीत शिक्षक तथा सरोकारवालाहरूसगँ प्रवोधिकरण गर्ने

२. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरूको पेशागत क्षमता अभिवृद्धि  गर्ने

३. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था सुनिश्चितता गर्ने

४. विद्यार्थी मूल्याङ्कन पद्धतिलाई तहगत र कक्षागत सिकाइको अभिन्न अङ्गको रूपमा पाठ्यक्रमअनुरूप निरन्तर विद्यार्थी मूल्याङ्कन ,आन्तरिक मूल्याङ्कन र बाह्य  मूल्याङ्कन पद्धतिलाई कार्यान्वयन अनिवार्य गर्ने

५. अन्तिम तथा आवधिक मूल्याङ्कनलाई पाठ्यक्रमअनुसार वस्तुनिष्ठ, विश्वासनीय र स्तरीय बनाउने

६. विद्यार्थीको नतिजालाई   अक्षराङ्कन पद्धतिमा  मूल्याङ्कन  एवं उपलब्धि परीक्षण गरी शैक्षिक गुणस्तर कायम गर्ने

७. स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि स्थानीय विज्ञताको प्रयोग गरी पाठ्यपुस्तक तथा सिकाई सामग्रीको विकास गरी  त्यसको प्रयोग गर्ने

८. स्थानीय पाठ्यकेम तथा पाठ्यपुस्तकबारे शिक्षकहरूका लागि अभिमुखीकरण कार्यक्रम लागु गर्ने

९. शिक्षण सिकाइ प्रक्रियामा सुचना तथा सञ्चार प्रविधिको प्रयोगलाई जोड दिने

१०. विद्यार्थीको सिकाइका उपलब्धीलाई शिक्षकको वृत्ति विकाससगँ आबद्ध गरी पाठ्यक्रमको  प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गर्ने

### ४.१.४ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धी  :**

१. राष्ट्रिय पाठ्यक्रम प्रारूपले पाठ्यक्रम  आधारित शिक्षण सिकाइद्वारा विद्यार्थीहरूको  व्यवहारकुशल सिपमा परिवर्तन भएको हुने

२. स्थानीय पाठ्यक्रम , पाठ्यपुस्तक  तथा  पाठ्यसामग्रीहरूको  निर्माण  र कार्यान्वयन हुने

३. मूल्याङ्कन पद्धतिमा  निरन्तर, आवधिक  तथा स्तरीकृत परीक्षको  कार्यान्वयन भई  विद्यार्थीको सिकाइ उपलब्धीमा सुधार आएको हुने

**नतिजा तथा परिणात्मक लक्ष्य**

| क्र सं. | सूचक | आधार वर्ष २०८१ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १. | एकीकृत पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भएका विद्यालको संङ्ख्या | ३० | ३५ | ४० | ४४ | ४६ | ४८ |
| २. | कक्षा १—८ सम्म स्थानीय पाठ्यक्रम कार्यान्वयन भएको विद्यालय संङ्ख्या | ४८ | ४८ | ४८ | ४८ | ४८ | ४८ |
| ३. | निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिलाई अबलम्बन गर्ने विद्यालय संङ्ख्या | १७ | २५ | ३० | ३५ | ४० | ४८ |
| ४. | डिजिटल सिकाइ सामग्रीको प्रयोग गर्ने विद्यालय सङ्ख्या | १७ | २२ | ३० | ३६ | ४२ | ४८ |
| ५. | आवधिक परीक्षामा स्तरीकृत प्रश्नको प्रयोग गर्ने विद्यालय सङ्ख्या | ० | २ | ८ | १२ | १५ | १७ |
| ६. | पाठ्यक्रम कार्यान्वयन सम्बन्धी तालिम प्राप्त शिक्षकको सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ |

### ४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष ) | | | | | भौतिक अवस्था (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १. | सबै विद्यार्थीका लागि समयमै | सेट/संख्या | १०० | १०० | १०० | १०० | १०० | १०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | निःशुल्क पाठ्यपेस्तकको उपलब्धता | | | | | | | | |
| २. | सबै विद्यार्थीका लागि विद्यालयद्वारा पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको उपलब्धता | संख्या | १७ | २२ | ३० | ४० | ४८ | ४८ | |
| ३ | एकिकृत पाठ्यक्रम सम्बन्धी कष्टमाइज्ड ५ दिने तालिम सञ्चालन आधारभूत तह (कक्षा १—३) | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| ४ | पाठ्यक्रम सम्बन्धीत शिक्षक क्षमता विकास (कक्षा ४—१०) | जना | १० | १० | १० | १० | १० | ५० | |
| ५ | प्रश्नपत्र निर्माण निरन्तर विद्यार्थी मूल्याङ्कन फारम विकास तथा वितरण | जना | २ | २ | २ | २ | २ | १० | |
| ६ | समयानुकूल स्थानीय पाठ्यक्रम | पटक | | | १ | | | १ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | परिमार्जन | | | | | | | | |
| ७. | स्थानीय विषयको पाठ्यपुस्तक तथा पाठ्यसामग्री विकास, निर्माण तथा प्रयोग | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ८. | कक्षाकोठामा आधारित निरन्तर विद्यार्थी मूल्याङ्कन सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ९. | स्तरीकृत आवधिक विद्यार्थी मूल्याङ्कन तथा परीक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | | |
| १० | विकसित डिजिटल तथा अनलाइन सामग्रीको प्रयोग | विद्यालय | ४ | ६ | ८ | १२ | १७ | १७ | |
| ११. | स्रोतविज्ञद्वारा पाठ्यक्रम कार्यान्वयन सम्बन्धी सहजीकरण | पटक | १ | १ | १ | १ | १ | | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शिक्षक भनेको पाठ्यक्रम कार्यान्वयनकर्ता र विद्यार्थीको लागि सहजकर्ताको भूमिका निर्वाह गर्ने व्यक्ति हो । त्यसैले शैक्षिक गुणस्तर प्रदान गर्न र पाठ्यक्रमको उद्देश्य पुरा गर्न शिक्षकको अहम भूमिका रहन्छ ।शिक्षकको व्यबस्थापन अन्तर्गत दरबन्दी सिर्जना , रिक्त स्थानको पहिचान, शिक्षक पदपूर्ति ,शिक्षक छनोटका लागि परिक्षा संचालन, नतिजा प्रकाशननियुक्तिका लागि सिफारिस,कार्यसम्पादन मूल्यांकन, वृत्ति विकास ,सरुवा ,बढुवा लगायतका कार्यहरु शिक्षक व्यस्थापन र विकास अन्तर्गत पर्दछन ।शिक्षकका लागि तालिमको व्यबस्था अवलोकन भ्रमण ,अनुसन्धान ,जिम्मेवारी,सेवा सुविधा, सामाजिक सुरक्षा आदि पनि यसले समेट्ने गर्दछ ।

### ४.२.२ वर्तमान अवस्था

महाभारत गाउँपालिका राजधानी काठमाडौंबाट नजिक रहेको जिल्ला काभ्रेपलान्चोक जिल्लाको सदरमुकाम धुलिखेलबाट भौगोलिक दुरीको हिसाबले नजिक मानिए पनि विकट भूगोलको कारण दुर्गम क्षेत्र नै मनिएको छ । बिगतमा शैक्षिक विकासमा पछाडी पर्नुको कारण पनि भूगोल नै कारण मानेको छ । यस गाउँपालिकामा आधारभूत तह कक्षा (१-३ ) र कक्षा (१-५) विद्यालयहरुमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरवन्दी पर्याप्त नै छन् भन्न सकिन्छ । आधारभूत तह कक्षा (६-८ ) मा भने विषयगत शिक्षक दरबन्दी अति नै न्यून देखिन्छ । त्यस्तै माध्यमिक तह कक्षा (९-१० ) र कक्ष (११-१२) मा पनि आवश्यक मात्रामा शिक्षक दरबन्दीको व्यबस्था गर्न सकिएको छैन । संघियता कार्यान्वयनपुर्व र कार्यान्वन पश्चातको तथ्यांकहेर्ने हो भने शिक्षक व्यबस्थापन निकै पाउन सकिन्छ । कार्यान्वयनपुर्व प्राथमिक तहको शिक्षक दरबन्दी पनि प्रचूर मात्रामा व्यबस्थापन गर्न सकिएको थिएन । हाल स्थानीय सरकारको सक्रियतामा शिक्षक दरबन्दी मिलान गरी शिक्षक संख्या आवश्यकता अनुसार विद्यलयहरुमा व्यबस्थापन गरिएका छन् । प्राथमिक तहको दरबन्दीमा कार्यरत शिक्षक भए पनि माथिल्लो योग्यता र विषयको आधारमा विद्यालयहरुमा पठाई तत्कालको लागि विषयगत शिक्षक अभावलाई पूर्ति गरिएको छ ।यसका लागि स्थानीय सरकारले संघीय सरकारसंग समन्वय गरी आधारभूत तह कक्षा (६-८ ) र माध्यमिक तह कक्षा ( ९-१२ ) सम्मका लागि विषयगत शिक्षकको शिक्षक दरबन्दीको लागि पहल गर्नुपर्ने देखिन्छ ।

### ४.२.३ मुद्दा, समस्या, चुनौती र अवसर

**मुद्दा :**

नेपालको संविधान अनुसार माध्यमिक तह सम्मको विद्यालय व्यबस्थापन स्थानीय तहलाई दिएको भए पनि शिक्षक दरबन्दी संघबाट नै वितरण हुने भएकोले स्थानीय तहले पूर्ण रुपमा शिक्षक व्यबस्थापन गर्न कठिनाई रहेको छ ।

**समस्या :**

१. विद्यालयमा आवश्यक कक्षागत, विषयगत शिक्षक दरबन्दीको कमी

२ .सबै शिक्षकहरुलाई तालिमको व्यबस्था गर्न कठिनाइ

३ . सबै शिक्षकहरु प्रविधिसंग अद्यावधिक भएर शिक्षणमा लाग्न नसक्नु

**चुनौती :**

१ . विद्यालयमा शिक्षक दरबन्दी सुनिस्चित गर्न

२ . शिक्षण पेशालाई विकल्पको रुपमा मात्र अंगाल्नु

३. विद्यार्थी सिकाइ उपलब्धिलाइ शिक्षकको कार्यसम्पादन मूल्यांकनसंग आबद्ध गर्न

**अवसर :**

१. संवैधानिक, नीतिगत र कानुनी प्रावधान

२. स्थानीय शिक्षा ऐन र नियमावली  बनिसक्नु

३. शैक्षिक विकासलाई स्थानीय सरकारले प्राथमिकता दिनु

### ४.२.४  उद्देश्य, रणनीति र कार्यनीति

**उद्देश्य :**

१. विषयगत र कक्षागत रुपमा दरबन्दी सिर्जना गर्नु

२. शिक्षक तालिम र शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु

**रणनीति :**

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत विषयगत शिक्षक दरवन्दी व्यबस्थापन गर्ने

२. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार सुधार गर्ने

३. शिक्षकको निरन्तर पेशागत विकासको लागि संघ तथा प्रदेशसंग समन्वय गरी शिक्षण सीप विकास सम्बन्धी सेवाकालीन तालिम संचालन गर्ने

४. शिक्षकलाई पेशागत सहयोग प्रणाली मार्फत निरन्तर सहयोग गर्ने

**कार्यनीति**

१. भौगोलिक विकटता,विद्यार्थी संख्या ,सिकाई उपलब्धि र विषयगत शिक्षक उपलब्धताको आधारमा विद्यालय समायोजन, दरबन्दी मिलान गरिनेछ ।

२. तालिमको आवश्यकता भएका शिक्षकहरुका लागि प्राथमिकीकरण गरी तालिमको व्यबस्था गरिने छ ।

३. शिक्षकको स्थायी पदपूर्तिका लागि सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

४. स्थानीय तहसँग प्र.अ र प्र.अ सँग शिक्षकको कार्यसम्पादन सम्झौता गरी विद्यालयको शैक्षिक, प्रशासनिक व्यबस्थापकिय पक्षको सुधार गरिने छ ।

## ४.३ विद्यालय सुरक्षा विपद न्यूनिकरण तथा उत्थानशीलता

हरेक बालबालिकाहरुले सुरक्षित रुपमा बाँच्न पाउने, सिक्न पाउने, विकास गर्न पाउने, संरक्षित हुन पाउने र सहभागि हुन पाउने उनीहरुको नैसर्गिक अधिकार हो । नेपालको संविधानमा नै कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन भन्ने कुरा उल्लेख गरिएको छ ।

बालबालिकाहरुले सबै भन्दा बढी समय बिताउने स्थान भनेको विद्यालय हो । नेपालमा निरन्तर दोहोरिने प्रकोपका कारण विद्यालयका संरचनामा हुने क्षति, शिक्षण सिकाइमा हुने अवरोध, विद्यार्थीले विद्यालय छोड्न बाध्य हुने अवस्था र स्थानीय समुदायको उत्थानशीलता अभिवृद्धिमा आउने अवरोध मननीय पक्ष हुन् । परिणामस्वरूप विद्यार्थीले विद्यालयमा सुरक्षित र गुणस्तरीय सिकाइ वातावरण प्राप्त गर्न सकिरहेका छैनन् ।

विद्यालय सुरक्षाका निमित्त विपद् जोखिम न्यूनीकरण र उत्थानशीलताका लागि विश्वव्यापी सञ्जाल र संयुक्त राष्ट्र सङ्घीय विपद् जोखिम न्यूनीकरण सचिवालयले बृहत् विद्यालय सुरक्षा ढाँचा तयार गरेको छ । यस ढाँचामा सुरक्षित सिकाइ सुविधा, विद्यालय विपद् व्यवस्थापन र जोखिम न्यूनीकरण र उत्थानशील शिक्षासहितका तीन ओटा आधारस्तम्भ रहेका छन्। नेपालको शिक्षा क्षेत्रलाई सुरक्षित र गुणस्तरीय सिकाइ वातावरण विकासका निमित्त उल्लिखित तीनओटा आधार स्तम्भले लिएको लक्ष्य प्राप्त गर्न शिक्षा क्षेत्रका नीति, ऐन, नियम र सङ्घीय, प्रादेशिक र स्थानीय तहका योजनाका साथै स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनामा समायोजन गर्नु आवश्यक रहेको छ । यसका लागि शिक्षा क्षेत्रको प्रकोप लेखाजोखा गर्दा बालबालिकालाई केन्द्रमा राख्नु जरुरी छ।

### ४.३.१ वर्तमान अवस्था

भौगोलिक रूपमा र विकट नै मानिने यस महाभारत गाउँपालिका अन्तर्गतका.......वटा विद्यालयहरु बालमैत्री विद्यालय कार्यढाँचाको मापदण्ड अनुसार सञ्चालित छन् । यसैगरी वटा विद्यालयहरुमा हाल विपद् उत्थानशील बातावरण तयार पारिएको छ । पालिकाभर कक्षाकोठा रहेकोमा वटा कक्षाकोठाहरु सबैका लागि सुरक्षित मानिएको छ । वि.स. २०७२ तथा त्यसभन्दा पछिको विनाशकारी भूकम्पबाट यस पालिकाका ५० विद्यालयहरुमा अध्ययनरत ...जना बालबालिकाहरु प्रभावित भएका थिए । ती विद्यालय तथा बालबालिकाहरुको सुरक्षित र निरन्तर सिकाइका लागि स्थानीय तहबाट कार्यक्रमहरु सञ्चालन गरिएका थिए । विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ ले नेपालमा पनि सामाजिक एवम् आर्थिक जीवनमा ठूलो नकारात्मक असर पु-यायो । यस महामारीबाट शिक्षा क्षेत्रलाई सुरक्षित राख्न नेपाल सरकारले २०७६ चैत्र ४ देखि सबै शिक्षण संस्थाहरू, नियमित पठनपाठन र सबै तहका परीक्षाहरूका साथै शिक्षासँग सम्बन्धित सामाजिक सुरक्षा, विकास निर्माण, अध्ययन अनुसन्धान तथा सामुदायिक कार्यक्रमहरू स्थगित गरिएको थियो । उक्त कोभिड-१९ महामारीबाट यस गाउँपालिकाका ३८ बालविकास केन्द्रहरू ४९ विद्यालयहरू तथा ती बालविकास केन्द्रमा र विद्यालयमा अध्ययनरत बालविकास कक्षादेखि १२ सम्म ३ जना छात्रा र ३ जना छात्र गरी जम्मा ६ जना बालबालिकाहरू र १ शिक्षकहरूको दैनिक शिक्षण सिकाइ कार्य अवरुद्ध भएको थियो। जसका कारण सबै कक्षाका अन्तिम परीक्षाहरू समेत प्रभावित हुन पुगे । यतीमात्र होइन कोभिड १९ को दोस्रो सहरका कारण पुन बालबालिकाको शिक्षण सिकाइ क्रियाकलाप पुन प्रभावित भएको थियो । यस सन्दर्भमा नेपालले विभिन्न वैकल्पिक माध्यमहरुबाट बालबालिकाहरुको सिकाइलाई निरन्तरता दिने कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । हाल कोभिड १९ बाट भएको सिकाइ क्षतिलाई न्यूनीकरण गर्नका लागि सिकाइ आफुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयनमा आएको छ । दुबै चरणका कोभिड महामारीका समयमा यस गाउँपालिकाकाले बालविकास देखि कक्षा ३ सम्मका बालबालिकाहरुका लागि अभिभावकको सहयोगमा सिकाइ सहजीकरण सामग्री वितरण तथा सरसफाइ सामग्री वितरण कार्यक्रमहरु सञ्चालन गरी बालबालिकाकाहरुको महामारीमा पनि सिकाइलाई निरन्तरता दिइ उनीहरुको पठन पाउने अधिकारलाई सुरक्षित गरेको थियो।

विपद् तथा प्राकृतिक प्रकोपको जोखिमका हिसाबले यस गाउँपालिका काभ्रेपलाञ्चोकका स्थानीय तहहरु मध्ये पहिलो नम्बरमा पर्दछ । यस गाउँपालिकामा विभिन्न समयमा आगलागी, बाढी, पहिरो तथा अन्य विपत्तिबाट विद्यालयहरु तथा बालबालिकाहरु प्रभावित भएको देखिन्छ भने प्रभावित विद्यालयको व्यवस्थापन र बालबालिकाहरूको सिकाइमा निरन्तरता दिनका लागि महाभारत गाउँपालिकाले जस्ता कार्यक्रमहरु सञ्चालन गरेको थियो । यसैगरी आगामी दिनमा आउन सक्ने विभिन्न विपद् न्यूनीकरण तथा उत्थानशीलताका लागि यस गाउँपालिकाले कार्यक्रमहरु सञ्चालन तथा तयारी गरेको छ । यस्तै आपतकालीन अवस्थामा शिक्षा र सिकाइ निरन्तरताका लागि जस्ता व्यवस्था तथा प्रयास भएका छन् । जसका कारण भविष्यमा विपद् आइहाले पनि विद्यालय तथा बालबालिकाहरु सुरक्षित हुने र सिकाइमा निरन्तरता हुने देखिन्छ ।

**चुनौतीहरुः**

- विपद्का कारण उत्पन्न हुने आपतकालीन अवस्थाको स्थान, परिवेश र अवस्थाको पहिचान गर्नु,
- आपतकालीन अवस्थाको शिक्षालाई योजनामा समावेश गरी कार्यान्वयन गर्नु
- विपद् व्यवस्थापनका लागि स्रोत समय सीमा जिम्मेवारी सम्बन्धमा भरपर्दो वातावरणको निर्माण गर्नु,
- विद्यालय सुरक्षाका लागि नीतिगत रुपमा भएका व्यवस्थाहरुलाई कार्यान्वयन गर्नु

**अवसरहरुः**

- भवन निर्माण सम्बन्धी आचारसंहिताले कार्यान्वयन हुनु
- गाउँपालिकास्तरमा विपद् व्यवस्थापन समिति र कोष निर्माण तथा परिचालन हुनु
- विभेद, दुर्व्यवहार हिंसा अन्तका लागि मुलुकले विभिन्न अन्तर्राष्ट्रिय सन्धी र सम्झौताहरुमा हस्ताक्षर गर्नु
- सुरक्षित विद्यालय व्यवस्थापनका लागि विभिन्न संघसंस्थाहरुले पालिकासँग सहकार्य र सहलगानी गर्नु
- नागरिक समाज, सरकार तथा संघसंस्थाहरु हिंसामुक्त र विभेदमुक्त समाजका लागि उन्मुख हुनु
- महामारी र प्रकोपको अवधिमा सरकार संघसंस्था तथा व्यक्तिहरुले समेत उल्लेख्य योगदान गर्नु

### ४.३.२ उद्देश्य

1) विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु
2) सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु
3) आपतकालीन अवस्थामा बैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने 'अधिकारको सुनिश्चि गर्नु

### ४.३.३ रणनीतिहरू

1) विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने
2) सम्भावित प्रकोप तथा विपत्सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी गराउने

3) कोभिड १९ लगायतका महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने

4) महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी गर्ने

5) शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा सङ्कटहरूको पूर्वानुमान तया त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने

6) विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने

7) स्थानीय स्तरमा शिक्षा समूह ( Education Cluster) निर्माण तथा परिचालन गर्ने

8) शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने

9) विपत् व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने

10) विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८० अनुसार केन्द्रमा सहजिकरण समिति र स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति जसले विद्यालय निर्माण, लैङ्गिक समता एवम् समावेशीकरण, विद्यालय विपत् व्यवस्थापन तथा विपत् जोखिम न्यूनीकरण र उत्थानशील शिक्षा तथा सेफगार्ड पक्षसम्बन्धी काम, अनुगमान तथा निरिक्षण गर्ने

**11)** विपत् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायविच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने

**12)** हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने

### ४.३.४ प्रमुख उपलब्धि र नतिजा उपलब्धि

- विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुने छ ।
- सम्भावित विपत व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुने छ ।
- आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुने छ ।

**<u>प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य</u>**

| क्र.सं. | सूचक | आधारवर्ष २०८१ | २०८१/८२ | २०८२/८३ | २०८/०८४ | २०८/०८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन- सीपसहित कोभिड जस्ता | ८ | ८ | ८ | ८ | ८ | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | | | | | | |
| २ | हरित विद्यालय सङ्ख्या | २८ | ३२ | ३६ | ४० | ४४ | ४८ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | ८ | १० | १२ | १४ | १६ | १७ |

### ४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१०वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | | |
| १ | विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड निर्माण | वटा | १७ | २५ | ३२ | ४० | ४८ | | |
| २ | सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना कार्यान्वयन (REAL Plan | वटा | १६ | २५ | ३५ | ४२ | ४८ | | |
| ३ | विपद पूर्वतयारी, | पटक | १ | १ | १ | १ | १ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम | | | | | | | | |
| ४ | विपद प्रतिरोधी विद्यालय सङ्ख्या | वटा | ४८ | ४८ | ४८ | ४८ | ४८ | | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

स्वास्थ्य मानिसको पहिलो धन हो । शरीर स्वस्थ रहनका लागि आवश्यक मात्रामा पोषणको आवश्यकता पर्दछ । गुणस्तरीय शिक्षाका लागि मानवको स्वस्थ शरीर महत्वपूर्ण आधार हो । बालबालिकाहरु स्वस्थ नभएसम्म उनीहरुले राम्रोसँग शिक्षा हासिल गर्न सक्दैनन् किन कि स्वस्थ शरीरमा नै स्वस्थ दिमाग रहन्छ भन्ने भनाइ वास्तविकता र ध्रुवसत्य कुरा हो । बालबालिकाहरुको गुणस्तरीय र सहज सिकाइका लागि विद्यालयले स्वच्छ खानेपानी, खाजा, सफा शौचालयको व्यवस्था गर्नुपर्दछ भने यी सबै काममा विद्यालयलाई सघाउनु हरेक अभिभावक तथा सरोकारवालाहरुको कर्तव्य हो । अहिलेको सबैभन्दा ठूलो समस्या भनेको बालबालिकाहरुमा बजारमा पाइने पकेटमा राखिएका पूर्व तयारी खाद्यपदार्थ र पेय पदार्थ खाने बानी हो । यी पदार्थहरु स्वास्थ्य र पोषणको दृष्टिले कुनै महत्व नहुनुका साथै हानिकारक पनि हुन्छ । त्यसैले यस विषयलाई गम्भिरतापूर्वक लिएर विद्यालयमा स्वास्थ्य र पोषण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ ।

### ४.४.१ वर्तमान अवस्था

नेपाल सरकारको वार्षिक कार्यक्रम अनुसार हाल यस गाउँपालिकाका सामुदायिक विद्यालयमा बालविकास कक्षा देखि ५ कक्षासम्म अध्ययनरत सबै विद्यार्थीहरुलाई दिवा खाजा प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिएको छ । उक्त कार्यक्रमका लागि यस वर्ष ६७,३४,०००।- सतसठ्ठी लाख चौंतीस हजार रकम यस गाउँपालिकामा नेपाल सरकारबाट ससर्त अनुदानका रुपमा वित्तीय हस्तान्तरण भई आएको छ भने उक्त कार्यक्रमबाट यस गाउँपालिकाका १,११४ जना छात्र र १,१५५ जना छात्रा गरी जम्मा २,२६९ जना बालबालिकाहरु लाभान्वित हुनेछन् । दिवा खाजा व्यवस्थापन ४९ वटा विद्यालय मध्ये ३ वटा मा.वि., २ वटा आ.वि. र ३ वटा प्रा.वि.मा विद्यालय कर्मचारीको सहयोगमा विद्यालय हाता भित्र चमेनागृह मार्फत र ४१ वटा विद्यालयमा नजिकको पसलबाट दिवा खाजा तालिका अनुसार खाजा निर्माण गरी खुवाउने कार्य हुँदै आएको छ । स्थानीय स्तरमा उत्पादित पोषिलो खाद्यपदार्थहरुबाट बनेका मापदण्ड अनुसारका परिकारहरु विद्यालयले वार्षिक औषत १८० दिनका लागि नियमित रुपमा खुवाउँदै आएका छन् । यस दिवा खाजा कार्यक्रमले बालिबालिकाको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरुलाई विद्यालयमा टिकाउने तथा शैक्षिक उपलब्धिहरु हासिल गर्न सहयोग पु¥याएको देखिन्छ । यद्यपि वित्तीय अवस्थाको कुरा गर्दा धेरैजसो विद्यालयमा आवश्यक भौतिक

पूर्वाधार, सामग्री तथा खाजा बनाउने व्यक्ति लगायत व्यवस्थापकीय कार्य तथा क्षमता विकासका लागि बजेटको प्रवन्ध गरिएको छैन भने आवश्यक पौष्टिक खानाका लागि मूल्य वृद्धिको अनुपातमा प्रति एकाइ हालको बजेट रु. १५ पर्याप्त देखिदैन ।

यसैगरी यस पालिकामा नेपाल सरकारको कार्यक्रम अनुसार बालबालिकाहरुका लागि अर्धवार्षिक रुपमा जुकाको औषधी वितरण ४९ वटा विद्यालयहरुमा प्राथमिक उपचार सामग्रीको बाकस कक्षा ६-१० का बालिकाहरुका लागि आइरन चक्की १७ वटा विद्यालयमा वितरण गरिएको छ । विद्यालयमा शौचालयको व्यवस्था भए तापनि पर्याप्त पानी र शौचालयको प्रवन्ध हुन सकेको छैन । अपाङ्गता भएका बालबालिकाहरुका लागि आधिकांश विद्यालयहरुमा अपाङ्गमैत्री शौचालय निर्माण गर्न बाँकी नै छ । विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापनका लागि वर्ष भरी पुग्ने गरी निःशुल्क सेनिटरी प्याडको व्यवस्थापन गरिएको छ भने केही विद्यालयमा सेनिटरी प्याड डिस्पोजल सहितको शौचालय व्यवस्थापन तथा प्रयोग र सञ्चालन गरिएको छ । जसले गर्दा छात्राहरुको विद्यालयमा नियमित उपस्थित हुने दर बढेको छ । धेरैजसो विद्यालयमा अझै पनि सुरक्षित र सहज प्याड बदल्ने कोठा, पानी तथा सरसफाइ प्रवन्धको कमजोरी तथा प्रयोग भएका सामग्रीको व्यवस्थापन गर्ने स्थानको अभाव, महिनावारी स्वच्छता सम्बन्धी शिक्षा तथा परामर्शको व्यवस्था गर्न सकिएको छैन ।

**चुनौतीहरुः**

- दिवा खाजा कार्यक्रमको कार्यान्वयनमा सरोकारवालाहरुको जिम्मेवारी तथा भूमिका स्पष्ट गर्नु,
- बालबालिकाको खाद्य तथा पोषणलाई कानूनी अधिकारको रुपमा स्थापित गराउनु,
- विद्यार्थीको नियमित स्वास्थ्य जाँच गर्ने कार्यलाई सबै विद्यालयमा कार्यन्वयन गर्नु,
- दिवा खाजालाई स्थानीय उत्पादन र निर्देशित मापदण्ड अनुसार कार्यन्वयन गर्नु,
- सेनिटरी प्याडको भरपर्दो वितरण तथा व्यवस्थापन गर्नु,
- सबै विद्यालयमा स्वच्छ खानेपानी तथा शौचालयको प्रवन्ध गर्नु,
- दिवा खाजा व्यवस्थापनका लागि आवश्यक जनशक्तिको व्यवस्थापन तथा परिचालन गर्नु,

**अवसरहरुः**

- सबै सामुदायिक विद्यालयहरुमा कक्षा बाल विकास देखि कक्षा ५ सम्मका सम्पूर्ण बालबालिकाहरुलाई दिवा खाजाका लागि सशर्त अनुदानको व्यवस्था गरिनु,
- स्थानीय स्तरमा उत्पादित खाद्यन्नका आधारमा विद्यालय दिवा खाजा तालिकाको निर्माण गरिनु,
- स्थानीय तहमा स्वास्थ्य र शिक्षा शाखाले समन्वय र सहकार्य गर्न सक्ने प्रकारको संरचना निर्माण हुनु,
- विद्यालयमा अध्ययनरत किशोरीहरुलाई निःशुल्क आइरन फोलिक एसिड र सेनिटरी प्याड वितरण गरिनु,
- बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालनमा रहनु,
- निःशुल्क खोप कार्यक्रम सञ्चालन गरिनु,
- स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन हुनु,

### ४.४.२ उद्देश्य

१. विद्यालयमा स्वस्थ तथा पोषणयुक्त, स्थानीय पौष्टिक तत्वयुक्त दिवा खाजा प्राप्तिको सुनिश्चितता गर्नु,

२. सबै बालबालिकाहरुमा पोषणयुक्त खाना खाने बानीको विकास गर्नु,

३. पोषण स्वास्थ्य तथा सरसफाइ सेवाको विस्तार र गुणस्तर सुधार गरी विद्यार्थीको स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु,

### ४.४.३ रणनीतिहरु

१. विद्यालयमा स्थानीय उत्पादनबाट तयार गरिएको पौष्टिकयुक्त दिवा खाजाको व्यवस्था गर्नका लागि अभिभावकलाई सघाउने तथा स्वास्थ्य र पोषण बारे अभिभावकहरुका लागि सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

२. दिवा खाजाका लागि विद्यालयमा आवश्यक पर्ने भौतिक तथा मानवीय साधनको उचित प्रवन्ध गर्ने ।

३. विद्यालयमा स्थानीय विषयको रुपमा वा स्वास्थ्य विषयमा जोडेर पोषण शिक्षालाई प्राथमिकताका साथ अध्यापन गराउने ।

४. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमले तयार गरेको विद्यार्थी हाजिरी कापीको अनिवार्य रुपमा सबै विद्यालयले प्रयोग गर्ने र त्यसमा उल्लेखित विषयमा विश्लेषण गरी अभिभावकलाई समय समयमा जानकारी गराउने ।

५. विद्यालयले प्रत्येक ३ महिनामा सबै विद्यार्थीको तौल र उचाई मापन गर्ने र कुनै गम्भिर लक्षण भए तत्काल र सामान्य अवस्थामा वर्षको १ पटक अभिभावकलाई जानकारी गराउने तथा स्थानीय स्वास्थ्य संस्थासँग सहकार्य गरेर प्रत्येक ३ महिनामा विद्यार्थीहरुको स्वास्थ्य परीक्षण गराउने ।

६. विद्यालयमा प्राथमिक उपचार किट, जुकाको औषधी तथा भिटामिन ए र आइरन फोलिक एसिड आदिको वितरण र किशोरी विद्यार्थीहरुका लागि सेनिटरी प्याड वितरण तथा व्यवस्थापन सम्बन्धी कार्यलाई स्वास्थ्य शाखा तथा स्वास्थ्य चौकीहरुको सहकार्यमा नियमित र प्रभावकारी बनाउने ।

७. दिवा खाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक साधन, संयन्त्र र प्रकृयामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने ।

८. गाउँपालिकाका सबै विद्यालयहरुमा विद्यार्थी संख्याका आधारमा स्वच्छ खानेपानी र छात्र छात्राका लागि पर्याप्त पानी, साबुन तथा सरसफाइ सामग्री सहितको बेग्ला बेग्लै शौचालय तथा किशोरीहरुका लागि प्याड बदल्ने कोठा, प्रयोग भइसकेका सामग्रीहरुको व्यवस्थापन, हात धुने ठाउँ व्यवस्थापन मिलाउने र हरेक विद्यालयमा ऐना र साबुनको व्यवस्था गर्ने । हरेक विद्यार्थीहरुद्वारा नै शौचालय सफा गर्ने नियम पालना गर्न अभिप्रेरित गर्ने ।

### ४.४.४ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धीः**

१. विद्यालयमा पोषणयुक्त स्थानीय पौष्टिक तत्वयुक्त दिवा खाजा प्राप्तिको सुनिश्चितता हुने,

२. विद्यालयमा अध्ययनरत सबै बालबालिकाहरुको स्वास्थ्य र पोषणको अवस्थामा सुधार हुने,

३. स्वस्थ, सुरक्षित तथा रमाइलो वातावरणमा पूर्ण पहुँच सहित सिकाइ उपलब्धिमा सुधार हुने,

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकास केन्द्रमा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गर्ने बालबालिकाको प्रतिशत | शतप्रतिशत | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गर्ने बालबालिकाको प्रतिशत | शतप्रतिशत | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता | निरन्तरता |
| ३ | पोषिलो खाजा तयारीका लागि विद्यालयमा आवश्यक पर्ने पूर्वाधार व्यवस्थापन भएका | १७ | २२ | २८ | ३५ | ४२ | ४८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विद्यालय संख्या | | | | | | |
| ४ | दिवा खाजा प्राप्त गर्ने कक्षा | ६ | ६ | ६ | ६ | ६ | ६ |
| ५ | स्थानीय उत्पादनमा आधारित दिवा खाजा व्यवस्थापन गर्ने विद्यालय संख्या | ३५ | ३८ | ४२ | ४४ | ४६ | ४८ |
| ६ | विद्यालय नर्सको व्यवस्था भएको विद्यालय संख्या | ४ | १ | १ | १ | १ | |
| ७ | वार्षिक रुपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालय संख्या | ४ | १७ | २२ | ३० | ४० | ४८ |
| ८ | प्राथमिक उपचारको आवश्यक प्रवन्ध भएको विद्यालय संख्या | ४ | १७ | २२ | ३० | ४० | ४८ |
| ९ | छात्रामैत्री | १७ | २२ | २८ | ३५ | ४२ | ४८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | शौचालय भएको विद्यालय संख्या | | | | | | |

### ४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | |
| १ | आधारभूत तहमा अध्ययनरत बालबालिकाहरुका लागि दिवा खाजा | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| २ | दिवा खाजाका लागि भाँडा वर्तन तथा आवश्यक सामग्रीको व्यवस्थापन | विद्यालय | १७ | २२ | २८ | ४० | ४८ | | |
| ३ | विद्यालय दिवा खाजाको मेनु तयार गरी खाजा खुवाउने | विद्यालय | ४९ | ४९ | ४९ | ४९ | ४९ | | |
| ४ | स्थानीय स्तरमा उत्पादन भएका सामग्रीहरु दिवा खाजामा प्रयोग गर्न प्रोत्साहन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ५ | दिवा खाजा व्यवस्थापन सम्बन्धमा सरोकारवालासँग अन्तरक्रिया/क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | | |
| ६ | आधारभूत तहमा | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अध्ययनरत किशोरीहरुका लागि निःशुल्क सेनिटरी प्याड वितरण | | | | | | | | |
| ७ | प्रयोग भएका सेनिटरी प्याड तथा महिनावारी स्वच्छता सामग्री व्यवस्थापनका लागि वितरण/डिस्पोज मेशिन व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | | |
| ८ | महिनावारी स्वच्छता सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | | |
| ९ | स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मीद्वारा विद्यार्थीको स्वास्थ्य जाँच | प्रति विद्यालय ३ महिना | १ | १ | १ | १ | १ | | |
| १० | किशोरीहरुका लागि आइरन चक्की तथा फोलिक एसिड वितरण | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | | |
| ११ | जुकाको औषधी वितरण | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | | |
| १२ | पोषण शिक्षा सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | | |

## ४.५ विद्यालय भौतिक पूर्वाधार विकास

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, सफाइ र पिउनका लागि खानेपानी, शौचका लागि शौचालय, बस्नको लागि उपयुक्त फर्निचर जस्ता भौतिक पूर्वाधार विद्यालयका अपरिहार्य अनि आधारभूत संरचना हुन् । शिक्षा नियमावली, २०५९ अनुसार सुविधाजनक रूपमा पठनपाठनमा सहभागी हुन प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्गमिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफल तोकिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायतका सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउँ दै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने नीतिगत व्यवस्था गरेको छ । राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवम् विस्तारको नीति, तथा यस सम्बन्धि प्रावधानहरुलाई मनन गर्दै यस खण्डमा विद्यालय भौतिक पूर्वाधार विकासको वर्तमान अवस्था, चुनौतिहरु, अवसर, तथा यसको अवस्था सुधार गर्नको संचालन गरिने आवस्यक योजना, रणनीतिहरु र क्रियाकलापहरु समावेश गरिएको छ ।

### ४.५.१ वर्तमान अवस्था

गाउँ पालिकामा हाल आधारभूत १-५ सम्म ३२ आधारभूत १-८ सम्म ९ र मावि ९-१० ४ र मावि ९-१२ ४ गरि कुल ४९ वटा सामुदायिक विद्यालय रहेका छन् भने निजि विद्यालयको संख्या नरहेको छ । सामुदायिक विद्यालयहरु सबैमा पक्कि भवन रहेको छ । पक्की भवनहरु भए पनि के ही विद्यालयमा पर्याप्त छैनन् भने ३ वटा विद्यालयमा अझैपनी विद्यालय भवन हरु निर्माणाधीन अवस्थामा रहेका छन् । विद्यालयहरूमा अन्य भौतिक पुर्वाधारहरु जस्तै : घेराबार, शौचालय, खानेपानी, खेलमैदान आदिको समेत पर्याप्त व्यवस्था हुन सकी रहेको छैन । कतिपय विद्यालय हरुमा भवनहरू पर्याप्त रहेको भएतापनि विद्यार्थी संख्या न्यून रहेको छ । यस गाउँ पालिकाभित्र संचालित धैरैजसो विद्यालयको आफ्नै स्वामित्वमा जग्गा भने उपलव्ध रहेको पाइएको छ । यस गाउँपालिकामा जम्मा ४९ वटा विद्यालय हरु रहेका छन् भने सबैजसो विद्यालयहरुमा गरि प्रयाप्त भवन हरु नरहेतापनी पुग्दो रहेका छन् । ति भवन हरुमा केहि भवनहरु नपुग रहेका देखिन्छन । बृहत आवासीय विद्यालय संचालन गर्नु आवस्यक रहेको वर्तमान सन्दर्भमा विद्यालयमा छात्रावास संचालन गर्नको लागि अझै भवन अपुग हुने अवस्था रहेको छ । गाउँपालिका भित्रका २/३ विद्यालयमा मात्र प्रधानाध्यापकको लागी छुट्टै कोठाको व्यवस्था रहेको छ भने क्रमश अन्य विद्यालयमा पनि प्रधानाध्यापकको लागी छुट्टै कोठाको व्यवस्था गर्नु पर्ने देखिन्छ । वर्तमान अवस्थामा जम्मा १० वटा विद्यालयमा मात्र छुट्टै कम्पुटर कोठा को व्यवस्था रहेको छ । साथै १३ वटा विद्यालयमा मात्र छुटै पुस्तकालय कक्षाको व्यवस्था रहेको छ । यसका साथै प्रायजसो विद्यालयमा छात्र र छात्राको लागी छुट्टाछुट्टै शौचालय रहेको छ, विज्ञान प्रयोगशाला उपलव्ध रहेका विद्यालयहरु जम्मा ९ वटा छन् । सबै विद्यालयमा विद्यार्थीको उमेर अनुसार डेस्क तथा बेन्चको व्यवस्था गर्न सकिएको छैन । आधुनिक समय सान्दर्भिक बुक कर्नर, किशोरी आराम कक्ष, सभा हल, मंच बगैचा जस्ता भौतिक

पूर्वाधारहरुको विकास गर्नु अती आवस्यक रहेको छ । सबै विद्यालयमा इन्टरनेटको व्यवस्था गर्न सकिएको छैन, अझै पनि कतिपय विद्यालयहरुमा नियमित रुपमा विद्युत आपूर्ति भएको छैन, साथै सबै विद्यालयमा शुद्ध खानेपानीको सहज उपलब्ध गराउन पनि सकिएको छैन । विद्यमान विद्यालय भौतिक संरचना बालमैत्री र अपाङ्गमैत्री नभएको हुनाले बालमैत्री तथा अपाङ्ग मैत्र संरचना निर्माणमा जोड दिनु अती आवस्यक रहेको देखिन्छ ।

**चुनौती**

१. पूर्वाधार विकासलाई समय सापेक्ष, ढिला सुस्ती रहित,गुणस्तरीय,एवम् पर्याप्त बनाउन,

२. सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि तोकिएको मापदण्ड अनुसारको मोडालिटी विकास गर्न,

३. भौतिक पूर्वाधारको विकासका लागी आवस्यक आर्थिक श्रोतको अभाव हुनु,

४. स्थानीय श्रोत साधन  प्रयोग गरि आवस्यकतामा आधारित निर्माण कार्य संचालन गर्नु,

५. विद्यमान विद्यालय भौतिक संरचना बालमैत्री र अपाङ्गमैत्री बनाउनु ।

**अवसरः**

१. विद्यालय भौतिक पूर्वाधार विकासको सम्बन्धमा संवैधानिक,नीतिगत र कानूनि व्यवस्था र प्रावधान रहनु,

२. भौतिक पूर्वाधार विकासमा सामाजिक सङ्घ सं स्थाहरूको संलग्नता र क्रियाशीलता,

३. शैक्षिक पूर्वाधार विकास लागि स्थानीय तहको आफ्नै निति तथा नियम बनाउन  सक्ने,

४. बालमैत्री,अपाङ्गमैत्री र हरित विद्यालय संरचन निर्माणको लागी सम्बन्धित तह/ निकायको  ध्यान केन्द्रित हुनु

५. ०७२ सालको भूकम्पपश्चात प्राय विद्यालयहरूको भुकम्प प्रतिरोधी पक्की भवन निर्माण भएको ।

## ४.५.२ उद्देश्य

यो गाउँ शिक्षा योजनाले यस योजनाको अन्त्य समामा विद्यालय भौतिक पूर्वाधार विकासको क्षेत्रमा तपशिलका लक्ष्य हाँसिल गरेको हुनेछ

१. शिक्षा क्षेत्रमा मापदण्ड अनुसार बालमैत्री,अपाङ्गमैत्री र हरित विद्यालय भौतिक पूर्वाधार विकास गर्ने,

२. शिकाइको लागी भौतिक सुबिधा सुनिस्चित गर्न भौतिक पूर्वाधार विकास, मर्मत सम्भार तथा सबलीकरण गर्ने,

३. प्रत्येक वडामा १/१ वटा बृहत आवासीय विद्यालय संचालन गर्ने ।

## ४.५.३ रणनीतिहरु

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह,लक्षित समुहका विद्यार्थी सङ्ख्याको प्रक्षेपणको आधारमा बालमैत्री र अपाङ्गमैत्री भौतिक पूर्वाधार विकास गर्ने, उद्देश्य १

२. बजेट विनियोन गर्दा दोहोरो नपर्ने गरी आवश्यकता पहिचान तथा प्राथमिकीकरणको आधारमा विद्यालयमा बालमैत्री,अपाङ्गमैत्री र हरित विद्यालयका भौतिक पुर्वाधारहरु निर्माण गर्ने । उद्देश्य १

३. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृ त प्रणालीको विकास गरी सं स्थागत क्षमता अभिवृद्धि गर्ने । उद्देश्य २

४. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुनर्निर्माण एवम् मर्मत सम्भार गर्ने, उद्देश्य २

५. विद्यालयमा  बालमैत्री र अपाङ्गमैत्री पूर्वाधार विकास र सबलीकरणको लागि संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने । उद्देश्य १,२

६. पूर्वाधार विकास कर्यलाईं  जिम्मेवारी पूर्ण बनाई विद्यालयको भौतिक सूचक तयार गर्ने  । उद्देश्य १,२

७. न्युन विद्यार्थी संख्या भएका विद्यालयलाई समायोजन गरि प्रत्येक वडामा १/१ वटा बृहत आवासीय विद्यालय संचालन गर्ने । उद्देश्य ३

### ४.५.४ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धिः**

१. विद्यालयहरूमा आवस्यकता अनुसार भौतिक संरचना निर्माण भएका हुने छन् ।

२. विद्यालयको मर्मत सम्भार तथा सबलीकरण हुने छ ।

३. प्रत्येक वडामा १/१ वटा बृहत आवासीय विद्यालय संचालन भएका हुने छ ।

**नतिजा र परिमाणात्मक सूचक तथा लक्ष्य**

| क्र सं. | सूचक | आधार वर्ष २०८१ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १. | बालमैत्री तथा अपाङ्ग मैत्री विद्यालय भवनको संख्या | ३५ | ३८ | ४२ | ४४ | ४६ | ४८ |
| २. | नयाँ निर्माण गर्नुपर्ने शौचालय संख्या | १७ | २२ | २८ | ३५ | ४२ | ४८ |
| ३. | नयाँ निर्माण गर्नुपर्ने अपाङ्ग मैत्री तथा छात्रा मैत्री शौचालय संख्या | १७ | २२ | २८ | ३५ | ४२ | ४८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४. | बृहत आवासीय विद्यालय संचालन भएका वडा संख्या | ० | १ | १ | १ | १ | १ |
| ५. | शुद्ध खानेपानीको व्यवस्था भएको विद्यालय | ४० | ४२ | ४४ | ४६ | ४७ | ४८ |
| ६. | सबलीकरण तथा पुननिर्माण गर्नुपर्ने कक्षाकोठा संख्या | ४ | ४ | ४ | ४ | ४ | २० |
| ७. | विद्यालय वरपर बगैचा निर्माण भएको हरित विद्यालयको संख्या | ८ | २ | २ | २ | २ | १६ |

## ४.६ शिक्षामा सूचना र प्रविधि

सूचना प्रविधिले शिक्षाको क्षेत्रमा विद्यमान रुढीवादी सं स्कार र पद्धतिलाई चुनौती दिदै शिक्षण र सिकाइका नयाँ विधि र मान्यतालाई अभूतपूर्व रूपमा अघि बढाएको छ । कक्षा कोठामा प्रविधि प्रयोगका कारण हाम्रो परम्परागत पठनपाठनको सिद्धान्तलाई परिस्कृत गरी नयाँ अवधारणाको शुरुवात भएको पाइन्छ । शिक्षा क्षेत्रमा सूचना प्रविधिलाई समुचित प्रयोग गर्नसके कृषि, वाणिज्य, उद्योग, पर्यटन लगायतका क्षेत्रमा पनि ठुलो परिवर्तन ल्याउन सकिन्छ । आजको मूल कार्यभार युगसापेक्ष सूचना प्रविधिको उपयोग गरी शिक्षा प्राप्त गर्नु र शिक्षा दिनु हो । शिक्षकले हिंड्ने बाटो विद्यार्थीले ग्रहण गर्नेप्रविधि फरक नभएर समान ,साझा साधन र माध्यमको रूपमा सूचना प्रविधिलाई उपयोग गर्नुसमयको माग हो ।

### ४.६.१ वर्तमान अवस्था

नेपालको संविधानले परिकल्पना गरेको सङ्घीय गणतत्रात्मक राज्य संरचना अनुरूप राष्ट्रको सामाजिक आर्थिक रुपान्तरणका लागि आवश्यक जनशक्ति उत्पादन गर्न संविधानको धारा ५१ को ज १ मा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँ दै सक्षम, प्रतिस्पर्धी, नैतिकवान एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने उल्लेख गरिएको छ । शिक्षामा सूचना प्रविधिको प्रयोगका लागि महाभारत गाउँ पालिकाले सबै विद्यालहरूमा इन्टरनेटको व्यवस्था गर्नको लागि आवस्यक पहल निरन्तर रुपमा गरी रहेको छ ।

**चुनौतीहरुः**

१. हरेक विद्यालयमा सूचाना तथा सचार प्रविधिका लागि अत्यावश्यक पूर्वाधारको विकास गर्न नसकिनु,

२. हरेक विद्यालयमा पर्याप्त व्याण्डविथसहितको इन्टरनेट सुविधा उपलब्ध नहुनु,

३. विद्युतीय आपूर्तिको निरन्तरतामा कमी हुनु,

४. सूचाना तथा सञ्चार प्रविधिमा सिप एवम् दक्षतायुक्त शिक्षक एवम् प्राविधिक जनशक्तिको अभावहुनु ,

५. सूचना प्रविधिको उपयोगका लागि शिक्षकहरूमा जागरुकता, लगनशीलता र आफुलाई अद्यावधिक बनाउन नसक्नु,

६. सबै विषयमा शिक्षण एवम् सिकाइका लागि सफ्टवेयरमा आधारित डिजिटल सिकाइ सामग्रीहरूको कमी हुनु ,

७. विद्युतीय पुस्तकालय E- Library को अभाव हुनु,

८. सूचना प्रविधिको क्षेत्रमा आवश्यकतानुसार लगानी नहुनु ।

**अवसरहरुः**

१. विद्यालयमा सूचाना तथा सचार प्रविधिका लागि संवैधानिक, नीतिगत र कानुनी प्रावधान,

२. शैक्षिक सुधारमा सामाजिक सङ्घरसं स्थाहरूको संलग्नता र क्रियाशीलता,

३. शैक्षिक विकास लागि स्थानीय तहको आफ्नै आन्तरिक स्रोत परिचालन गर्नसने,

४. सबै विद्यालयमा इन्टरनेट जडान भएको,

५. गाउँपालिका र वडास्तरमा पूर्ण विद्युतिकरण भइसकेको ।

## ४.६.२ उद्देश्य

१. सबै विद्यालयमा नियमित विद्युत आपूर्तिको व्यवस्था मिलाउने

२. सबै विद्यालयमा सूचना तथा सचार प्रविधिको पहुँच पुर्‍याउनु,

३. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सचार प्रविधिको प्रयोग गर्नु ।

## ४.७.३ रणनीति

१. सबै विद्यालयमा विद्युत जडान गरि नियमित विद्युत आपूर्तिको प्रवन्ध गर्ने उद्देश्य १

सूचना तथा सचार प्रविधिका आधारभूत सं रचना तथा उपकरणको प्रबन्ध गर्ने, उद्देश्य २

२. सूचना तथा सचार प्रविधिको प्रयोगको सम्वन्धमा सबै शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने, उद्देश्य २

३. विभिन कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोगमा जोड दिने, उद्देश्य ३

४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सचार प्रविधिको प्रयोग गर्ने, उद्देश्य ३

५. शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने। उद्देश्य ३

६. विद्यालयमा IT फोकल पर्सन तोकि फोकल पर्सनमार्फत क्षमता विकासको कार्यक्रम विस्तार गर्ने उद्देश्य ३

## ४.६.४ प्रमुख उपलब्धि र नतिजा

१. सबै विद्यालयमा विद्युत जडान गरि नियमित विद्युत आपूर्तिको प्रवन्ध भएको हुने छ ।

२. विद्यालयमा सूचना तथा सचार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढङ्गबाट सिकाइमा सहजीकरण भएको हुने छ ।

३. सूचना तथा सचार प्रविधिको प्रयोगवाट विद्यार्थीहरुको सिकाइ उपलब्धिमा सुधार आएको हुने छ ।

**नतिजा र परिमाणात्मक सूचक तथा लक्ष्य**

| क्र सं. | सूचक | आधार वर्ष २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १. | विद्युत जडान हुन बाँकी विद्यालयको संख्या | ४० | ४२ | ४४ | ४६ | ४७ | ४८ |
| २. | IT फोकल पर्सन तोकिएको विद्यालय संख्या | ८ | १० | १२ | १४ | १६ | १७ |
| ३. | E- library स्थापना भएको विद्यालय संख्या | २ | ३ | ४ | ६ | ७ | ८ |
| ४. | ICT मा आधारित शिक्षक तालिम प्राप्त शिक्षकको संख्या | ३० | २० | २० | २० | २० | २० |
| ५. | शिक्षण सिकाईमा डिजिटल सामग्रीको प्रयोग गर्ने विद्यालयको | ८ | ३५ | ३ | १ | १ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | संख्या | | | | | | |

# परिच्छेद : पाँच
# लगानी र स्रोत व्यवस्थापन

## ५.१ परिचय

संवैधानिक एवम् कानूनी प्रावधान अनुसार विद्यालय शिक्षामा समतामूलक पहुँच सहित गुणस्तरीय शिक्षा प्रदान गर्नु तीन तहका सरकारको साझा दायित्व हो । यसका लागि तहगत सरकारमा संरचनागत तथा संस्थागत सक्षमता अनिवार्य शर्त हो । सरकार तथा राज्यको सक्षमता विना गुणस्तरको सपना केवल नारामा सिमित हुने जोखिम रहन्छ । संस्थागत सक्षमताबाट नै शैक्षिक नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन र अपेक्षित गुणस्तरीय नतिजा प्राप्त गर्न सकिन्छ । वित्तीय साधन तथा स्रोतको विवेकपूर्णढङ्गबाट स्रोतको पहिचान, कार्यक्रम प्राथमिकीकरण र उपलब्ध स्रोतको विनियोजन कुशलता र कार्यान्वयन दक्षताका लागि जनशक्ति व्यवस्थापन , अनुगमन एवम् मुल्याङ्कन हुनु आवश्यक छ । संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षाको लागि वित्तीय व्यवस्थापन संघ, प्रदेश र स्थानीय तहको साझेदारी आवश्यक छ । नेपालको संविधान अनुसार स्थानीय तहको वित्तीय स्रोतको लागि संघीय र प्रदेश स्रोतबाट सशर्त अनुदान , समानीकरण अनुदान, समपुरक अनुदान र विशेष अनुदानको प्रबन्ध गरिएको छ भने स्थानीय तहको आफ्नै आन्तरिक स्रोतबाट शिक्षाको लागि लगानी हुने गरेको छ । यसको अतिरिक्त स्थानीय सहयोगी दाताहरु र गैर सरकारी क्षेत्रसँगको सहकार्यबाट शिक्षामा भएको योगदानलाई पनि वित्तीय स्रोतको रुपमा लिन सकिन्छ । साथै स्थानीय सरोकारवालाहरुको श्रमदान र वित्तीय सहयोग तथा सम्बन्धित विद्यालयहरुको आन्तरिक आम्दानीलाई पनि विद्यालय शिक्षाको लागि अर्को स्रोतको रुपमा लिन सकिन्छ । संघ र प्रदेश सरकारबाट अनिवार्य दायित्व केन्द्रित र कार्यक्रममा आधारित तोकिएको खर्च शिर्षक र मापदण्डमा खर्च व्यवस्थाका लागि सशर्त अनुदानको रुपमा वित्तीय हस्तान्तरण हुने कानूनी प्रावधान छ । यसको कार्यान्वयनमा सहजीकरणका लागि संघीय र प्रदेश सरकारबाट आवश्यक मार्गदर्शन र कार्यक्रम कार्यान्वयन सहयोगी पुस्तिका उपलब्ध हुने गरेको छ ।

विद्यलय शिक्षा क्षेत्रमा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने?, कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने?, विनियोजित स्रोतको प्रवाह कसरी गर्ने ? र उपलब्ध स्रोतको उपयोग कुन ढङ्गबाट गर्ने भन्ने विषय यस परिच्छेदमा विश्लेषण सहित प्रस्तुत गरिएको छ ।

## ५.२ वर्तमान अवस्था

विद्यालय शिक्षामा लगानी क्रमीकरुपमा बढोत्तरी गर्नु पर्छ भन्ने मान्यता संघ, प्रदेश र स्थानीय सरकारको बीचमा सैद्धान्तिक सहमति रहेको पाइन्छ । गतविगत वर्षको तुलनामा आगामी वर्षहरुमा लगानीको परिमाण बढ्नु स्वभाविक छ । यस पालिकाको ३ वर्षको तुलनात्मक अध्ययन तथा विश्लेषण गर्दा शिक्षाको बजेट प्रवाह देहाय अनुसार भएको देखिन्छ ।

**आ.व. २०७९।८० देखि २०८१।८२ को तुलनात्मक विश्लेषण (शिक्षा )**

| आ.व. | संघ सशर्त | आधार | स्थानीय | आधार | प्रदेश | आधार वर्ष | जम्मा | आधार |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

| | अनुदान | वर्ष र हेरफेर % प्रतिशत | तहको आन्तरिक स्रोत | वर्ष र हेरफेर % प्रतिशत | सशर्त अनुदान | र हेरफेर % प्रतिशत | रु ००० | वर्ष र हेरफेर % प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| २०७९।८० | १२३९९२ | - | १९७९४ | - | ११२६ | - | १४४९१२ | - |
| २०८०।८१ | १४८५०० | २४५०८ (५%) | २१५७८ | ५१२२ (27 %) | २६२४ | - | १७२७०२ | - |
| २०८१।८२ | १५०६१४ | २६६२२ (४%) | २०१०० | २०० (1%) | २८१२ | १८८ (७.१६%) | १७३५२६ | ८२४ (०.४८%) |

माथि उल्लेखित बजेट प्रवाह तालिका अनुसार आ.व. २०७९।८० लाई आधार वर्ष मानि आ.व. २०८०।८१ र २०८१।८२ को बजेट प्रवाहलाई हेर्दा संघ सशर्त तर्फ क्रमशः ५ र ४ प्रतिशतले वृद्धि भएको देखिन्छ भने स्थानीय तहको बजेट प्रवाह क्रमशः २७ प्रतिशतले वृद्धि र १ प्रतिशतले न्यून भएको देखिन्छ । त्यस्तै प्रदेश सशर्त तर्फ वृद्धि ० प्रतिशत भएको देखिन्छ । संघ सशर्त तर्फको बजेट प्रवाहलाई हेर्दा अनिवार्य दायित्व तर्फ भन्दा पनि कार्यक्रमको आधारमा बढोत्तरी भएको देखिन्छ र स्थानीय तहको कार्यक्रममा पनि अनिवार्य दायित्वलाई विशेष ध्यानमा राखि कार्यक्रम कार्यान्वयनको प्रगति स्थितिलाई हेरेर बजेट हेरफेर भएको देखिन्छ । यसरी स्थानीय तहको बजेट विनियोजनलाई विश्लेषण गर्दा राजश्व संकलन र आम्दानीको आधार लिएको देखिन्छ । यद्यपि स्थानीय सरकारको आदर्श वाक्य अर्थात दूरदृष्टिलाई हेर्दा शिक्षा प्राथमिकतामा नै रहेको देखिन्छ । तथापि बजेट सुनिश्चितता नभई कार्यक्रम तथा बजेट विनियोजन गर्नु भन्दा कार्यान्वयनयोग्य कार्यक्रम तथा बजेट विनियोजन गर्नु उत्तम मानिन्छ । साथै आ.व. २०८१।८२ का लागि विनियोजन बजेट रु १८६०० हजारमा आन्तरिक स्रोततर्फको अनिवार्य दायित्व ( के जि शिक्षक ३८ जना , माध्यमिक तह आई टि शिक्षक ३७ जना र प्रारम्भिक बाल विकास शिक्षक ३८ जना एवम् विद्यालय कर्मचारी ४८ जना लागि थप प्रोत्साहन अनुदान समेतका लागि ७००० हजार बराबर मासिक) पनि स्थानीय सरकारले व्यवस्था गर्नु पर्ने स्थिति विद्यमान रहेकाले अन्य आवश्यक शैक्षिक गतिविधिका लागि विनियोजित भएको देखिन्छ । तसर्थ यस १० वर्षे योजना भित्र आगामी ५ वर्षको पहिलो वर्षका लागि प्रस्तावित गरेका कार्यक्रम कार्यान्वयनका लागि थप स्रोतको खोजी र व्यवस्थापन गर्नका लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय गैर सरकारी संघ संस्था लगायतका सहयोगी दाताहरुसँगको समन्वय, साझेदारी र सहकार्यको वातावरण हुन आवश्यक रहेको छ । यद्यपि सिमित स्रोतबाट

अपेक्षित आवश्यकताको सम्बोधन गर्न हुने जोखिमलाई ध्यानमा राखि कार्यान्वयनमा सहजताको लागि विना बजेट र बजेट आवश्यक हुने प्रस्तावित कार्यक्रमहरुलाई प्राथमिकताक्रममा राखिएको छ ।

**संघ र प्रदेश सशर्त बजेट प्रवाह स्थिति (आ व २०७९ देखि २०८१) — ref CEHRD Nepal**

| सि न | अनुदान प्राप्त क्रियाकलाप | आ व २०७९।८० | आ व २०८०।८१ | आ व २०८१।८२ | कैफियत |
|---|---|---|---|---|---|
| **संघ सशर्त (क) अनिवार्य दायित्व तर्फ** | | | | | |
| १ | आधारभूत तहमा स्वीकृत दरवन्दी र राहत अनुदानमा कार्यरत स्थायी, अस्थायी करार र विशेष शिक्षा परिषदका शिक्षक तथा कर्मचारीको तलवभत्ता र पोशाक अनुदान | ७२८०० | ९२६०० | ९९४२० | |
| २ | माध्यमिक तहमा स्वीकृत दरवन्दी र राहत अनुदानमा कार्यरत स्थायी, अस्थायी राहत करार र विशेष शिक्षा परिषद तर्फका शिक्षक र कर्मचारीको तलवभत्ता र पोशाक (प्राविधिक धार तर्फका प्रशिक्षक समेत) अनुदान | ११२०० | १२८०० | २२४५९ | |
| **जम्मा ( क १ र २ )** | | **८४०००** | **१०५४००** | **१०१८७९** | |
| ३. विद्यालय शिक्षा क्षेत्र कार्यक्रम —SESP | | | | | |
| ३.१ | प्रारम्भिक बाल कक्षा सहजकर्ताको पारिश्रमिक र विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | १०५२८ | १२९८१ | ९७४३ | |
| ३.२ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय \मातृभाषा समेत) | ३०८३ | ३०९८ | ३०४८ | |
| ३.३ | तोकिएको विद्यार्थीको दिवा | ७७८४ | ७२९१ | ६७३४ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | खाजाका लागि विद्यालय अनुदान | | | | |
| ३.४ | सार्वजनिक विद्यालयका छात्राहरुका लागि निःशुल्क सेनेटरीप्याड व्यवस्थापन अनुदान | १२४१ | १२४३ | १०४६ | |
| ३.५ | सार्वजनिक विद्यालयमा अध्ययनरत बालबालिकाहरुका लागि छात्रवृत्ति अनुदान | ८०१ | ८४७ | ५२२ | |
| ३.६ | प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामग्री तथा डिजिटल सिकाई सामग्रीका लागि विद्यालय अनुदान | २३२३ | २२९३ | २७४३ | |
| ३.७ | विद्यालय सञ्चालन र व्यवस्थापन अनुदान | ३०६२ | ३०९७ | ३२५० | |
| ३.८ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी गणित र विज्ञान विषयका लागि शिक्षण सहयोग अनुदान | २७३५ | ३४०८ | ५७८० | आ व २०८१।८२ मा ३ थप |
| ३.९ | आधारभूत तह कक्षा (६-८) मा अंग्रेजी गणित र विज्ञान विषयका लागि शिक्षण सहयोग अनुदान | २८९९ | ३६९२ | ३६९२ | |
| ३.१० | विपन्न लक्षित छात्रवृत्तिका लागि छनोट भएका कक्षा (६-१२) अध्ययनरत बालबालिकाहरुका लागि छात्रवृत्ति अनुदान | ० | ० | ५२१ | आ व २०८१।८२ मा थप |
| **जम्मा (क ३ )** | | ३४४५६ | ३७९५० | ३७०७९ | |
| **संघीय सशर्त (ख) कार्यक्रम अनुदान तर्फ** | | | | | |
| ३.११ | शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | २७५० | २३०० | ११५० | नमूना विद्यालय ४००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.१२ | शैक्षिक पहुँचमा सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा (सामुदायिक सिकाई केन्द्र | ६०० | १२९५ | १३२३ | प्रति सासिके ३००हजार |
| ३.१३ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास विद्यार्थी परीक्षण मुल्याङ्कन ,शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरीवेक्षणका लागि अनुदान | ८२४ | १२५५ | १२७९ | |
| ३.१४ | कोभीड १९ वाट पुगेको शैक्षिक क्षतिको आपूरण तथा अन्य विपदको समयमा सिकाई निरन्तरताको लागि कार्यक्रम (ReAl Plan ) कार्यक्रम अनुदान | ४५० | ४०० | ४०० | |
| | **जम्मा ( ख ३ )** | ४६२४ | ५२५० | ४१५२ | |
| **कुल जम्मा ( संघ सशर्त क र ख )** | | १२३०८० | १४८६०० | १४३११० | |
| **प्रदेश सशर्त कार्यक्रम अनुदान तर्फ** | | | | | |
| **(क) अनिवार्य दायित्व तर्फ** | | | | | |
| १ | माध्यमिक तहमा शुन्य दरबन्दी भएका सामुदायिक माध्यमिक विद्यालयका लागि अंग्रेजी गणित र विज्ञान शिक्षकका लागि शिक्षण सहयोग अनुदान | ११३६ | ११३६ | ११३६ | |
| | जम्मा ( प्रदेश सशर्त क ) | ११३६ | ११३६ | ११३६ | |
| | कुल जम्मा ( संघ र प्रदेश ) | १२४२१६ | १४९७३६ | १४४२४६ | |

**संघ सशर्त अनिवार्य दायित्व तर्फ**

- आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक राहत, अनुदान शिक्षकका लागि तलव भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तर्गका शिक्षक कर्मचारी र प्राविधिक धारका प्रशिक्षक समेत )
- माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक राहत अनुदान शिक्षकका लागि तलव भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तर्गका शिक्षक कर्मचारी र प्राविधिक धारका प्रशिक्षक समेत )

**विद्यालय शिक्षा क्षेत्र कार्यक्रम अन्तर्गतका कार्यक्रमहरु**

- प्रारम्भिक बाल कक्षा सहजकर्ताको पारिश्रमिक र विद्यालय कर्मचारी व्यवस्थापन अनुदान
- सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान
- तोकिएको विद्यार्थीको दिवा खाजाका लागि विद्यालय अनुदान
- सार्वजनिक विद्यालयका छात्राहरुका लागि निःशुल्क सेनेटरीप्याड व्यवस्थापन अनुदान
- सा।वजनिक विद्यालयमा अध्ययनरत बालबालिकाहरुका लागि छात्रवृत्ति अनुदान
- प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामग्री तथा डिजिटल सिकाई सामग्रीका लागि विद्यालय अनुदान
- विद्यालय सञ्चालन र व्यवस्थापन अनुदान
- शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान
- शैक्षिक पहुँचमा सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा
- शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास,विद्यार्थी परीक्षण मुल्याङ्कन,शिक्षक मेन्टरिङ तथा सुपरीवेक्षण
- माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी गणित र विज्ञान विषयका लागि शिक्षण सहयोग अनुदान (६ जना) — आ व २०८१।८२ को थप सहित
- आधारभूत तह कक्षा (६-८) मा अंग्रेजी गणित र विज्ञान विषयका लागि शिक्षण सहयोग अनुदान
- कोभीड १९ वाट पुगेको शैक्षिक क्षतिको आपूरण तथा अन्य विपदको समयमा सिकाई निरन्तरताको लागि कार्यक्रम
- CTEVTको मापदण्ड वमोजिम सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन अनुदान

**संघ सशर्त कार्यक्रम तर्फ**

- विद्यालयमा विज्ञान प्रयोगशाला /सूचना तथा प्रविधि प्रयोगशाला / पुस्तकालय व्यवस्थापन अनुदान
- कक्षा (१-३) का लागि पढाई र गणीतीय सीप प्रवर्धन अनुदान
- सामुदायिक सिकाई केन्द्र सञ्चालन र व्यवस्थापन अनुदान
- लागत साझेदारीमा साक्षरता तथा आजीवन सिकाई कार्यक्रम अनुदान
- विद्यालय सुशासन प्रवर्धन कार्यक्रम ( ईमिस व्यवस्थापन , शैक्षिक योजना तथा अभिलेख व्यवस्थापन ) सहजीकरण अनुदान
- विद्यालय सुपरीवेक्षण तथा शिक्षकको निरन्तर पेशागत विकास र मेन्टरीङ पद्धतिको कार्यान्वयन **संघ सशर्तको**

**सशर्त प्रदेश स्रोत तर्फ**

- शुन्य दरबन्दीका भएका सामुदायिक माध्यमिक विद्यालयका लागि अंग्रेजी गणित र विज्ञान विषय शिक्षकका लागि शिक्षण सहयोग अनुदान

- **<u>आन्तरिक स्रोत तर्फ ( गाँउपालिका शिक्षा शाखा  मार्फत)</u>**
- प्रारम्भिक बाल कक्षा सहजकर्ता र विद्यालय सहयोगी प्रोत्साहन अनुदान
- विद्यालय लेखा सहायकका लागि प्रोत्साहन अनुदान
- प्रारम्भिक बाल कक्षा शिक्षक अनुदान
- प्रारम्भिक बाल विकास शिक्षा (के जी शिक्षक) अनुदान
- माध्यमिक विद्यालयका लागि  आई टि शिक्षक अनुदान
- सट्टा शिक्षक अनुदान  एवम् स्वयंसेवक शिक्षक अनुदान
- स्थानीय पाठ्यपुस्तक छपाई कक्षा (१-८) तथा थप पाठ्यसामग्री  खरिद (विद्यालय)
- शिक्षक  तालिम / पेशागत क्षमता विकास कार्यक्रम तथा ईमिस तालिम ( विद्यालय ईमिस शिक्षक )
- माध्यमिक विद्यालय स्काउट कार्यक्रम अनुदान  तथा खेलकूद कार्यक्रम (विद्यालय )
- आधारभूत शिक्षा परीक्षा (कक्षा ८ ) सुदृढीकरण  तथा अतिरिक्त क्रियाकलापका लागि विद्यालय अनुदान
- नमूना विद्यालय एवम् उत्कृष्ट विद्यालय अवलोकन भ्रमण  तथा विद्यालय अनुगमन तथा सुपरीवेक्षण कार्यक्रम
- शैक्षिक समाचार  वुलेटिन तथा शैक्षिक क्यालेण्डर निर्माण ( शिक्षा शाखा)
- कम्प्युटर र प्रिन्टर व्यवस्थापन ( विद्यालय ) तथा मर्मत संभार र फर्निचर व्यवस्थापन (विद्यालय)
- अनुगमन साधन, प्रगति  स्थिति प्रतिवेदन र शिक्षक डायरी (शिक्षा शाखा)
- पालिका शिक्षा योजना निर्माण र परिमार्जन
- गैर सरकारी संस्थासँगको साझेदारी कार्यक्रम ( वालमैत्री सिकाई वातावरण )

## ६.३ उद्देश्यहरु

- विद्यालय शिक्षा क्षेत्रमा आवश्यक स्रोतको आंकलन तथा प्रक्षेपण गर्नु ।
- शिक्षा योजनामा समावेश कार्यक्रमको कार्यान्वयनका लागि  आवश्यक वित्तीय स्रोतको पहिचान गर्नु ।
- उपलब्ध साधनस्रोतको आधारमा कार्यक्रमको प्राथमिकताक्रममा कार्यक्रमगत बजेट निर्धारण  गर्नु ।
- लगानीको उपयोगिता एवम् लगानी अनुरुपको प्रतिफल प्राप्त हुने उपयुक्त विधि र कार्य प्रकिया सहित जवाफदेहिता स्पष्ट गर्नु ।

## ६.४ रणनीतिहरु

- शिक्षा योजना कार्यान्वयनका लागि संघीय, प्रदेश सरकार र  स्थानीय तहको साझेदारीमा कानूनी प्रावधान बमोजिम लगानीको सुनिश्चित गर्ने ।
- शिक्षा योजना कार्यान्वयनको लागि संघीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय तहको लगानी वृद्धि गर्ने ।
- शिक्षामा लगानीको लागि निजी क्षेत्र र गैरसरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्ने ।
- विद्यालय शिक्षाको समतामूलक पहुँच, सहभागिता र गुणस्तरको सुनिश्चितताका लागि लगानी प्रभावकारीता वृद्धि गर्ने  ।

- लागत साझेदारीमा आधारित कार्यक्रमहरु सञ्चालन गर्ने ।
- Zero Budget, Low Budget, Actual/High Budget को आधारमा कार्यक्रम कार्यान्वयन गर्ने ।
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, अनुशासन ,पारदर्शिता र जिम्मेवारी एवम् उत्तरदायित्व वहनको कार्यसंस्कृतिलाई सवलीकरण गर्ने ।
- पालिकाको कुल बजेटको निश्चित "प्रतिशत" बजेट शिक्षाको लागि व्यवस्था गर्ने ।
- प्रचलित तोकिएको मापदण्डका आधारमा खर्च र प्रगति प्रतिवेदन पद्धतिको अवलम्बन गर्ने ।
- संघ ,प्रदेश र स्थानीय सरकार बीच शैक्षिक नीति तथा कार्यक्रम कार्यान्वयनका लागि आपसी समन्वय , सहयोग र सहजीकरणको नीति अवलम्बन गर्ने ।
- गाउँपालिकाभित्र सञ्चालनमा रहेका गैसरसरकारी संस्थाहरु बीच कार्यक्रम कार्यान्वयनका लगि आपसी समन्वय र सहकार्य गर्ने ।

## ५.५ उपलब्धी र नतिजाहरु

### ५.५.१ उपलब्धी

- शैक्षिक पहुँच एवम् समता र गुणस्तर तथा संस्थागत क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुनेछ ।

### ५.५.२ नतिजाहरु

- वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारीपन र उत्तरदायित्व सुदृढ भएको हुनेछ ।
- संघ र प्रदेश सरकार र गैर सरकारी संस्था लगायत सहयोगी दाताहरुसँगको आपसी समन्वय र साझेदारीमा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक स्रोतको व्यवस्थापन र परिचालनको वातावरण तयार भएको हुनेछ ।
- विद्यालय शिक्षाका सम्बन्धित सरोकारवालाहरुको भूमिका र जिम्मेवारीका आधारमा प्रस्तावित कार्यक्रमलाई विना बजेटमा गर्न सकिने र प्राथमिकताको आधारमा न्यून बजेट एवम् वास्तविक बजेटमा सम्पन्न गर्न सकिने गरी कार्यक्रम एवम् क्रियाकलाप वर्गीकृत भएको हुनेछ ।
- स्थानीय आन्तरिक श्रम र योगदानमा आधारित स्रोत परिचालनको वातावरण तयार भएको हुनेछ ।

## ५.६ संघ सशर्त वितीय हस्तान्तरण तर्फ कार्यक्रम तथा वजेट प्रक्षेपण २०८२।८३ देखि २०८६।८७ सम्म

| क स | कार्यक्रम एवम क्रियाकलाप | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथोवर्ष | पाचो वर्ष | ५ वर्षको बजेट | कैफियत आधारवर्ष |
|---|---|---|---|---|---|---|---|---|
| | | ०८२।८३ | ०८३।८४ | ०८४।८५ | ०८५।८६ | ०८६।८७ | ०८२-०८६ | २०८१।०८२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| A. | अनिवार्य दायित्व तर्फ | | | | | | | |
| १ | आधारभूत तहमा स्वीकृत दरवन्दी र राहत अनुदानमा कार्यरत स्थायी, अस्थायी करार र विशेष शिक्षा परिषदका शिक्षक तथा कर्मचारीको तलवभत्ता र पोशाक | ९९५०० | ९९४२० | ९९४२० | ९९४२० | ९९४२० | ३९७१०० | |
| २ | माध्यमिक तहमा स्वीकृत दरवन्दी र राहत अनुदानमा कार्यरत स्थायी, अस्थायी राहत करार र विशेष शिक्षा परिषद तर्फका शिक्षक र कर्मचारीको तलव भत्ता र पोशाक (प्राविधिक धार तर्फका प्रशिक्षक समेत) | १२९०० | २२४५९ | २२४५९ | २२४५९ | २२४५९ | ११२२९५ | |
| **जम्मा ( १ र २)** | | **१०१८७९** | **१०१८७९** | **१०१८७९** | **१०१८७९** | **१०१८७९** | **५०९३९५** | |
| ३ . विद्यालय शिक्षा क्षेत्र कार्यक्रम -SESP | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **३.१** | प्रारम्भिक बाल कक्षा सहजकर्ताको पारिश्रमिक र विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | १४८९२ | १४८९२ | १४८९२ | १४८९२ | १४८९२ | **७४४६०** | स्वीकृत दरवन्दी र नर्म्स अनुसार |
| **३.२** | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय एवम् मातृभाषा समेत) | ३०८७ | ३०८७ | ३०८७ | ३०८७ | ३०८७ | **१५४३५** | विद्यार्थी संख्या अनुसार |
| **३.३** | तोकिएको विद्यार्थीको दिवा खाजाका लागि विद्यालय अनुदान | ८२२२ | ८२२२ | ८२२२ | ८२२२ | ८२२२ | **४१११०** | विद्यार्थी संख्या अनुसार |
| **३.४** | सार्वजनिक विद्यालयका छात्राहरुका लागि निःशुल्क सेनेटरीप्याड व्यवस्थापन अनुदान | १०९६ | १०७२ | १०७२ | १०७२ | १०७२ | **५३६०** | विद्यार्थी संख्या अनुसार |
| **३.५** | सा।वजनिक विद्यालयमा अध्ययनरत बालबालिकाहरुका | ५८१ | ४११ | ४११ | ४११ | ४११ | **२०५५** | विद्यार्थी संख्या अनुसार |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | लागि छात्रवृत्ति अनुदान | | | | | | | |
| ३.६ | प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामग्री तथा डिजिटल सिकाई सामग्रीका लागि विद्यालय अनुदान | २३९३ | २३९३ | २३९३ | २३९३ | २३९३ | ११९६५ | विद्यालय संख्या अनुसार |
| ३.७ | विद्यालय सञ्चालन र व्यवस्थापन अनुदान | ३६१० | २१९५ | २१९५ | २१९५ | २१९५ | १०९७५ | विद्यालय संख्या अनुसार |
| ३.८ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी गणित र विज्ञान विषयका लागि शिक्षण सहयोग अनुदान | ८६७० | ३४६८ | ३४६८ | ३४६८ | ३४६८ | १७३४० | स्वीकृत कोटा अनुसार |
| ३.९ | आधारभूत तह कक्षा (६-८) मा अंग्रेजी गणित र विज्ञान विषयका लागि शिक्षण सहयोग अनुदान | ३६९२ | १८४६ | १८४६ | १८४६ | १८४६ | ९२३० | स्वीकृत कोटा अनुसार |
| ३.१० | विपन्न लक्षित छात्रवृत्तिका लागि छनोट भएका कक्षा (६-१२) | १४२२ | १४२२ | १४२२ | १४२२ | १४२२ | ७११० | स्वीकृत कोटा अनुसार |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अध्ययनरत बालबालिकाहरुका लागि छात्रवृत्ति अनुदान | | | | | | | |
| **जम्मा (अनिवार्य दायित्व तर्फ )** | | **२८४५ ८** | **२८४५ ८** | **२८४५ ८** | **२८४५ ८** | **२८४५ ८** | **१४२२९०** | |
| **B. संघीय सशर्त कार्यक्रम अनुदान तर्फ** | | | | | | | | |
| ३.१ १ | शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | १५०० | ५४७४ | ५४७४ | ५४७४ | ५४७४ | २७३७० | कार्यक्रमको प्रावधान अनुसार |
| ३.१ २ | शैक्षिक पहुँचमा सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा (सामुदायिक सिकाई केन्द्र | १३५० | १४०० | १४०० | १४०० | १४०० | ७००० | कार्यक्रमको प्रावधान अनुसार |
| ३.१ ३ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास विद्यार्थी परीक्षण मुल्याङ्कन ,शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरीवेक्षण | १२८४ | ११४० | ११४० | ११४० | ११४० | ५७०० | कार्यक्रमको प्रावधान अनुसार |
| **जम्मा ( कार्यक्रम तर्फ)** | | **८४१४** | **८४१४** | **८४१४** | **८४१४** | **८४१४** | **४२०७०** | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कुल जम्मा (संघ ) | | १३८७<br>५१ | १३८७<br>५१ | १३८७<br>५१ | १३८७<br>५१ | १३८७<br>५१ | ६९३७५५ | |
| **ख. प्रदेश सशर्त कार्यक्रम अनुदान तर्फ** | | | | | | | | |
| **A. अनिवार्य दायित्व तर्फ** | | | | | | | | |
| १ | माध्यमिक तहमा सुन्य दरवन्दी भएका सामुदायिक माध्यमिक विद्यालयका लागि अंग्रेजी गणित र विज्ञान शिक्षकका लागि शिक्षण सहयोग अनुदान | ११३६ | १७०४ | १७०४ | १७०४ | १७०४ | ७९५२ | प्रत्येक वर्ष प्रदेश सरकारको नीति तथा कार्यक्रम र वजेटमा हुने वृद्धि प्रतिशत अनुसार वढोत्तरी गरी AWPB तयार गर्ने प्रावधान रहेको । |
| **जम्मा (प्रदेश)** | | ५३८ | ५३८ | ५३८ | ५३८ | ५६८ | २६९० | |
| कुल जम्मा (संघ र प्रदेश) | | १३९२<br>८९ | १३९२<br>८९ | १३९२<br>८९ | १३९२<br>८९ | १३९२<br>८९ | ६९६४४५ | |

## ६.७ प्रमुख कार्यक्रम एवम् क्रियाकलाप र बजेट प्रक्षेपण तथा स्रोत व्यवस्थापन - संक्षिप्त

| (क ) क्षेत्रगत एवम् क्रियाकलापगत प्रस्तावित वजेट प्रक्षेपण तथा स्रोत व्यवस्थापन (२०८२-२०८६) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र स | क्षेत्र | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | कुल वजेट रु ००० | % | क्रियाकलाप संख्या |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| आन्तरिक स्रोत तर्फ | | | | | | | | | |
| १ | विद्यालय क्षेत्रका मुख्य उपक्षेत्र | ३२०९८ | ३०३६५ | ३०२५४ | ३०७७० | ३०६७८ | १५४१६५ | १४.३१ | ८९ |
| २ | अन्तरसम्बन्धित विषय एवम् क्षेत्र | ७५०९ | ९६४१ | १००९१ | ९९६६ | ११२२१ | ४८४२८ | ४.४९ | ४६ |
| ३ | सुशासन तथा व्यवस्थापन | ४३८८ | ३९८८ | ३९८८ | ३९८८ | ३९८८ | २०३४० | १.८९ | २९ |
| **जम्मा** | **आन्तरिक स्रोत** | **४३९९५** | **४३९९४** | **४४३३३** | **४४७२४** | **४५८८७** | **२२२९३३** | २०.६९ | **१६४** |
| % | आन्तरिक स्रोत | १९.७ | १९.७ | १९.९ | २०.१ | २०.६ | १०० | आन्तरिक स्रोतका आधारमा | |
| वाह्य स्रोत तर्फ | | | | | | | | | |
| १ | विद्यालय क्षेत्रका मुख्य उपक्षेत्र | १२६५४५ | १३२०८७ | १३४९०७ | १३३७८३ | १३३८६९ | ६६११९१ | ६१.३६ | २५ |
| २ | अन्तरसम्बन्धित विषय एवम् क्षेत्र | १०६७१ | ३८७२१ | ४१५३१ | ४३४०३ | ४६६९३ | १८१०१९ | १६.८० | १६ |
| ३ | सुशासन तथा व्यवस्थापन | २४९५ | २४९५ | २४९५ | २४९५ | २४९५ | १२४७५ | १.२ | १२ |
| **जम्मा** | **वाह्य स्रोत** | **१३९७११** | **१७३३०३** | **१७८९३३** | **१७९६८१** | **१८३०५७** | **८५४६८५** | ७९.३१ | **५३** |
| % | वाह्य स्रोत | १६.३ | २०.३ | २०.९ | २१.० | २१.४ | १०० | वाह्यस्रोतका आधारमा | |
| आन्तरिक र वाह्य स्रोत तर्फ | | | | | | | | | |
| १ | विद्यालय क्षेत्रका मुख्य उपक्षेत्र | १५८६४३ | १६२४५२ | १६५१६१ | १६४५५३ | १६४५४७ | ८१५३५६ | ७५.७ | ११४ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | अन्तरसम्बन्धित विषय एवम् क्षेत्र | १८१८० | ४८३६२ | ५१६२२ | ५३३६९ | ५७९१४ | २२९४४७ | २१.३ | ६२ |
| ३ | सुशासन तथा व्यवस्थापन | ६८८३ | ६४८३ | ६४८३ | ६४८३ | ६४८३ | ३२८१५ | ३.० | ४१ |
| **कुल जम्मा** | **आन्तरिक स्रोत र वाह्य स्रोत** | **१८३७०६** | **२१७२९७** | **२२३२६६** | **२२४४०५** | **२२८९४४** | **१०७७६१८** | **१००** | **२१७** |
| **%** | **आन्तरिक स्रोत र वाह्य स्रोत** | **१७.०** | **२०.२** | **२०.७** | **२०.८** | **२१.२** | **१००** | आन्तरिक र वाह्य स्रोतका आधारमा | |

| ५.७) ख (क्षेत्रगत प्रस्तावित क्रियाकलाप र  वजेट प्रक्षेपण) २०८२-२०८६ — (विस्तृत | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र स | क्षेत्र | कार्यक्रम एवम् क्रियाकलाप | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | वजेट रु ००० | शेयर % प्रतिशत | |
| स्थानीय सरकार र स्थानीय समुदाय संघ संस्था एवम् विद्यालय  ( आन्तरिक स्रोत ) | | | | | | | | | | २०.६९ |
| १.विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु | | | | | | | | | | क्रियाकलाप |
| १.१ | प्रारम्भिक बाल विकास शिक्षा | क्रियाकलाप १ देखि ९ | ७७५ | ११४३ | १०३२ | १५४८ | १४५६ | ५९५४ | 2.67 | |
| १.२ | आधारभूत शिक्षा | क्रियाकलाप १ देखि ९ | १७३८ | १६३८ | १६३८ | १६३८ | १६३८ | ८२९० | 3.72 | |
| १.३ | माध्यमिक शिक्षा | क्रियाकलाप १ देखि १३ | २५६५ | २५६४ | २५६४ | २५६४ | २५६४ | १२८२१ | 5.75 | |
| १.४ | पाठ्यक्रम तथा मुल्याङ्कन | क्रियाकलाप १ देखि २० | ३२५० | २६०० | २६०० | २६०० | २६०० | १३६५० | 6.12 | |
| १.५ | शिक्षक व्यवस्थापन तथा विकास | क्रियाकलाप १ देखि २३ | २००९५ | १९५९५ | १९५९५ | १९५९५ | १९५९५ | ९८४७५ | 44.17 | |
| १.६ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाई | क्रियाकलाप १ देखि ७ | २३५० | १५०० | १५०० | १५०० | १५०० | ८३५० | 3.75 | |
| १.७ | प्राविधिक तथा | क्रियाकलाप | १३२५ | १३२५ | १३२५ | १३२५ | १३२५ | ६६२५ | 2.97 | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवसायिक शिक्षा | १ देखि ८ | | | | | | | | |
| जम्मा | | | ३२०९८ | ३०३६५ | ३०२५४ | ३०७७० | ३०६७८ | १५४१६५ | ६९.१५ | |
| २ .अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु | | | | | | | | | | क्रियाकलाप |
| २.१ | शैक्षिक समता र समावेशीकरण | क्रियाकलाप १ देखि ११ | ७२६ | ७२६ | ८३७ | ८३७ | ८३७ | ३९६३ | 1.78 | |
| २.२ | दिवाखाजा, स्वास्थ्य पोषण कार्यक्रम | क्रियाकलाप १ देखि ११ | ११४२ | ८४९ | ८७७ | ६८३ | ८७७ | ४४२८ | 1.99 | |
| २.३ | आपतकालिन र संकटकालिन अवस्थामा शिक्षा | क्रियाकलाप १ देखि १५ | १०२३ | १२८५ | ८४९ | ६०६ | ६६६ | ४४२९ | 1.99 | |
| २.४ | विद्यालय पुर्वाधार विकास | क्रियाकलाप १ देखि ६ | ३९५० | ६०४५ | ६७२० | ६९५१ | ७८६३ | ३१५२९ | 14.14 | |
| २.५ | विद्यालयमा सूचना तथा प्रविधि | क्रियाकलाप १ देखि ३ | ६६८ | ७३६ | ८०८ | ८८९ | ९७८ | ४०७९ | 1.83 | |
| जम्मा | | | ७५०९ | ९६४१ | १००९१ | ९९६६ | ११२२१ | ४८४२८ | २१.७२ | |
| ३. सुशासन तथा व्यस्थापन | | | | | | | | | | क्रियाकलाप |
| ३.१ | संस्थागत क्षमता विकास | क्रियाकलाप १ देखि १५ | २६५८ | २६५८ | २६५८ | २६५८ | २६५८ | १३२९० | 5.96 | |
| ३.२ | शिक्षा योजना | क्रियाकलाप | ८०० | ४०० | ४०० | ४०० | ४०० | २४०० | 1.08 | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यान्वयन प्रवन्ध | १ देखि ५ | | | | | | | | |
| ३.३ | अनुगमन तथा मुल्याङ्कन | क्रियाकलाप १ देखि ९ | ९३० | ९३० | ९३० | ९३० | ९३० | ४६५० | 2.09 | |
| जम्मा | | | ४३८८ | ३९८८ | ३९८८ | ३९८८ | ३९८८ | २०३४० | ९.१२ | |
| जम्मा ( आन्तरिक स्रोत ) | | | ४३९९५ | ४३९९४ | ४४३३३ | ४४७२४ | ४५८८७ | २२२९३३ | १००.०० | १६४ वटा |
| **संघ एवम् प्रदेश सरकार र गैसस ( वाह्य स्रोत )** | | | | | | | | | | ७९.३१ |
| १.विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु | | | | | | | | | | |
| १.१ | प्रारम्भिक बाल विकास शिक्षा | क्रियाकलाप १० देखि ११ | २४३० | २४३० | २४३० | २४३० | २४३० | १२१५० | 1.42 | |
| १.२ | आधारभूत शिक्षा | क्रियाकलाप १० देखि १४ | १९२० | १९७६ | १९७६ | २०३२ | २०३२ | ९९३६ | 1.16 | |
| १.३ | माध्यमिक शिक्षा | क्रियाकलाप १४ देखि १६ | ० | ३२६६ | ३२६६ | ३२६६ | १६३२ | ११४३० | 1.34 | |
| १.४ | पाठ्यक्रम तथा मुल्याङ्कन | क्रियाकलाप २१ देखि २३ | ३०५९ | ३०५९ | ३०५९ | ३०५९ | ३०५९ | १५२९५ | 1.79 | |
| १.५ | शिक्षक व्यवस्थापन तथा विकास | क्रियाकलाप २४ देखि २९ | ११७४३६ | ११७४३६ | ११७४३६ | ११७४३६ | ११७४३६ | ५८७१८० | 68.70 | |
| १.६ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाई | क्रियाकलाप ८ देखि ११ | १७०० | १७०० | १७०० | १७०० | २२०० | ९००० | 1.05 | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १.७ | प्राविधिक तथा व्यवसायिक शिक्षा | क्रियाकलाप ९ देखि १० | ० | २२२० | ५०४० | ३८६० | ५०८० | १६२०० | 1.90 | |
| जम्मा | | | १२६५४५ | १३२०८७ | १३४९०७ | १३३७८३ | १३३८६९ | ६६११९१ | ७७.३६ | |
| २ .अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु | | | | | | | | | | |
| २.१ | शैक्षिक समता र समावेशीकरण | क्रियाकलाप १२ देखि १३ | १२७७ | १२७७ | १२७७ | १२७७ | १२७८ | ६३८६ | 0.75 | |
| २.२ | दिवाखाजा, स्वास्थ्य पोषण कार्यक्रम | क्रियाकलाप १२ देखि १३ | २४४ | २४४ | २४४ | २४४ | २४५ | १२२१ | 0.14 | |
| २.३ | आपतकालिन र संकटकालिन अवस्थामा शिक्षा | क्रियाकलाप १६ देखि १९ | ० | ० | ० | ० | ० | ० | 0 | |
| २.४ | विद्यालय पुर्वाधार विकास | क्रियाकलाप ७ देखि २१ | ३१५० | ३०६०० | २९८१० | ३२८८२ | ३६१७० | १३२६१२ | 15.52 | |
| २.५ | विद्यालयमा सूचना तथा प्रविधि | क्रियाकलाप ४ देखि ६ | ६००० | ६६०० | १०२०० | ९००० | ९००० | ४०८०० | 4.77 | |
| जम्मा | | | १०६७१ | ३८७२१ | ४१५३१ | ४३४०३ | ४६६९३ | १८१०१९ | २१.१८ | |
| ३. सुशासन तथा व्यस्थापन | | | | | | | | | | |
| ३.१ | संस्थागत क्षमता विकास | क्रियाकलाप १६ देखि २० | १०४५ | १०४५ | १०४५ | १०४५ | १०४५ | ५२२५ | 0.61 | |
| ३.२ | शिक्षा योजना | क्रियाकलाप | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | 0.47 | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यान्वयन प्रवन्ध | ६ देखि ९ | | | | | | | | |
| ३.३ | अनुगमन तथा मुल्याङ्कन | क्रियाकलाप १० देखि १२ | ६५० | ६५० | ६५० | ६५० | ६५० | ३२५० | 0.38 | |
| जम्मा | | | २४९५ | २४९५ | २४९५ | २४९५ | २४९५ | १२४७५ | १.५ | |
| जम्मा ( वाह्य स्रोत ) | | | १३९७१ १ | १७३३० ३ | १७८९३ ३ | १७९६८ १ | १८३०५ ७ | ८५४६८५ | 100.00 | ५३ वटा |
| कुल जम्मा (आन्तरिक र वाह्य स्रोत ) | | | १८३७० ६ | २१७२९ ७ | २२३२६ ६ | २२४४० ५ | २२८९४ ४ | १०७७६१ ८ | | २१७ वटा |

# अनुसूची